हिन्दू देवी देवता

हिन्दू देवी देवता

29

२०४०

Tripura oriental research and spiritual society. (TORSS)

लेखक

हरिराम जोशी

प्रथम संस्करण
प्रकाशन संख्या :– ५,००० प्रति
मिति :– श्रावण २०४०

प्रकाशक :– श्री ५ को सरकार,
सञ्चार मन्त्रालय,
सूचना विभाग ।



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव

दुई शब्द

संसारका प्राचीनतम धर्महरूमध्येको हिन्दुधर्म अहिलेसम्मको खोजीमा [illegible] सर्वप्राचीन धर्मको रूपमा लिइन्छ। यसैले आज यसलाई नेपालको राष्ट्रिय धर्मको रूपमा मानिएको छ। जसकोलागि नेपाल आफुलाई गौरवान्वित सम्झन्छ। यस्तो धर्मको सत्यान्वेषणमा मनुष्यमात्रमा कौतुहल जगाउन [illegible] नेपाल एवं नेपालीमात्रको कल्याण हुने हुँदा लामो समयदेखि नेपालको धर्म, संस्कृति तथा इतिहासको अन्वेषण, अनुसन्धानमा संलग्न रहनु भएका श्रीहरिराम जोशीद्वारा लिखित 'हिन्दू देवी देवता' नामक खोजपूर्ण ग्रन्थ हामीले पाठकवृन्द समक्ष प्रस्तुत गरेका छौं। आशा छ यस कृतिको प्रकाशनले हिन्दूधर्मका [illegible] देवताहरूबारे पाठकहरूमा अवश्य पनि केही जानकारी [illegible]

श्रावण २०४०

श्री ५ को सरकार,
सञ्चार मन्त्रालय,
सूचना विभाग।

९०

विषय-सूची

क्रम		पेज
१.	विषय प्रवेश	१ – २
२.	गणेश	३–१७
३.	मातृका	१८–२५
४.	सूर्य	२६–४०
५.	नवग्रह	४१–५२
६.	त्रिविक्रम विष्णु	५३–५९
७.	हनूमान	६०–६४
८.	अर्द्धनारीश्वर	६५–७१
९.	भीमसेन	७२–७४
१०.	विश्वकर्मा	७५–७८
११.	कुवेर	७९–८५
१२.	हरिहर	८६–९१
१३.	यम	९२–१००
१४.	कार्त्तिकेय	१०१–११४

90

विषय प्रवेश

ज्ञात ऐतिहासिक कालदेखि नै नेपालको सर्वप्रमुख धर्मको रूपमा हिन्दुधर्मलाई लिइएको छ। यहांका जनता जनार्दनदेखि लिएर राजाहरू पर्यंतले पनि यो धर्मलाई अंगिकृत गर्दै आइरहेको कुरा यहाँ प्राप्त मूर्ति एवं अभिलेखिक साक्ष्यहरूले पुष्टि गरेका छन् । शिव, गणेश, विष्णु ब्रह्मा, कार्तिकेय, दत्तात्रेय, हनूमान, हरिहर, अर्द्धनारीश्वर, महिषमर्द्दिनी, लक्ष्मी, पार्वती, कुबेर, सूर्य, विश्वकर्मा आदिका मूर्ति एवं आकृतिहरू यहाँ प्रतिष्ठापन गरिएका छन्। लिच्छवि राजा श्रीमानदेवले संवत् ३८६ को चांगु अभिलेखमा भगवान् श्री विष्णुका स्तोत्र उत्कीर्ण गराउनुको साथै संवत् ३८९ मा त्रिविक्रम विष्णु मूर्तिहरूको स्थापना गरेका थिए। नेपालका आराध्य देवताको रूपमा भगवान् श्री पशुपतिनाथ तथा चांगुनारायणलाई लिइएका छन्। महासामन्त श्री अंशुवर्माको संवत् ३२ को हाडिगाउँको अभिलेखमा भगवान् श्री पशुपति तथा श्री दोलाशिखरस्वामीलाई अन्य विभिन्न देवी देवताहरूको अपेक्षा सबैभन्दा बढि रकम प्रदान गरिएको कुरा वर्णित हुनु भ्रौ उत्तरप्राचीनकालीन राजाहरूको प्रशस्तिमा भगवत् पशुपति भट्टारकपादानुगृहीतो भनी उल्लेख भएको पाइएबाट पनि उपर्युक्त तथ्यको पुष्टि भएको लाग्दछ। यहांका अभिलेख-हरूमा अनेकौं देवी देवताहरूका मूर्तिहरूको प्रतिष्ठापन बारेका उल्लेख पाइन्छ । यी कुराहरूको अतिरिक्त यहांका राजाहरूका प्रशस्तिहरू सम्ममा पनि परम-भट्टारक, परमदैवत, परममाहेश्वर, परमेश्वर, बप्पपादानुध्यातः, पशुपति भट्टारक-पादानुगृहीतो आदि जस्ता शब्दहरू प्रयोग गरी राजाहरूलाई देवताका अनुयायी भन्ने जस्ता कुराहरू दर्शाइएका छन् । उत्तरप्राचीनकालीन महाराजाधिराज श्री जयदेवको संवत् १५९ को पशुपतिको अभिलेखमा राजा मानदेवका बराज्यू श्री वृषदेवलाई सुगतशासन पक्षपाती भनिएको छ भने महाराजाधिराज श्री सिंहदेवलाई ने. सं. २४० को अष्टसाहस्रिका प्रज्ञापारमिता ग्रन्थको पुष्पिकामा परम सौगत भनिएको छ । यसरी ती राजा द्वयलाई हिन्दुधर्मको प्रसूत स्वरूप रहेको बौद्धधर्म प्रति आस्थावान् देखाइएको छ । ने. सं. ६४० को पंचरक्षा नामक ग्रन्थको पुष्पिकामा श्री रत्नमल्लको प्रशस्तिस्वरूप "देयधर्म्मोयं प्रवरमहायानयायिनः परमोपासीक महाराजाधिराज परमेश्वर परमभट्टारिका कंसनारायणाऽवतार...." भनी

वर्णन गरिएको छ जसबाट उनी हिन्दू एवं बौद्ध दुवै धर्मका अनुयायी भन्ने बुझिन्छ। यी विभिन्न आधारहरूबाट नेपालमा प्राचीनकालदेखि नै हिन्दुधर्म तथा देवी देवताहरूको महिमा अपरिमित रूपले स्थापित भएको कुराको पत्तो हुन्छ।

उपर्युक्त तथ्यहरूलाई हृदयंगम गरी हिन्दुधर्मका अनेकौं देवताहरूको शृङ्खलामा केही देव देवीहरूको बारेमात्र यहाँ संक्षिप्त रूपले प्रकाश पार्ने प्रयास गरिएको छ। आशा छ, मेरो यस सानो कृतिले नेपाली मात्रमा धर्म प्रति अनुराग जगाई धर्मकोलागि केही गरौं भन्ने भावना जागृत गराउन समर्थ हुने छ। यो सानो पुस्तकको निर्माण लक्ष्य पनि यही नै छ।

गणेश

हिन्दू देवी देवताहरूको शृङ्खलामा गणेशको विशिष्ट स्थान रहेको छ। गणदेवताको पंक्तिमा यी देवतालाई नलिइए तापनि यिनलाई गणपति भनिएबाट यिनको महानताको पत्तो हुन्छ। यिनी गणहरूका मालिक हुँदा गणेश नामले पूजित रहे। केशव र यिनी एउटै भएको कुरा ब्रह्मवैवर्त्त पुराणबाट जानिएर पनि यिनको उपर्युक्त नामको सार्थकता जंचिनुको साथै यिनी ब्रह्म स्वरुप रहेका थिए। ऐतरेय ब्राह्मण १.२१ ले गणपति र ब्रह्मा, ब्रह्मणस्पति अथवा बृहस्पतिको बीच एकता दर्शाएको छ। गणको नेतृत्व क्षात्र शक्तिको बदला विशेष गरी बुद्धिबाटै मात्र गर्न सकिने हुँदा ब्रह्मणस्पतिलाई गणपतिको संज्ञा दिइएको हो। गणपतिलाई बुद्धिको देवताको रुपमा लिइएबाट पनि उपर्युक्त कुरोको पुष्टि हुन्छ। गणेश र कुमार कार्तिकेयमध्ये को बुद्धिमान् भन्ने कुराको जांच गर्दा गणेशले कुमारलाई हराई बुद्धि र सिद्धिसित बिवाह गरेको श्री कुनै पनि कार्यको शुभारम्भ गरिनु भन्दा पहिले गणेशको पूजा आराधना गरिने वर शिवबाट तिनले प्राप्त गरेको कुरा पुराणहरूमा वर्णित छन्। तारकासुरसित युद्धगर्न जांदा गणेशको आराधना गर्न बिर्सेको हुँदा विघ्न स्वरूप शिवका पिनाक धनुको तांडो चुंडेको उपाख्यान स्वस्थानी ग्रन्थमा उल्लेख गरिएबाट पनि उपर्युक्त तर्कको पुष्टि गर्दछ। यी विभिन्न आधार-हरूबाट पनि गणपतिको रुपमा गणेशको विशिष्ट देवताको स्वरूप स्पष्टिन्छ। गणका मालिक हुँदा यिनको सर्वप्रथम पूजा गरिनु उपयुक्त पनि लाग्दछ। किनभने गणनायक हुँदा गणेशको आदर सत्कार सबैभन्दा पहिले गरी तिनको आज्ञानु-सार मात्र अन्य कामहरू गरिनु यथार्थताको सन्निकट भएको बुझिन्छ।

गणेशको गणपति नामको सर्वप्रथम प्रयोग ऋग्वेदमा भएको छ। त्यसको अनन्तर ऐतरेय ब्राह्मणमा पनि गणपति बुद्धिका देवता ब्रह्मणस्पति अर्थात् बृहस्पतिको साथै गणहरूका मालिक इन्द्रको अर्थमा प्रयोग पाइन्छ। तर, पछि गएर गणपति शिव एवं पार्वती पुत्र भई एक स्वतन्त्र देवताको रुपमा पूजिन लागेको थियो जस्तो छान्दोग्योपनिषद् ३.१७ का घोर अंगिरसका चेला ब्राह्मण देवकी पुत्र श्रीकृष्ण महाकाव्यकालमा आई एकजना ग्वालाको पुत्र भई विख्यात देवताको रुपमा

पूजिएको थियो । ती दुवै देवताहरूमा तिनीहरूका आफ्ना मौलिक गुणहरू सन्निहित थिए । ऋग्वेदमा ब्रह्महरूका स्वामी भई बुद्धि र ज्ञानका देवता हुनुको साथै गणहरूका नायक भएका गणपति पछि पनि बुद्धि र सिद्धि शक्ति युक्त भई गणनायक भएको कुरा शिव महापुराण तथा शिवपुराणबाट जानिनुको साथै गणेशका प्रहरण पुस्तक तथा कलम पनि भएको कुरा प्रतिमा शास्त्रीय लक्षणबाट विदित भई उपर्युक्त कुरोको पुष्टि हुन्छ । त्यस्तै छान्दोग्योपनिषद्मा श्री कृष्णको शिक्षा र महाभारतमा श्री कृष्णद्वारा दिइएको भगवद्गीताको उपदेशामृतमा साम्यता पाइएको छ जस-बाट पनि उपर्युक्त कुरोकै समर्थन हुन्छ ।

वैदिक कालपछि पौराणिक कालमा आई गणेशको महत्वको अभिवृद्धि हुन लागेको थियो । पौराणिक साहित्यहरूमा गणेशको उत्पत्ति बारे विभिन्न प्रकारका उपाख्यानहरू वर्णित छन् । ती उपाख्यानहरू अनुसार विघ्नहरूको विनष्टगर्नुको लागि महादेव–पार्वती अथवा पार्वती वा शिवबाटै मात्र गणेशको उद्भृत भएको थियो । लिंग पुराण अनुसार देवताहरूको अनुरोध पूर्तिको लागि शिवको अंशबाट निस्केको एक सुन्दर युवक पार्वतीको गर्भमा प्रविष्ट भई पछि गणेशको जन्म भएको थियो । शिवले तिनलाई विघ्नेश्वर भन्ने नाम राखी दुष्ट जनहरूको उन्नतिमा विघ्न डाली सुजनहरूको सत्कार्यमा सहयोग पुऱ्याउने कार्य सुम्पेका थिए । वराहपुराणले यस बिषयमा भिन्नै उपाख्यान प्रस्तुत गरेको छ । देवताहरूको अनु-रोधमा शिवले आफ्ना आकाशिक अंशबाट एक सुन्दर युवकको सिर्जना गरेका थिए। शिवको यस सिर्जनामा पार्वतीको कुनै हाथ थिएन जसको कारण रुष्ट भएर तिनले त्यस युवकको सुन्दरतालाई डाह गर्नुको साथै तिनलाई लम्बोदर भएर गजमुखयुक्त असुन्दर युवक होस् भनी श्राप दिएकी थिइन् । फलस्वरूप सो युवक गजमुखी भए । शिवले तिनलाई गणेश, विनायक तथा विघ्नराजको संज्ञा दिए । उनी विनायक तथा गणका नायक भए । सफलता तथा असफलता भनेको यिनकै प्रसादमा निर्भर हुने भयो । देवताहरूमाथि तिनको असाधारण प्रभाव स्थापित भई कुनै पनि याज्ञिक आदि कार्यहरूमा तिनको पूजा उपासना अनिवार्य गरियो । कुनै पनि कार्यगर्दा तिनलाई सर्वप्रथम पूजा नगरी गरेको कार्य असफल हुने हुन्छ । गणेशको महत्ता यसबाट पनि प्रकटित हुन्छ कि अन्य सम्प्रदायसित सम्बन्धित अभिलेखहरूको आरम्भ पनि ॐ गणपतये नमः बाट प्रारम्भ गरिएका छन् । मत्स्यपुराण अनुसार गणपतिको आकृतिको निर्माण हात्तिको टाउकोद्वारा गरिएको थियो । स्कन्दपुराणले एक भिन्नै उपाख्यानलाई प्रस्तुत गरेको छ जस अनुसार दुष्टहरूलाई विनष्ट गर्नुको लागि देवताहरूबाट अनुरोध गरिँदा पार्वतीले शिवको सहयोग विनानै चतुर्भुजी गजमुख गणपतिको सृष्टि गरेकी थिइन् । शिवपुराणबाट पनि गणेशको उद्भव

पार्वतीबाटै मात्र भएको जानिन्छ । तर, त्यसमा पार्वतीले तिनको सृष्टि आफ्नो एक नीजि सेवकको रूपमा गरेको कुरा वर्णित छ । पछि महादेवले अज्ञानवश तिनको शीरलाई त्रिशूलद्वारा छुटचाइएको हुँदा सेतो हात्तिको एक शीर ल्याई पुनः त्यसमा जोडेर तिनलाई जीवित गराएका थिए जसरी वीरभद्रले मारिइसकेका दक्षलाई बोकाको टाउको जोडी फेरि बचाई दिएका थिए। बोकाको टाउको भएको दक्ष-प्रजापतिको एक मूर्ति भारतमा प्रतिष्ठापित छ। ब्रह्मवैवर्त्तपुराण अनुसार गणेश र कृष्ण एउटै रहेको छ। पछि शनिद्वारा गणेशको शीर कात्तिएकोले सो शीर उछिट्टिएर गोलोकमा गएको श्री गणेशलाई हात्तिको शीर राखी पुनः बचाएको कुरा उक्त पुराणमा वर्णित छ । सुप्रभेदागम ग्रन्थ अनुसार गणेशको जन्म शिव र पार्वतीले गज श्री गजाको रूप लिई जंगलमा विचरण गर्न लागेको समय भएको हो । पन्ध्रौं शताब्दी ई. को गणपति स्तोत्र नामक ग्रन्थमा वर्णित गणेश स्तोत्रमा गणेशलाई गजराज भनी वर्णन गरिएको पाइएबाट उपर्युक्त समयसम्म उक्त मान्यताको समाजमा प्रचारित रहेको कुराको पुष्टि हुन्छ ।

"नमो गनेश्वराय (sic) प्रथमतशूत्रपातनं (?)। आदौ विधि ।
सर्वपापविनिमुक्तगजराज नमोस्तु ते ॥१४॥ इति गनपतिस्तोत्रं समाप्तं ।"

(हेर्नोस्– C. Bendall: Catalogue of The Buddhist Sanskrit Manuscripts In The University Library, Cambridge, 1883, P.163)
शिवले जंगली प्राणीहरूको रूप लिई विचरण गरेका उपाख्यानहरू पुराणहरूमा वर्णित छन् । शिवले मृग एवं राजहंशको रूप लिई विचरण गरेको उपाख्यान नेपाल महात्म्य र स्वस्थानीमा वर्णित छ । पार्वतीले वृषरूप शिवसित संभोग गरेको कुरा शिवको नन्दिशानुग्रह मूर्तिको उपाख्यानले स्पष्टरूपले इंगित गरेको छ। फेरि तेह्रौं शताब्दी ई. मा जयद्रथले प्राचीन ग्रन्थहरूको आधारमा लेखेको हर चरित्र नामक ग्रन्थमा वर्णित एक अनुश्रुति अनुसार पार्वतीले नुहाई धुवाई गरेको पानी गंगामा प्रवाहित गरिँदा सो पानी गजमुखी मालिनी नामकी देवीले पिएकी हुँदा उनीबाट पांच ओटा हात्तिका शीर भएको चतुर्भुजी बालक जन्मेको श्री पछि गंगाले सो बच्चालाई आफ्नो भनी दाबी गर्दा भगवान् शिवले त्यस बच्चा पार्वती पुत्र भएको कुरो घोषणा गर्नुको साथै त्यस बच्चालाई एक शीर युक्त मात्र गराई विघ्नान्तकको विरुद प्रदान गरेका थिए ।

गणेशको गणपति, एकदन्त, हेरम्ब, लम्बोदर, गुहाग्रज, गजानन आदि अनेकौं नामहरू छन् । ती नामहरूमध्ये केहीका अर्थ विवेचन ब्रह्मवैवर्त्त पुराणले गरेको छ जुन यस प्रकार छन्–गणपति नाममा ग बुद्धिको अर्थमा, ण मोक्षको

अर्थमा श्री पति मालिकको अर्थमा प्रयुक्त छन्। यसरी गणपति शब्दले ज्ञान मुक्तिका प्रदाताको अर्थ बुझाएको स्पष्ट छ। एकदन्तमा एक एउटै परब्रह्मको अर्थमा श्री दन्त बलको अर्थमा प्रयुक्त छ। यसरी एकदन्त शब्दले सर्वशक्तिमान परब्रह्मलाई बुझाएको छ। हेरम्ब नाममा हे निर्बलको अर्थमा श्री रम्बले कुनै किसिमको खराबी हुनुबाट रक्षा गर्ने भन्ने अर्थमा प्रयुक्त भएको छ। यसरी हेरम्ब नामले निर्बलको रक्षक भन्ने अर्थ बुझाउँछ। विष्णु र शिवले दिएका रोटीहरू धेरै खाएकोले पेट ज्यादै फुलेको हुँदा लम्बोदर नाम हुन गएको हो। गजाननका यताउता हल्लिरहने कान भक्तजनका बाधाहरूलाई हटाउनेको प्रतीक रूपमा रही बुद्धिलाई इंगित गर्ने पनि छन्। गुह अर्थात् कार्तिकेय भन्दा पहिले जन्मेको हुँदा तिनलाई गुहाग्रज भनिएको हो। भक्तहरूलाई शुभ कार्यको मार्गमा अग्रसर गराउने हुँदा गणेशको एक नाम विनायक भएको हो भन्ने भविष्यपुराणको कथन छ। वामनपुराणमा विनायक नामको अर्कै किसिमले व्याख्या गरिएको पाइन्छ। सो पुराण अनुसार नायक विना जन्मेको हुँदा तिनलाई विनायक भनिएको हो।

गणेशका विभिन्न नामहरूको अर्थ विवेचनको अतिरिक्त गजाननका आकृतिलाई लिएर पनि अर्थहरू केलाउन सकिन्छ। लामो शूंड तथा ठूला कानहरूले गणका मालिकमा टाढा-टाढा सम्मका कुरोहरू सुंघ्न श्री सुन्न सकिने गुण हुनु अत्यावश्यक छ भन्ने दर्शाएका हुन्। ठूलो कपालले भाग्यमानी श्री चिन्तनशील दिमागयुक्त भन्ने अर्थलाई बुझाउँछ। शरीरलाई नै अमिल्दो हुने गरी दुई श्रोटा साना-साना आँखा-हरू भएकोको हकमा गणका मालिक अर्थात् राजाका मन्त्रीहरू स्वरूप सहस्र नेत्रहरू हुने श्री ती मन्त्रीहरूसितको मन्त्रणा विना गणका मालिकले कुनै कार्य गर्न नहुने विधान हुँदा ठूला-ठूला नेत्रहरूको आवश्यकता नभएको देखिन्छ। कौटिल्य अर्थशास्त्र अधि. १ अ. १५ मा यस कुरोको स्पष्ट झझल्को भेटिन्छ। गजानन गणपतिका वाहन स्वरूप छुचुन्द्रो भएकोको हकमा गणका मालिक छिटो छरितो हुनुको साथै कस्तै स्थानमा पनि प्रवेश गर्न सक्ने हुनुको अतिरिक्त कुनै पनि विघ्नलाई तोडेर आफ्नो पथलाई सुगम गराउन सक्ने भन्ने कुरा दर्शाउने मनशाय राखेको स्पष्ट छ। गणपतिको भित्रको साथै बाहिर देखिने दन्त हुनुले शासकका बाहिरको गतिविधि तिनको भित्री मनशायलाई अभिव्यक्त नगर्ने यथार्थतालाई बोध गराउँछ।

पौराणिक ग्रन्थहरूको साथै महाकाव्य, गृह्यसूत्र तथा याज्ञवल्क्य संहिता आदि ग्रन्थहरूबाट पनि गणेशको बारे धेरै कुरो थाहा पाउन सकिन्छ। महाभारतमा गणपति अथवा गणेश्वरहरू तथा विनायकहरू झुण्डको रूपमा देखिन्छन्, तर गृह्य सूत्रहरूको समय तिनीहरूको संख्या घट्न लागिसकेका थिए। यही नै एकीकरणको पद्धतिले अनेकौं रुद्रहरूलाई एउटै रुद्रमा सम्मिलित गराए जस्तै एउटै गाणपत्य सम्प्र-

दायका विकासमा टेवा पुऱ्याएको थियो । सांच्चै भन्ने हो भने गणेशको उत्पत्ति चार विघ्नकारी विनायकहरू यथा सालकटंकत, कूष्माण्डराजपुत्र, उस्मित तथा देवयजन-बाट भएका छन् । मानवगृह्यसूत्र २,१४ मा विनायकहरूका उपर्युक्त चार नामहरू दिइएका छन् । पछि गएर तिनीहरू चारै ओटा एकाकार अर्थात् संयुक्त भई अम्बिका पुत्र गणपति विनायक भएका थिए । याज्ञवल्क्यस्मृति १.२८५ मा पनि माथि उल्लिखित चार विनायकहरूको वर्णन गरिनुको साथै तिनीहरू सबै उही नै भएको कुरा उल्लेख गरिएका छन् जसले पनि उपर्युक्त तर्कको पुष्टि गरेको लाग्दछ । यसरी मानवगृह्यसूत्रमा गणेश सम्प्रदायको आभास देखिएर पछि उत्तरप्राचीनकालमा आई त्यसको राम्रो प्रस्फुटन भयो । रामकृष्ण गोपाल भण्डारकरले पनि गाणपत्य सम्प्रदायको उत्पत्ति पांचौंदेखि आठौं शताब्दी ई. को बीच कुनै समय भएको कुरालाई स्वीकारेको छ । याज्ञवल्क्यस्मृतिमा गणेशका विभिन्न नामहरूको वर्णन गरिएका छन् जुन माथि उल्लेख भइसकेको छ। याज्ञ-वल्क्य स्मृति १.२७०,२७६, २९३ मा गजमुख बुद्धिका देवतालाई एक विघ्नकारी दानवको रूपमा चित्रित गरिनुको साथै मनुष्यका पूजा उपासनाद्वारा सन्तुष्ट भई मनुष्यका क्रियाकलापमा सहायक बनिने कुरा वर्णित छ। बृहत्संहितामा पनि कष्टदाई गण तथा विनायकहरूको बारे जानकारी पाइन्छ । पछि गएर गणेश एक अलग व्यक्तित्वयुक्त देवताको रूपमा परिणत भई रुद्रगणका नायक भएका थिए। याज्ञवल्क्य स्मृति १.२७१ ले पनि रुद्र तथा ब्रह्माद्वारा विनायकलाई गणहरूका नायक तुल्याई कुनैपनि विघ्नहरूलाई विनष्ट गर्ने शक्ति प्रदान गरिएको कुरा वर्णन गरेको छ । यसरी शिवको साथै तिनका पुत्र पनि दुबैजना गणेशको नामले पूजित रहे ।

साहित्यिक सामग्रीहरूको अतिरिक्त पुरातात्विक आधारबाट पनि गणेशको प्राचीनताको पत्तो हुन्छ । कुषाण सम्राट् हुविष्कको एक प्रकारको मुद्रामा धनुषवाण धारण गरेका मनुष्याकृतिको हिन्दू देवमूर्ति उत्कीर्ण गरिनुको साथै ब्राह्मीलिपिमा गणेश शब्द कुँदिएको छ। सम्भवतः प्रस्तुत मुद्रामा उत्कीर्ण गणेश शब्दले शिवपुत्र गणेशलाई बुझाउनुको बदला स्वयम् शिवलाई बुझाएको अनुमान हुन्छ । शिवको एक नाम गणेश भएको कुरा रामायण छैठौं काण्डको अध्ययनमा स्पष्टतः जानिन्छ ।

"गनेशो लोकशम्भुश्च लोकपालो महाभुज :। महाभागो महाशूली महादंष्ट्री महेश्वर : ॥" रामायण, छैठौं काण्ड । प्रतिमा शास्त्रीय लक्षणमा शिवको एक प्रकारको मूर्तिमा शिवको आयुधस्वरूप धनुषबाण हुने कुरा देखिएबाट पनि उपर्युक्त गणेश अभिलेख शिवको नाम स्वरूप भएको स्पष्ट हुन्छ । शिव-पार्वती पुत्रलाई गणेश भनिनुको साथै स्वयं शिवलाई पनि गणेश, विनायक भनिने कुरा

उपर्युक्त रामायणको साथै अथर्वशिरस उपनिषदको अध्ययनमा स्पष्टतः जानिन्छ।

गणेशलाई सूर्य देवताको रूपमा पनि पूजा गरिन्छ। क्रुकको अनुसार गणेश द्राविडहरूका सूर्य देवता हुन् औ तिनका वाहन मुसा अन्धकार अर्थात् रातको प्रतीक हो जसलाई सूर्यले विनष्ट पार्दछ। रिस्लेले पनि गणेशको वाहन मुसालाई कमसेंकम ओरावन नामक एक द्राविड जातिको चिह्नको रूपमा मानेर यसको प्राचीनतातिर औंल्याएको छ। मुसा गणेशका पिता भगवान शिवका पनि वाहन भएको कुरा तैत्तिरीय संहिता १,८६, वाजसनेयसंहिता ३, ५७,६३, तैत्तिरीय ब्राह्मण १,६,१० तथा ताण्ड्य ब्राह्मण ७,६,१६ मा वर्णित छ। मोनियर विलियम्स गणेश र स्कन्दलाई शुभ-अशुभ कार्यहरूका नियन्त्रक ग्राम देवताहरूको रूपमा मान्छ। कुमारास्वामीले गणेशलाई एक प्रकारको यक्ष मानेको छ। तिनका तुन्दिलले यक्षहरूका विशेषतालाई अंगिकृत गरेको छ। कथा सरित्सागर २२, १६२ मा गणेशका तुन्दिल र सम्पूर्ण समृद्धिलाई समेटेका कुम्भको बीच एक रूपता भएको कुरा वर्णित छ। त्यसै ग्रन्थको २२, ५५ मा सम्पूर्ण इच्छा पूर्ति गर्ने गणेश मूर्तिको बारे पनि उल्लेख पाइन्छ। डा. वासुदेवशरण अग्रवालको अनुसार गणेशका प्रारम्भिक मूर्तिहरू यक्ष रूपमै निर्मित छन्। यक्ष रूपमा गजानन यक्षको प्राचीन अंकन अमरावतीमा देख्न सकिन्छ। त्यस मूर्तिमा गजानन गणेशको सम्पूर्ण शरीर मनुष्याकार छ। तर, गजानन आकृति शूंड र हस्ति दन्तले रहित छन्। विद्वान्हरूको अनुसार सो मूर्ति गणेश मूर्तिको पूर्वरूप हो। श्री लंकाको मिहिनतले स्तूपबाट प्राप्त एक दोस्रो मूर्तिमा गणेशका दुवै पार्श्वमा उपासक रूपमा गणहरूलाई आमूर्तित गरिएका छन्। गणेश शूंड र हस्तिदन्तले युक्त छन्। पर्णम्वतानको अनुसार यस मूर्तिले भविष्यका गणेश मूर्तिहरूको लागि दिशा प्रस्तुत गरेका थिए। बाह्य रूपले हेर्दा यो अनुमान हुन्छ कि गणेशको निरूपणमा कलाकारहरूले यक्ष र नागहरूका भारी भरकम स्वरूपलाई स्वीकारेका थिए। गणेशका केही विशेपताहरू शिवका स्वरूपबाट पनि ग्रहण गरिएका छन्। गेट्टी गणेशको स्वरूपमा शिवका भैरवरूपको प्रभाव प्रतिपादित गरिएको छ।

गुप्तकालको प्रारम्भिक समयदेखि गणेशका मूर्तिहरूको अत्यधिक मात्रामा निर्माण हुन लागेको थियो। त्यस समयका गणेश मूर्तिहरु विशेषगरी तीन प्रकारका मुद्रामा देख्न सकिन्छ–स्थानक अर्थात् उभिरहेको, आसीन अर्थात् बसेको औ नृत्य अर्थात् नाचिरहेको। गणेशका प्राचीनतम मध्येको स्थानक मुद्रामा रहेको एक नग्न मूर्ति मथुरामा पाइएको छ। गणेशको अर्को एक मृण्मय मूर्ति भीतर-गाउँमा पाइएको छ। त्यस मूर्तिमा गजाननलाई उडिराखेको गणको रूपमा अंकित गरिएको छ जसका शूंडले बायांहातका मोदक पात्रलाई स्पर्ष गरिरहेको छ।

प्रतिमाको ठीक बगलमा एक उड्डीयमान मनुष्याकृति छ जसलाई विद्वान्हरूले कार्त्तिकेयको अंकन मानेका छन् ।। उपर्युक्त दुवै मूर्तिहरू अनुमानतः द्वितीय, तृतीय शताब्दी ई. का हुन् । छैठौं शताब्दी ई. का आसीन मुद्रामा रहेका दुई ओटा गणेश मूर्तिहरू भुमरामा पाइएका छन् । ती दुई मूर्तिहरूमध्ये एउटा द्विभुजा औ अर्को चतुर्भुजाका छन् । द्विभुजा गणेश प्रतिमाको विशेषता नाग यज्ञोपवितको बदला घन्ट यज्ञोपवितको प्रदर्शन गरिएकोमा छ । उदयगिरीको गुफा नं. ६ बाट पनि द्विभुजा गणेशको एक आसीन नग्न मूर्ति प्राप्त भएको छ । पहाडपुरमा पनि गणेशका अनेकौं प्राचीन मूर्तिहरू पाइएका छन् । चारौं, पांचौं तथा सातौं, आठौं शताब्दी ई. का गणेशका मूर्तिहरू मध्य प्रदेशस्थित मल्लारमा पाइएका छन् । दक्षिण भारतस्थित वेंगीमा तेस्रो, चौथो शताब्दी ई. को द्विभुज गणेशको एक मूर्ति पाइएको छ । गणेशको पल्लवकालीन एक मूर्तिमा द्विभुज गणेशलाई कमलासीन देखाइएको छ औ परिकरमा अन्य देवी-देवताहरूलाई पनि चित्रित गरिएका छन् । गुंटुर जिल्लास्थित मुड्गुलबाट प्राप्त मूर्तिमा द्विभुज गणेशलाई शिव परिवारसंगै अंकित गरिएको छ । तेङ्कासिस्थित विश्वनाथ स्वामिन् मन्दिरको दशभुज लक्ष्मी गणपतिको शिलामूर्ति पन्ध्रौं शताब्दी ई. को छ । त्यस मूर्तिले चक्र, शंख, शूल, परशु, दन्त तथा पाश समातिराखेको छ । शुंडले कलश समातेको छ । कुम्भकोणमको नागेश्वर-स्वामिन् मन्दिरस्थित उच्छिष्ट गणपतिका चार हात मध्ये तीन हातले परशु, पाश तथा मोदक समातिराखेका छन् औ चारौं हातले देवीलाई अंगालो मारि-राखेको छ । त्यस मूर्तिको शूंडले देवीको गुह्य भागमा स्पर्ष गरिराखेको छ । बायां हातले पुष्प समातिराखेकी देवीका दायां हातले गणेशका गुह्य भागमा स्पर्ष गरि-राखेकी छिन् । नन्जङ्गोडुस्थित उच्छिष्ट गणपतिका हातहरूले अंकुश, पाश, धनुष तथा बाण समातिराखेका छन् । नेगपतमस्थित हेरम्ब गणपतिका कांशको मूर्ति १५ औं शताब्दी ई. को छ । तन्जोर जिल्लास्थित पट्टिश्वरमको शिव मन्दिरका प्रसन्न गणपति बाह्रौं, तेह्रौं शताब्दी ई. को छ । हलेबिडुस्थित होयसलेश्वर मन्दिरको नृत्त गणपति बाह्रौं शताब्दी ई. को छ ।

अनुमानित छैठौं शताब्दी ई. को काठमाडौं यंगालहिटीस्थित मारगण उत्कीर्ण एक शिलामूर्तिमा मारगणको रूपमा कुँदिएको हात्तिको शीर युक्त मनुष्याकृतिलाई गणेशको आकृतिको रूपमा मान्नेहरू पनि छन् । जुन युक्ति युक्त जस्तो लाग्दैन । महाकवि अश्वघोष विरचित बुद्धचरितम् महाकाव्यमा मार भनिने कामदेव एवं तिनका विभिन्न आकृति–सुंगुर, बाघ, भालु, हात्ति आदिका गणहरूले भगवान् बुद्धको तपस्यालाई भंग गराउने उद्देश्य लिई आक्रमण गरेको कुरा वर्णन गरिएको छ । तर, त्यस ग्रन्थमा हात्तिको मुख भएका भनेर उल्लेख गरेर पनि गणेश भनी

कतै उल्लेख गरेको छैन । जसले उक्त हात्तिको आकृति युक्त प्राणी शिव–पार्वती पुत्र गणेश होइन भन्ने कुरा निश्चित छ। फेरि,कामदेवलाई दहन गर्ने शिव हुँदा तिनका पुत्ररत्न स्वरूप भएका गणेश कामदेवकै गणमा भए होलान् भनी मान्न गाह्रो पर्दछ। यसको साथै गणदेवता नभएता पनि गणपति भई गणनायक गणेश मारगणको सदश्य भएको कुरा स्वीकार्य लाग्दैन । यो आधारहरूबाट उपर्युक्त हात्तिको शीर युक्त मनुष्याकृति गणेश नभएको कुरा सिद्ध हुन्छ। सातौं शताब्दी ई. को अभिलेख सहितको गणेशको एक मूर्ति चाङ्गुस्थित छिन्नमस्ता मन्दिर भित्र प्रतिष्ठापन गरिएको पाइएको छ । अनुमानित नवौं शताब्दी ई. को गणेशको एक आसीन मूर्ति ल. पु. कोटलाछेंस्थित छत्रशैलीको मन्दिरमा प्रतिष्ठापित छ । त्यसै समय तिरको अर्को एक गणेश मूर्ति पशुपतिनाथको पश्चिम ढोका समीपस्थ प्रतिष्ठापन गरिएको छ । अनुमानित नवौं शताब्दी ई. को ल. पु. गावहालस्थित एक अभिलेखमा गणदेवको उल्लेख पाइन्छ । यी उदाहरणहरूको साथै शिव परिवारका मूर्तिहरूमा पनि गणेशका आकृतिहरू स्थानक, आसीन तथा नृत्य मुद्राहरूमा उत्कीर्ण गरिएको पाइएका छन् । राजराजेश्वरीघाटस्थित उत्तर-प्राचीनकालीन एक शिव परिवार मूर्तिमा उत्कीर्ण गणहरूको बीच गणेशको आकृति कुँदिएको छ । आठौं, नवौं शताब्दी ई. को एक शिव परिवार मूर्तिमा उमामहेश्वर मूर्तिको तलतिर अन्य विभिन्न नर्तन तथा गायनमा रत गणहरूको बीच आफ्ना वाहन मुसा माथि नृत्य मुद्रामा अवस्थित गणेशको आकृति उत्कीर्ण छ । नेपाल संवत् १०७ तथा १३२ का ल. पु. घायंबु र ल. पु. त्यागल गँचाननीका शिव परिवार मूर्तिहरूमा पनि गणेशका आकृतिहरू कुँदिएका छन्। नेपाल संवत् २९४ मा लिखित पिंगलामतम् नामक हस्तलिखित ग्रन्थको गातामा मूषिक माथि आसीन चतुर्बाहु युक्त गणेशको आकृति चित्रित गरिएको छ। काठमाण्डू ह्मयपिमा अनुमानित १५औं शताब्दी ई. को एक गणेशको मूर्ति प्रतिष्ठापित छ जसका विभिन्न प्रहरणहरूमध्ये एक खड्ग पनि छ । गणेशका मूर्ति स्थापन गरिएको उपलक्ष्यमा राखेका दुईओटा मध्यकालीन अभिलेखहरू नेपालमा पाइएका छन् । ती दुई अभिलेखहरूमध्ये एक ल. पु. चिकंबहिलमा प्रतिष्ठापित छ जुन नेपाल संवत् ५३६ को हो औ जसमा गणेशको स्तुती गरिएको छ । सांगाको गणेशको पादपीठमा नेपाल संवत् ५७३ को अभिलेख उत्कीर्ण छ । ल. पु. मङ्गलबजारस्थित मूछें आगममापनि आसीन मुद्रामा अवस्थित एक गणेशको मूर्ति प्रतिष्ठापित छ जुन नेपाल संवत् ५५८ को छ। त्यस मूर्तिको पादपीठमा उपर्युक्त संवत्को अभिलेख पनि कुँदिएकोछ । मंगलबजारमै अर्को एक नृत्य मुद्रामा रहेको भव्य गणेशको मूर्ति मन्दिर भित्र प्रतिष्ठापित छ जुन अनुमानतः १७ औं शताब्दी ई. को हो।

यद्यपि गणेशको उपासना नेपाल एवं भारतमा अत्यधिक मात्रामा रहेकोछ तापनि यसलाई कुनै एक देशीय परिधिभित्र मात्र सीमित राख्न मिल्दैन । नेपाल एवं भारतीय संस्कृति सांच्चै भन्ने हो भने संसारका सबैभन्दा प्रभावशाली रहेको देखिन्छ । फलतः यसका देवताहरूको पूजोपासनाको प्रचार विश्वका अधिकांश भागहरूमा फैलिएको कुरा गणनायक श्री गणेशको पूजोपासना संसारका विभिन्न भागमा पनि फैलिएको पाइएबाट स्पष्टतः विदित हुन्छ ।

गणेशोपासनाको व्यापक प्रचार विशेषगरी दक्षिण पूर्वी एशिया, मध्येशिया, यूरोप तथा अमेरिका सम्मन् पनि भएको कुरा निम्न उदाहरणहरूबाट थाहा पाउन सकिन्छ ।

मध्येशियास्थित तुनह्वांगको उत्खननमा अरेल स्टाइनले पाएका अनेकौं मूर्तिहरूमा गणेशका मूर्ति पनि एक रहेको छ । त्यस्तै कुंगहिसएन नामक स्थानमा संवत् ५८८ मा बनाइएको एक गणेश मूर्ति प्रतिष्ठापित छ ।

चीनमा पहिले देखि नै बौद्ध धर्मको व्यापक प्रचार हुँदा त्यहाँ पनि गणेशोपासनाको बहुलता रही गणेश मूर्तिहरू अत्यधिक मात्रामा पाइन्छन् । जातक कथाको अनुसार मायादेवीले सपनामा सेतो हाथी देखेको अनन्तर सिद्धार्थको जन्म भएको हुँदा गजमुख गणेशलाई चीनीहरू आफ्ना आराध्य देवता मान्न लागेका थिए । चीनीहरूको अनुसार हाथी बुद्धको प्रतीकस्वरूप छ । चीनमा जस्तै तिब्बतमा पनि गणेशोपासना प्रचलित रहेको छ ।

चीनको अनुरूप जापानमा पनि कांगितेन तथा शोदेन नामले गणेशको पूजोपासना प्रचलित रहेको छ । जापानमा गणेशका पांच विभिन्न रूपहरू पाइन्छन्। कुनै गणेशका हाथमा मुला र लड्डु छन् भने कुनैका हाथमा धनुष तथा खड्ग हुन्छन् । कुनै मूर्तिहरूमा गणेश श्वेत छत्रधारी छन् भने कुनै मूर्तिहरू पुष्पमालाहरूद्वारा सुसज्जित छन् ।

जावामा विशेषगरी गणेशका स्थानक मूर्तिहरू पाइन्छन् । बोर्नियोमा गणेशको एक आसीन मूर्ति प्रतिष्ठापित छ जुन कांस निर्मित छ । कैम्बोडियामा पनि गणेशका विभिन्न रूपका मूर्तिहरू पाइन्छन् ।

थाइलैण्डबासीहरू यद्यपि मूलतः मंगोल परिवारका छन् तापनि तिनीहरूमा आर्य संस्कृतिको व्यापक प्रभाव रहेको छ । यसैले यहाँ गणेशका मूर्तिहरू पनि बहुतायत रूपले पाइन्छन् जुन ज्यादै कलात्मक पनि छन् । थाइलैण्डमा राजाहरूको राज्याभिषेकसम्म पनि वैदिक पद्धति अनुसार गरिन्छ ।

इरानमा गणेशलाई अहुरमज्दा नामले पुकारिन्छ । हिन्दू अनुश्रुति अनुसार गणेश असुर नाशक रहेको छ । इरानमा पनि यिनी खासगरी असुर नाशक देवताको

रूपमा पूजा गरिन्छ। युनानमा गणेशलाई औरेनस नामले उपासना गरिन्छ।

अमेरिकामा पनि हिन्दू देवी–देवताका मूर्तिहरू असंख्य मात्रामा पाइन्छन्। ती हिन्दू मूर्तिहरूमा गणेशको मूर्ति पनि एक रहेको छ। मध्य अमेरिकास्थित मेक्सिकोमा गणेशको मूर्ति प्रतिष्ठापित छ। दक्षिण अमेरिकास्थित ब्राजिलको उत्खननमा गणेशको एक प्राचीनतम मूर्ति पाइएको छ जुन पुरातत्वविद्हरूको अनुसार खिृष्टाब्द भन्दा पूर्वको छ।

उपर्युक्त विभिन्न आधारहरूबाट गणका नायक स्वरूप रहेका श्री गणेशको सार्वदेशिक स्वरूप स्पष्टिन्छ।

प्रतिमा शास्त्रीय ग्रन्थहरूको अनुसार गणेश प्रतिमाका विशेषताहरू मुख्य रूपले निम्न लिखितानुसार छन्। गणेश आकृति विशेषगरी आसीन औ स्थानक मुद्रामा हुन्छन्। पद्म अथवा मुसा अथवा सिंह माथि गणेश बस्ने हुन्छन्। स्थानक गणेश द्विभङ्ग अथवा त्रिभंग मुद्रामा हुनु पर्दछ। स्थानक गणेश समभंग मुद्रामा पनि हुन सकिन्छ। आसीन गणेश मूर्तिका बायां खुट्टा पत्याएर आसनमा राखेको औ दायां खुट्टा पत्याएर बायां जांघमाथि राखेको हुन्छ। गणशका पेट ज्यादै फुलेको हुँदा दुवै खुट्टा एक दोश्रो माथि पत्याएर राख्नुको वदला अधिकांश मूर्तिहरूमा दायां खुट्टा लम्बमान तरीका (vertically) ले आसनमाथि राखेका हुन्छन्। गणेशका शूंड दायां अथवा बायांतिर घुमाइएको हुन्छ। गणेशका शूंड अक्सर बायांतिर घुमाइएको हुन्छ। एकाध मूर्तिहरूमामात्र गणेशको शूंड दायांतिर घुमाइएको हुन्छ। गणेशका अधिकांश मूर्तिहरूमा दुई ओटा आंखा मात्र हुन्छन्। गणेशका कुनै खास स्वरूपहरूमा त्रिनेत्र हुने कुरा आगम ग्रन्थहरूले दर्शाएका छन्। गणेशका विशेषगरी दुई, चार, आठ, दश तथा सोह्र हात सम्म हुने कुरा वर्णित छन्। गणेशको पेट ज्यादै विशाल हुन्छ। छातीमा यज्ञोपवितको रूपमा सर्प राखिएको हुन्छ औ अर्को एक सर्प पेटमा बांधिराखेको हुन्छ।

गणेश मूर्तिका अनेकौं स्वरूपहरू पाइएका छन् जुन मुख्यतया निम्नानुसार छन्-

१) बाल गणपति– अरुणोदयको जस्तो वर्णयुक्त यो गणेश बालकको जस्तो आकृतिका छन्। हात्तिको शीर युक्त यिनका चतुर्बाहुले आंप, केरा, कटहर (Jack fruit) तथा ऊखु समातिराखेका हुन्छन्। यिनका शूंडले कपित्थ समातेको हुन्छ।

२) तरुण गणपति– रक्त वर्णयुक्त तरुणाकृतिका यी गणपतिले पाश, अंकुश, कत्था, जम्बुफल, तिलको बोट (Sesamum) तथा बांसको लठ्ठी समातिराखेको हुन्छ।

३) भक्ति विघ्नेश्वर–शारदी चन्द्रमा जस्तो श्वेत वर्णका यी गणपतिका चार हातले आंप, ऊखुको झुप्पा, पायसको पात्र, नरिवल गोला (Cocoanut) समातेका हुन्छन् ।

४) बीर विघ्नेश– रक्त वर्णका षोडश भुजायुक्त यी गणेशले वेताल, शवत्यायुध, धनुषवाण, तरवार, ढाल, मुद्‌गल, गदा, अंकुश, पाश, शूल, कुन्द, परशु, ध्वज समातिराखेको हुन्छ ।

५) हेरम्ब गणपति– सुवर्ण वर्णका सिंहासीन यी गणेशका गजमुख पांच शीर हुन्छन् । जसमध्ये चारओटा शीरले चार दिशामा हेरिराखेका ओ पांचौं चाहिं तिनीहरुका माथि रही माथितिर हेरिराखेका हुन्छन् । यिनका हातहरुले पाश, दन्त, अक्षमाला, परशु, तीन शीर भएको मुद्‌गल तथा मोदक समातिराखेका हुन्छन् । अरु दुई हातहरु अभय तथा वरद मुद्रामा हुन्छन् ।

६) ध्वज गणपति– भयानक डरलाग्दो आकृतिका यी चतुर्बाहु गणेशले पुस्तक, अक्षमाला, दण्ड तथा कमण्डलु समातिराखेको हुन्छ ।

७) उन्मत्त उच्छिष्ट गणपति–पद्मासनासीन रक्त वर्णका यी गणेशका त्रिनेत्र हुन्छन् । यी गणेश कामुक देखिने हुन्छ । यिनका चतुर्बाहुले पाश, अंकुश, मोदक, पात्र तथा दन्त समातेका हुन्छन् ।

८) विघ्नराज गणपति–मुसा माथि आसीन यी गणेश गाढा रातो सौर वर्णका छन् । यिनले पाश तथा अंकुश समात्नुको साथै आंप खाइराखेको हुन्छ ।

९) भुवनेश गणपति– श्वेतवर्ण, अष्टभुजा यी गणेशले शंख, ऊखु निर्मित धनुष, पुष्प बाण, भांचेको दाह्रा (दांत), पाश, अंकुश तथा बोट सहितका धान समात्ने हुन्छन् । कामदेवका प्रहरण स्वरूप रहेका ऊखु निर्मित धनुष तथा पुष्प बाण धारण गर्ने हुँदा यी गणेशले खास विशेषता राखेको कुरा परिलक्षित हुन्छ ।

१०) हरिद्रा गणपति (रात्रि गणपति)–चतुर्बाहुयुक्त त्रिनेत्रधारी यी गणेश बेसार (हरिद्रा) वर्णका हुनुको साथै पीत वस्त्र लाउने हुन्छन् । यिनका चार हातहरुमा पाश, अंकुश, मोदक तथा दन्त हुन्छन् ।

११) भालचन्द्र गणपति–ब्रह्माण्डपुराण अनुसार श्रापको कारण चन्द्रमाको प्रकाश क्षीण हुन लागेको हुँदा तिनको रक्षाको लागि गणेशले चन्द्रमालाई आफ्नो भालमा तिलकको रूपमा लगाएका थिए । यसैले भालमा चन्द्रयुक्त गणेशलाई भालचन्द्र गणपति भनिन्छ ।

१२) सूर्पकर्न गणपति–ऋषिहरूद्वारा श्राप दिइँदा अग्नि निभ्न लागेको हुँदा करूणावश गणेशले आफ्ना कानले हम्काई निभ्नलागेको अग्निलाई पुन: जीवनदान दिएको हुँदा तिनको उपर्युक्त नाम हुन गएको हो ।

१३) प्रसन्न गणपति–पद्मासनमा स्थानक मुद्रामा रहेका अरूणोदयका सूर्यजस्तो रातो वर्णका यी गणेश सोझो भई सिधा उभिईरहेका अथवा शरीरका केही भागहरू मोडमाड गरी उभिराखेका हुन्छन् । कुनै ग्रन्थमा यो मूर्ति अभंग मुद्रामा अौ कुनैमा समभंग मुद्रामा हुने कुरा वर्णित छन् । यी देवताले रातो पोशाक लगाएका हुन्छन् । चतुर्भुजी यी देवताका एक हातले अंकुश तथा अर्कोले पाश समातिराखेका हुन्छन् । बांकी दुई हात अभय तथा वरद मुद्रामा हुन्छन् अथवा तिनीहरूले दन्त तथा मोदक समातिराखेका हुन्छन् ।

१४) नृत्त गणपति– अष्ट अथवा चतुर्भुजी यी गणेश नृत्त मुद्रामा हुन्छन् । यिनका आठ हात मध्ये सातले पाश, अंकुश, रोटी, कुठार, दन्त, वलय, तथा अंगुलिय समातिराखेका हुन्छन् अौ बांकी एक हात खुला आकाशमा हुन्छन् । सुवर्णवर्णका यी गणेशका बायां खुट्टा केही मोडेर (झुकाई) पद्मासनमा राखेका हुन्छन् अौ दायां खुट्टापनि केही मोडेर हावामा अड्याइएको हुन्छ ।

१५) एकदन्त गणपति–ब्रह्माण्डपुराणमा वर्णित उपाख्यान अनुसार परशुराम द्वारा यी गणेशका बायां दांत भांची दिएको हुँदा यिनी एकदन्त युक्त हुन गएको हो । तर, प्रस्तुत उपाख्यानमा वर्णित वर्णनको विपरित यिनका अधिकांश मूर्तिहरूमा दायां दांत देखिंदैनन् । अग्निपुराण अनुसार गणेशका एक दन्तको उपासना द्वारा ज्वरलाई साम्य पार्न सकिन्छ । ब्रह्माण्डपुराणमा वर्णित उपाख्यानको अनुरूप

अर्को एक अनुश्रुति अनुमार २७ नक्षत्रहरू सहित चन्द्रमाले गणेशलाई गिज्याएको हुँदा गणेशले रिसको झोंकमा आफ्नो एक दांतलाई भाँचर चन्द्रमालाई ताकी हानेका थिए; फलस्वरूप चन्द्रमा विस्तार-विस्तार अंध्यारो हुँदै गए ।

१६) शक्ति गणपति– यस किसमका गणेशको अन्तर्गत लक्ष्मी गणपति, उच्छिष्ट गणपति, महा गणपति, ऊर्ध्व गणपति तथा पिंगल गणपतिहरू पर्दछन्–

(क) लक्ष्मी गणपतिः–अघोर शिवाचार्य लिखित क्रियाक्रमोद्योति ग्रन्थमा यी गणपतिका प्रतिमा लक्षण यसरी दिइएको छः– श्वेत वर्णका यी गणेश अष्ट भुजा युक्त छन् । यिनका हातहरूले सुगा, अनार, पद्म, अंकुश, पाश, कल्पकलता, वाण नामक वोटको कली (अंकुर) तथा लालमणियुक्त सुवर्णकलश समातिराखेका हुन्छन् । यिनका शूंडवाट पानी वगिराखेको हुन्छ । उपर्युक्त ग्रन्थमा वर्णित वर्णनको विपरित मन्त्र-महोदधि ग्रन्थमा यी गणपतिका प्रतिमा लक्षण यसरी दिइएको छ–चतुर्भुज त्रिनेत्रधारी सुवर्ण वर्णका यी गणपतिले चक्र तथा दन्त समातिराखेका हुन्छन् । एक हात अभय मुद्रामा हुन्छ । देवी लक्ष्मीका एक हातले गणेशलाई अंगालो मारिराखेका हुन्छन् औ दोश्रोमा पद्म हुन्छ ।

(ख) उच्छिष्ट गणपतिः–क्रियाक्रमोद्योति ग्रन्थ अनुसार चतुर्भुजा यी गणपतिले कमल, वीणा, अक्षमाला तथा अनार समातेका हुन्छन् ।

मन्त्रमहोदधि ग्रन्थ अनुसार रातो-रातो रंगका यी गणपति पद्मासनमा अवस्थित रही आफ्नी शक्ति स्वरूपा नग्न देवीसित कामुत्सुक ढांचामा बसेका हुन्छन् ।

उत्तरकामिकागम ग्रन्थले यी गणपतिको बारे विस्तृत रूपमा वर्णन गरेकोछ। प्रस्तुत ग्रन्थ अनुसार त्रिनेत्रधारी कृष्ण वर्णका चतुर्बाहु यी गणेश आसीन मुद्रामा हुन्छन् । यिनका शीरमा रत्नमुकुट पहिरेको हुन्छ। यिनका हात-हरूले पाश, अंकुश तथा ऊखु समातिराखेका हुन्छन् औ बांकी एक हातले काखमा बसेकी नग्न देवीको गुह्य भागमा स्पर्ष गरिराखेको हुन्छ । काखमा बसेकी विघ्नेश्वरी

नामकी द्विभुजायुक्त ती देवी सबै किसिमका गहनाहरू लाएकी हुन्छिन् । ग्रन्थहरूमा वर्णित वर्णन श्रो खास मूर्तिहरूमा देखिएका उच्छिष्ट गणपतिका आकृतिहरूमा यथेष्ट मात्रामा भिन्नताहरू पाइएका छन् । तर, विशेषगरी प्रस्तुत गणेशका मूर्तिहरूमा एकजना नग्न देवी तिनको काखमा अवश्य हुनु पर्दछ । गणेशका हातहरूले पाश, अंकुश तथा लड्डु समातिराखेका हुन्छन् श्रो बांकी एक हातले काखमा बसेकी देवीको चाकनिर अंगालो मारेको हुन्छ। सम्भवत: गणेशका हातको वदला शूंडले देवीको गुह्य भागमा स्पर्ष गर्ने हुन्छन् । काखमा बसेकी देवी पनि एक हातले पद्म पुष्प समाती दोश्रोले गणेशको गुह्य भागमा छोडराखेकी हुन्छिन् ।

(ग) महागणपति:–रातो वर्णका यी गणपतिका दश हातहरू हुन्छन् जसले पद्म, पुष्प, अनार, रत्नादि जडित कलश, गदा, भांचेको दन्त, ऊखु, धानको बोट तथा पाशहरू धारण गरेका छन् । यिनका काखमा बसेकी देवी श्वेत वर्णका छन् श्रो तिनले कमल समातेको हुन्छ ।

(घ) ऊर्ध्व गणपति:– सुवर्ण वर्णका षडभुजा यी गणपतिका पांच हातहरूले कलहार पुष्प, धानको बोट, ऊखु निर्मित धनु, वाण तथा दन्त समातिराखेका हुन्छन् श्रो बांकी एक हात आपनी शक्तिको चाकनिर स्पर्ष गरिराखेको हुन्छ । देवी बिजुलीको जस्तो वर्णकी छिन् ।

(ङ) पिंगल गणपति:–षडभुजा यी गणपतिले आंप, कल्पवृक्षका फलको झुप्पा, ऊखु, तिलको बोट, मोदक तथा परशु समातिराखेको हुन्छ । यिनको नजीक लक्ष्मी बस्तछिन् ।

विघ्नेश्वर प्रतिष्ठा विधि ग्रन्थ अनुसार अस्ताउन लागेको सूर्यको जस्तो रातो वर्णयुक्त डरलाग्दो आकृतिका शक्ति गणपति हरित वर्णका शक्ति संगै पद्मासनमा अवस्थित हुन्छन् । गणेशले शक्तिको कम्मरमा अंगालो मारिराखेको हुन्छ। तर, गणेश र शक्तिका चाकहरू एक दोश्रोसित स्पर्ष गरेका हुँदैनन्। गणेशले पाश तथा वज्र समातेको हुन्छ । मन्त्रमहार्णव ग्रन्थ अनुसार शक्ति गणेशले दन्त, अंकुश, पाश, अक्षमाला समातिराखेको हुन्छ श्रो शूंडले मोदक समातेको हुन्छ । गणेशको संगै गहनाहरू लाएकी देवी बस्तछिन् । देवीले सुन जडेको लुगा लगाएको हुन्छ ।

वृहत्संहिता ग्रन्थ अनुसार गजमुख प्रलम्ब जठर श्रौ एक दन्तयुक्त गणेश हाथमा फरशा, मूलक कंद तथा नीलदलकंद धारण गर्दछन् :

प्रमथाधिपो गजमुखः प्रलम्वजठर : कुठारधारी स्यात् ।
एकविपाणो विभ्रन्मूलककन्दं सुनीलदलकन्दम् ।।५८।।

—बृहत्संहिता, अध्याय ५८

उपर्युक्त विभिन्न वर्णनहरूवाट गणपतिको आराधनाको प्रारूप वैदिककाल देखिनै भइसकेको कुरा सिद्ध हुन्छ । तर, गणपतिको पूजा उपासनाको व्यापक प्रचार गुप्तकाल अर्थात् उत्तरप्राचीनकालदेखि भएको थियो । पद्मपुराणमा गाणपत्य सहित पंच सम्प्रदायको वर्णन गरिएवाट उक्त कुरोको पुष्टि हुन्छ । पंच सम्प्रदायको पूजा, उपासना अद्यापि यहां प्रचलित नै छ । नेपाल संवत् ८१४ को चांगुको अभिलेखमा पंच सम्प्रदायको उल्लेख पाइएको छ । यसको अतिरिक्त कुनै पनि याज्ञिक आदि कार्यहरू गरिनु भन्दा पहिले गणेशको पूजा गरिनुपर्ने विधान छ । यी आधारहरूवाट गणेशको पूजा उपासनाको वहुलता स्पष्टिन्छ । नेपालमा चार गणेश यथा अशोकविनायक, चन्द्रविनायक, सूर्यविनायक र जलविनायक-हरूको पनि उपासना गरिने कुरा स्मरणीय छ । अनि गणेश विभिन्न धार्मिक सम्प्रदायहरूको वीच एकताको प्रतिमूर्ति रही राष्ट्रिय सांस्कृतिक एकताको प्रतीक छ ।

मातृका

विर्सेर पनि नविर्सिने कुनै कुरो संसारमा छ भने त्यो हो माता यो पृथ्वीलाई सर्वप्रथम चिनाउने, विश्व ब्रह्माण्डको ज्ञान दिने, ब्रह्मको साक्षात् प्रतिमूर्ति वनी त्यसको दिग्दर्शन गराउने आफ्ना सन्ततिलाई, चाहे त्यो देवलोकको होस् चाहे मर्त्यलोकको । देवराज इन्द्रलाई ब्रह्मको पहिलो चिनारी नै उमा हैमवतीबाट भएको थियो। "न तत्र चक्षुर्गच्छति न वाग्गच्छति ना मनः। न विद्मो न विजानीमो यथैतदनुशिष्या दन्यदेव तद्विदिता दथो अविदितादधि ॥१–३॥ यच्चक्षुषा न पश्यति येन चक्षूंषि पश्यति तदेव ब्रह्मत्वं विद्धिनेदं यदिदमुपासते ॥१–६॥"[1] सभ्यताको प्रथम मुहूर्तमै उषाको दिव्यालोकमा ऋषिहरूले सुन्दर रचना रचेका थिए खालि यहींकै हैन विश्व साहित्यकै निधि स्वरूप । हिन्दुहरूको प्राचीनतम ग्रन्थ ऋग्वेदमा वर्णित उषा सूक्त आजसम्म पनि विश्व काव्य-जगतको अनुपम कृतिहरूमा मानिएको छ । त्यस्तै गायत्री सूक्त रहेको छ । यसरी विशेषतः यीनै कारणहरू रहेकाछन् जसले अलौकिक तत्वको वाद सर्वप्रथम आमालाई नै देववत् पूजिने यथार्थताको घोषणा औपनिषदिक ऋषिहरूद्वारा गराएका थिए एक शाश्वत सत्य स्वरूप । "देवपितृकार्याभ्यां न प्रमदितव्यम् । मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव। अतिथिदेवो भव ।"[2] तरुणको प्राप्तिमा तरुणीलाई श्रो तरुणीको प्राप्तिमा तरुणलाई केही क्षण अवश्य आफ्नै आमा पनि विर्सन सक्तछ । तर, तिनी अन्ततः आमा, आमा मै चीर शान्तिमा लीन हुने यथार्थतालाई आज कसैले इन्कार गर्न सक्तैन । कारण यो ध्रुव सत्य छ । सत्य एउटै छ, त्यो दुई हुन सक्तैन । "इन्द्रं मित्रं वरूणम् अग्निम् आहुर् अथो दिव्य : स सुपर्णो गरुत्मान् । एकं सद् विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानम्, आहुः ॥[3]" यसैले त्यो विर्सेर पनि नविर्सिने छ । आमाको माया आफ्नो सन्ततिमाथि सधैंको लागि अवस्थित छ चाहे त्यो तिनीमाथि कस्तै दुःखदायी बनोस् अज्ञानवश। "कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति।"[4]

आमाको देववत् पूजा कहिलेदेखि शुरू भयो भन्ने विषयमा अहिलेसम्मन् निश्चित रूपले भन्न सकिएको छैन। ज्ञात पुरातात्विक आधारमा २००० ई.पू. देखि मातृपूजा देखिन लागेको तथ्य सैन्धव सभ्यताको पत्तोपछि प्रकाशमा आएको छ। सैन्धव उत्खननमा प्राप्त मुहर (Seal) मा उत्कीर्ण गरिएको देवीको आकृतिलाई

विद्वान्हरूले मातृदेवीको रूपमा मानेका छन्।[५] यसको अनन्तर मातृदेवीको आराधना ऋग्वैदिक समयमा भएको पाउँछौं। ऋग्वैदको उषा सूक्त, गायत्री सूक्त एवं नदी सूक्त यसको लागि मिसाल स्वरूप लिन सकिन्छ। यसको अलावा ऋग्वेदमा अलौकिक देवीलाई माताको रूपमा सर्वप्रथम मान्यता प्रदान गरिनुको साथै पौराणिक दुर्गाको झझल्को प्रथमतः यसमै दृष्टिगत हुन्छ। "उच्छन्ती या कृणोपि मंहना महि प्रख्यै देवि स्वर् दृशे। तस्यास्ते रत्नभाज ईमहे वयं स्याम मातुर् न सूनवः॥"[६] "इयं या नीच्यर्किणी रूपा रोहिण्या कृता। चित्रेव प्रत्यदर्शायत्य १ तर दशसु वाहुपु॥"[७] तर, यहां यस तथ्यलाई पनि विर्सनु छैन कि ऋग्वैदिक समयदेखि नै मातृकाहरूको अनेकता देखिन लागेको थियो। "अन्या वत्सं भरति क्षेति माता।"[८] कथनमा दुई माताको अस्तित्व जानिनुको अलावा विभिन्न मातृकाहरूको नामकरण आमाको वास्तविक रूपले विभिन्न कार्यको अनुरूप नै रहेको विदित हुन्छ। कुमारलाई षण्मातुरः[९] को संज्ञा दिइनुको अलावा मार्कण्डेयपुराणमा वर्णित विभिन्न मातृकाहरूको उत्पत्तिको गहिरो अध्ययनमा पनि सोही आशय स्पष्ट रूपले झल्किन्छ। "एकैवाहं जगत्यत्र द्वितीयाका ममापरा। पश्यैता दुष्ट मय्येव विशन्त्यो मद्विभूतयः॥५॥ ततः समस्तास्ता देव्यो ब्रह्माणीप्रमुखा लयम्। तस्या देव्यास्तनौ जग्मुरेकैवासीत्तदाम्बिका॥६॥ अहं विभूत्या बहुभिरिह रूपैर्यदास्थिता। तत्संहृतं मयैकैव तिष्ठाम्याजौ स्थिरोभव॥८॥"[१०] मातृदेवीको महत्ता वैदिक समय यहाँ यथेष्ट मात्रामा रहेको तथ्यको पत्तो केनोपनिषदमा उमा हैमवतीले इन्द्रादि देवताहरूलाई ब्रह्मको यथार्थ ज्ञान दिएकोबाट हुन्छ। आमा बनिसकेकी पांच नारीहरूको उल्लेखमा हिजो आज पश्चिमा सभ्यतामा देखिन लागेका अविवाहित माताहरूको अस्तित्व सर्वप्रथम पूर्वियाकाशमै भएको जानिनुको साथै पंच मातृकातिर पनि निर्दिष्ट हुन्छ।" अहल्या द्रौपदी तारा कुन्ती मन्दोदरी तथा। पंचकं ना स्मरेन्नित्यं महापातक नाशनम्॥"

पुरातात्विक आधारमा सैन्धव सभ्यताको बाद तृतीय शदी ई.को नागार्जुनकोण्डा अभिलेख, विक्रम संवत् ४८० को गंगधर शिलाभिलेख तथा गुप्तकालीन विहार पाषाण स्तम्भलेख आदि आदिमा मातृकाको उल्लेख सर्वप्रथम आएको छ। "पंणगाम–वथवानं दीघ–मझिम-पंद–म(I) तुक-देस (क-वा) चकानं अ (च) रयान अयिर-हघान अंतेवासिकेन दीघ-म(झिम)–निगय-धरेन भदंतानं-देन निठपित (˙) इम (˙) नवकम (˙) महाचेतियं खंभा च ठपिता ति (।) रञो सरिविरिपुरिसदतस संव ६ वा प ६ दिव १० (॥)"
"मातृणांञ्च (प्रमु) दित-घनात्यर्थ-निह्लादिनीनाम्।" "स्कन्द–प्रधानैर्भुवि मातृभिश्च लोकान्स सुप्य (?)-- (॥) ९।"[११] नागार्जुनकोण्डा अभिलेखमा

पंच मातृकाको रूपमा पांच बौद्ध निकाय ग्रन्थहरूलाई लिइएको छ। बौद्ध ग्रन्थ सुत्तपीटकका पांच निकायहरूका नाम निम्न छन्– दीघ-निकाय, मज्झिम-निकाय, संयुत्त–निकाय, अङ्गुत्तर–निकाय, खुद्दक–निकाय। तर नेपालको पुरातात्विक इतिहासमा द्वितीय, तृतीय शताब्दी ई. देखी नै मातृकाहरूको अस्तित्व देखिन लागेको थियो। कीर्तिपुर वल्खु, कीर्तिपुर गणेश मन्दिर, ललितपुर वगलामुखी, ललितपुर सुवाहाहिटी, देवपाटनस्थित भगवती मन्दिर, कमलाती गणेश आदि स्थानमा सप्त, अष्ट मातृकाका मूर्तिहरू उपर्युक्त शताब्दी ई- देखिकै प्रतिष्ठापित छन्। ल.पु. शंख-मूल सिकवहीको अभिलेखमा मातृकाको उल्लेख भेट्टिएको छ। "देःयो मातरस्ता: शैल्य (:) कारिता इति संवद्वर्षशत ४९५।"[१२] मातृकाहरूको संख्या साधारणत: सात या आठ रहेको तथ्यको बढ्ता प्रचार रहेको छ। यहाँ पनि उमामहेश्वरका मूर्ति समेत पाषाण देवताहरू आठवता भएको हुँदा पुरातात्विक आधारमा अष्टमातृकाको प्रचार यस समयदेखि नै यहां भैसकेको विदित हुन्छ। भारतको एलोरागुहामा पनि ८ औं शताब्दी ई. का सप्त मातृकाका मूर्तिहरू रहेका छन् जसले तत्समय भारतमा सप्तमातृकाको प्रचार रहेको जानिन्छ।[१३] मातृका शब्दको स्पष्ट उल्लेख नभएता पनि संवत् ३८६ को चांगु अभिलेखमा वसुमती, लक्ष्मी आदि देवीहरूको नाम व्यवहृत गरिएको देखिनुको अतिरिक्त पूर्व १ नंवर पलाञ्चोकमा देवी विजय श्री को संस्थापन संवत् ४२५ मै भैसकेको तत्समयको शिलाभिलेखको प्राप्तिले थाहा दिएको छ। नेपालमा प्राप्त मातृदेवीसित सम्वन्धित मूर्तिहरूमा ल. पु. च्यासलटोलस्थित गहिरीधाराको दोश्रो शताब्दी ई.को गजलक्ष्मीको मूर्ति सबैभन्दा प्राचीन मानिन्छ। हाडिगाउँमा पनि उक्त शताब्दी ई. कै श्री लक्ष्मीको मूर्ति पाइएको छ। ल. पु. हौगवाहास्थित मातृदेवीको मूर्ति, हाडिगाउँ कोटाल टोलको मातृदेवी, मालिगाउँको मातृदेवी, वालाजुको हारिती, हाडिगाउँको मातृका, विशाल नगर टुनालदेवीको मातृदेवी, हाडिगाउँको महिषमर्द्दिनी दुर्गा, ल. पु. भिन्छे-बहालको मातृदेवी, काठमाडौं महावौद्धको वाराही, चावहिल गणेश मन्दिरको मातृका, ल.पु. चपटोलको हारिती आदिका मूर्तिहरू अनुमानत: दोस्रो-तेस्रो शताब्दी ई., दोस्रो-तेस्रो शताब्दी ई., तेस्रो शताब्दी ई., दोस्रो-तेस्रो शताब्दी ई., तेस्रो शताब्दी ई., तेस्रो-चौथो शताब्दी ई., तेस्रो शताब्दी ई., चारौं–पाँचौं शताब्दी ई., पाँचौं शताब्दी ई., छैठौं शताब्दी ई., तथा सातौं-आठौं शताब्दी ई. का मानिन्छन्। पूर्व १ नं. नालास्थित छत्रशैलीमा निर्मित प्रख्यात चारतल्ले मन्दिरको भगवती अनुमानत: छैठौं शताब्दी ई. को रहेको छ। भ. पु. चित्र संग्रहालयको सरस्वती, नालाग्रामस्थित भगवती मन्दिरको अगाडि गैह्रीधाराको सिरानमा राखेको पार्वतीको मूर्ति क्रमैले सातौं र आठौं शताब्दी ई. का छन्। यी मूर्तिहरूको प्राप्तिले

यहाँ मातृदेवीको पूजाको प्राचीनता स्पष्टतः जानिन्छ। यसको अतिरिक्त तीनधारा पाकशालाबाट लगेर काठमाण्डू नाचघरभित्र राखेको अनुमानित तेस्रो शताब्दी ई. को चतुर्व्यूह मूर्तिमा तीनतिर ब्रह्मा, विष्णु, महेशका भिन्नाभिन्नै उभिराखेका मूर्तिहरू राखेर बाँकी एकातिर गौरी मूर्ती कुँदिएको छ। प्रस्तुत चतुर्व्यूह मूर्तिमा ॐ स्वरूप त्र्यक्षर (त्रिमूर्ति)को साथ गौरी मूर्ति कुँदिएकोले आद्याशक्ति अर्थात् प्रकृति विना शक्तिमान (पुरुष) शक्ति सून्य हुने कुरालाई स्पष्टतः दर्शाएको छ। यस समय स्त्रीहरू पुरुषहरू सरह विद्याध्ययनको साथै सार्वजनिक कार्यहरूमा पनि भाग लिने तथ्यको पत्तो तत्कालीन संवत् ४२७ को पशुपति सूर्यघाटको अभिलेख औ संवत् ३६६, संवत् ४१३ का लाजिम्पाट धोबीचौर तथा टुकुचा-वारीस्थित शिलाभिलेखहरूको अलावा चावहिल, ल. पु. चप आदिका शिलालेख-हरूबाट जानएर पनि उक्त तथ्यको पुष्टि नै हुन्छ। तर यो निश्चित छ कि यस समय समाजमा स्त्रीहरूको दशा खस्किन लागेको यथार्थता चावहिल शिलालेखको "विचित्रं देयधर्म्मम्मे कारयित्वेह यच्छुमम् स्त्रीभावं हि विराग्याहं पुरुषत्वमवाप्य च॥"[१४] वर्णनमा स्पष्ट दृष्टिगत हुन्छ।

नवौं शदी ई. देखि माताको महत्व अझ बढि समाजमा बढ्न लागेको थियो। साल लेख्ता समेत माता शब्द प्रयुक्त गरिन लागेको तथ्य "ॐ संवत् माता" अंकित ल. पु. मंगलबजार गैह्लीआरास्थित जलद्रोणीको अभिलेखबाट जानिन्छ।[१५] यस समयको मातृका देवीका अनेकन मूर्तिहरूको प्राप्तिले पनि उक्त तथ्यकै प्रामाणिकतालाई चरितार्थ गर्दछ। अनुमानित नवौं शताब्दी ई. को शोभाभगवती, नक्सालभगवती, काठमाण्डू पुलीस क्लबमा राखिएको पार्वती र ब्रह्मचारी शिव, हाडिगाउँस्थित सरस्वती, काठमाडौं भोटेबहा हिटी तथा कमलाती गणेशको पार्वती, तथा १०औं, ११ औं शदी ई. तिरका ल. पु. कुम्भेश्वर धार्यबु, त्यागल गंचाननी, बुंगमती, हरसिद्धि, वाडेगाऊँ आदि स्थानमा अवस्थित विभिन्न उमामहेश्वरका मूर्तिहरू अझै उक्त तथ्यको यकीनन् जानकारीको साक्षी स्वरूप रहेका छन्। यसरी मातृकाको पूजा क्रमशः यहाँ बढ्दै जान लागेको स्पष्ट देखिन्छ।

माथि उल्लेख भए अनुसार अष्ट मातृकाको प्रचार छैठौं शदी ई. देखिनै यहां देखिन लागे तापनि पुरातात्विक आधारमा मातृगणको रूपमा सर्वप्रथम उल्लेख ने. सं. ५३३ को पशुपतिस्थित महाराजाधिराज श्री जोतिमल्लदेवको अभिलेखबाट थाहा हुन्छ। "श्रीश्रीरघुवंशावतंश महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीमत् श्रीश्रीजयजोतिमल्लदेवेन लक्षाहुतिर्महायज्ञपूजाभिर्गण-गुरुमातृगणदेवता समाराधायित्वा श्रीदेवपट्टनमहास्थाने श्रीश्रीपशुपतिभट्टारकस्य महाप्रासादोपरि सुवर्णकलशावरोहण प्रतिष्ठा कृता॥"[१६] खैर, मातृगण शब्दको

पौराणिक उल्लेख पनि भेट्टिएको छ जुन श्रीमार्कण्डेय पुराणान्तर्गत देवीमहात्म्य आठवां अध्यायमा रहेको छ। "इति मातृगणं क्रुद्धं मर्दयन्तं महासुरान्। दृष्ट्वाभ्यु-पायैर्विविधैर्नेशुर्देवारिसैनिका ॥३९॥" मातृकाहरूको वर्णन गरिएको अर्को अभिलेख महाराजाधिराज श्री जोतिमल्लदेवका दाज्यू महाराज श्रीधर्ममल्लको पशुपति राजराजेश्वरी घाटस्थित अष्टमातृकागणको मन्दिर समीपस्थ राखिएको छ। यस समयको एक सुन्दर गणेश एवं ६ शिर भएको कुमारलाई काखमा राखेकी गौरी मूर्ति पूर्व १ नम्बर धुलिखेलमा रहेको छ। अष्टमातृका शब्द व्यवहृत गरिएको छ तापनि अष्टमातृकागण १३ वटा सम्मन् पुगेको यहांका मातृकाका मूर्तिहरूको संख्यावाट विदित हुन्छ। खोकनास्थित श्रीकाली मन्दिरको अष्टमातृकागण १३ रहेको छ। त्यस्तै ल. पु. ज्याथवहाल भित्र पस्ता दायांतिर भित्तामा जडेको १८ औं शदी ई. तिरको अष्टमातृकागणको शिर मात्र उत्कीर्ण गरिएका मूर्तिहरू १३ संख्यामा रहेका छन्। यसको अतिरक्ति नेपालवासीहरूको भोजमा पात बनाउँदा वीचमा ३ वटा राखी चारैतिर घेरामा अष्टमातृकाका प्रतीक स्वरूप १३ पात गांस्ने चलन देखिनुको साथै भोजका परिकारहरूमा पनि अष्टमातृकाको प्रतीक स्वरूप विभिन्न परिकारहरू निश्चित स्थानहरूमा राख्ने चलन अद्यापि देख्न सकिन्छ। फेरि मध्यकालदेखि प्रचलित हुँदै आएको गं प्याखं नामक मातृकाको नाचमा पनि मातृकागणहरूको संख्या १३ नै देखिन्छ। यसको अलावा यस भौतिक देहलाई अष्टमातृकाले सुरक्षित तुल्याइएको प्रतीक स्वरूप स्त्रीहरूको चोलो औ पुरुषहरूको दौरामा बांध्ने तुनाको संख्या ८ राखिएको छ। मध्यकालको शुरुदेखि नै सम्पूर्ण-देशलाई कुनै पनि वाह्य खतराबाट सुरक्षित तुल्याइनुको अर्थ देशको चतुर्दिशामै अष्टमातृकाहरू प्रतिष्ठापित गरिन लागको देखिन्छ। ल. पु. शहरको चारैतिर यसरी मातृकाहरू छरिएर रहेका छन्–(१) ब्रह्माणी–सानेपा (२) रुद्राणी–खोकना (३) महालक्ष्मी-लगंखेल (४) कौमारी-बालकुमारी (५) चामुण्डा-सिकबहिल (६) वाराही–धंतली (७) वैष्णवी-यपा (८) इन्द्रायणी-भाजंगाल"। प्रतापमल्लकालीन नेपालमाता उत्कीर्ण गरिएको अष्टमातृकाको सुन्दर मूर्ति श्री बालकृष्ण समज्यूको संग्रहमा राखिएको छ। नेपालमा उत्कीर्ण गरिएको प्रस्तुत मूर्तिको प्राप्तिले उत्तरप्राचीनकालदेखि अविच्छिन्न तवरले स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रूपमा रहँदै आएको यो नेपालले मध्यकालमा पनि आफ्नो अस्तित्वलाई दिगो पारी राख्न समर्थ भएको तथ्यलाई यकीनन् थाहा दिएको छ। अर्को, अभिलेखहरूमा सर्वप्रथम यही मूर्तिमै नेपालमाता उत्कीर्ण गरिएको पाइएको छ। यसरी यहां जीवनको प्रत्येक क्षेत्रमा मातृकाको व्यापक प्रभाव प्राचीनकाल (पुरातात्विक आधारमा उत्तरप्राचीनकाल) देखिनै कायमभै

यसले विस्तृत रूपले प्रस्फुटन पाएको स्पष्ट देखिन्छ । यस समय विभिन्न कालीहरू यथा दक्षिणकाली, भद्रकाली, रक्तकाली, गुह्यकाली, श्वेतकाली, गोरखकाली आदिहरूको पनि प्रचार रहेको थियो ।

मातृकाहरूको प्रकार ग्रो तिनीहरूको संख्यामा पनि विभिन्नता देखिएका छन् । ऋग्वेदमा दुई माताको अस्तित्वको स्पष्ट प्रतिविम्वन भएदेखि यसको प्रकार तथा संख्यामा वृद्धि हुन लागेको देखिन्छ । मातृकाहरूको संख्या ५० सम्म पुगेको अहिले तकको अन्वेषणको सन्दर्भमा देखिएको छ । (१) दुई माता (२) पंचमाता (३) सप्तमातृका (४) अष्टमातृका (५) जीवमातृका (६) सप्तद्वारमातृका (७) दस तोरण मातृका (८) गोमय मातृका (९) ग्रह मातृका (१०) षोडश मातृका (११) पञ्चाशतमातृका।" उक्त अनेकन मातृकाहरूको अतिरिक्त एक भिन्नै मातृकाको पनि उल्लेख तन्त्र-चुडामणि नामक ग्रन्थको पीठ निर्णय खण्डमा आएको छ जसलाई विश्वमातृकाको संज्ञा दिइएको छ । "चिबुके भ्रामरी देवी विकृताक्षो जलेस्थले । गण्डो गोदावरी तीरे विश्वेशीविश्वमातृका ॥४५॥"[१४] यी विभिन्न मातृकाहरूको अध्ययनमा एक कुरो यो स्पष्ट हुन्छ कि तिनीहरू विशेषत: अलौकिक एवं लौकिक दुई प्रकारका छन् । अलौकिक मातृकाहरूको अलावा लौकिक मातृकाहरू पनि रहेको तथ्य निम्न आधारहरूद्वारा लिन सकिन्छ । "कुमारी धनदा नंदा विमला मंगला बला । पद्मा चेति च विख्याताः सप्तैता जीवमातृकाः ।" "अहल्या द्रौपदी तारा कुन्ती मंदोदरी तथा । पंचकं ना स्मरेन्नित्यं महापातक नाशनं ॥" यसले यहां कुमारी, गणेशको रूपमा ज्यूंदा देव–देवीहरूको पूजा प्रचलन भएकोतिर निर्दिष्ट गरेको छ त पंच मातृकाले मातृत्वको आदर्शलाई प्रेरणास्वरुप स्त्रीमात्रलाई प्रदान गरेको छ । अर्को, यसले माता भौतिकको साथै आध्यात्मिक जगतकी पनि वास्तविक रूपले जननी रहेको यथार्थतालाई स्पष्ट पारेको छ, यो नांगो पृथ्वीलाई चिनाउनुको अलावा ब्रह्मको साक्षात्कार गराउने पनि । यसरी नेपाली संस्कृतिमा अलौकिकको साथै लौकिक सत्यको पनि उचित परिपालन भएको देखिएको छ । अलौकिकताको गहिराईमा डुबुल्की मार्दा लौकिक सत्यलाई बिर्सन नसकिने स्पष्ट छ ।

टिप्पणी

१. हेर्नुस्–केनोपनिषद
२. हेर्नुस्–तैत्तिरीयोपनिषद
३. हेर्नुस्–ऋ. १।१६४।४६, अ. ६।१०।२८
४. हेर्नुस्–शंकराचार्य विरचित अपराध क्षमापनस्तोत्र

५. हेर्नुस्–डा. भगवतशरण उपाध्यायकृत "प्राचीन भारतका इतिहास" सं. १९५७, पृ. २२
६. हेर्नुस्– A. C. Bose : The Call of The Vedas; 1960, P. 176
७. हेर्नुस्:– " " " " 176
८. हेर्नुस्:– " " " " 203
९. हेर्नुस्–आप्तेकृत "संस्कृत इंगलीस डिक्सनरी" १९६८, पृ. ५७०
१०. हेर्नुस्–श्रीमार्कण्डेय पुराणान्तर्गत देवीमाहात्म्ये दशमोऽध्याय :।
११. हेर्नुस्:–D.C. Sircar. Select Inscriptions, 1965, PP. 232,405, 326
१२. हेर्नुस्–हरिराम जोशी: नेपालको प्राचीन अभिलेख, ने. रा. प्र. प्र., २०३०, पृ. १८३
१३. हेर्नुस्–डेभकृत "इमोर्टल इण्डिया" भाग ३, भारतीय विद्याभवन पब्लिकेसन्स, १९६०, पृ. ४६; IA. vol. IX. P. 149
१४. हेर्नुस्–हरिराम जोशी:–नेपालको प्राचीन अभिलेख, ने.रा.प्र. २०३०, प्र., पृ. ६८
१५. हेर्नुस्–हरिराम जोशी: नेपालको प्राचीन अभिलेख, ने. रा. प्र. प्र., २०३०, पृ. ६४५
१६. हेर्नुस्–हरिरामजोशी: मध्यकालीन अभिलेख (पुरातत्व विभागद्वारा प्रकाशित प्राचीन नेपाल, संख्या ५७, अभिलेख नं. ६५, पृ. ३२); The Indian Antiquary, vol. IX, PP. 183-184
१७. (क) "अन्या वत्सं भरति क्षेति माता ।।"

(ख) "अहल्या द्रौपदी कुन्ती तारा मंदोदरी तथा । पंचकं ना स्मरेन्नित्यं महापातक नाशनं ।"

(ग) "ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णवी तथा ।
माहेंद्री चैव वाराही चामुंडा सप्त मातर: ।।"

(घ) "ब्राह्मी माहेश्वरी चंडी वाराही वैष्णवी तथा ।
कौमारी चैव चामुंडा चर्चिकेत्यष्ट मातर: ।।"

(ङ) "कुमारी धनदा नंदा विमला मंगला बला ।
पद्मा चेति च विख्याता: सप्तैता जीव मातृका : ।।"

(च) "नन्दा नन्दिनी वाशिष्ठी वशुदेवा च भार्गवी ।
जया च विजया चैव सप्तैता द्वार मातर: ।।"

(छ) "गौरी च धनदा नंदा मंगला विमला बला ।

गंगा च यमुना धात्री विधात्री तोरणाम्विका ।।"

(ज) "अदितिर्देवमाता च स्वहा सिद्धिः सरस्वती ।।
कीर्तिलक्ष्मी धृतिर्मेधा पुष्टिः श्रद्धाक्रियामतिः ।।
वुद्धिर्लज्जा वपुः शान्ति रतो गोमय मातरः ।।"

(झ) "वसुधरा, वज्रविदारिणी, गणपति, उष्णीष-विजय, पर्णशवरी, मारिची, ध्वजाग्रकेयूरी, ग्रहमातृका, प्रत्यंगिरा ।।"

(ञ) "गौरी पद्मा शची मेधा सावित्री विजया जया । देवसेना स्वधा स्वाहा मातरो लोक मातरः ।
शान्तिः पुष्टिघृतिरतुष्टिः कुलदेवात्मदेवताः ।"

(ट) "अकारादिक्षकारान्ता मातृकावर्णरूपिणी ।
यया सर्वमिदं व्याप्तं त्रैलोक्यं सचराचरम् ।।"

१८) हेर्नुस्–डा. राधाकुमुद मुखर्जीकृत "द फन्डामेण्टल यूनिटी अफ् इण्डिया" १९६०: पृ. ३९

सूर्य

सूर्यले कुनै एक देश विशेषमा मात्र नभई विश्वकै इतिहासमा खास विशेषता राख्तै आएको छ। यिनको पूजा उपासना खालि एक देशको बदला विश्वका मानव मात्रले नै आदिम कालदेखि अविच्छिन्न रूपले गर्दै आइरहेका छन्। जसले यिनको विश्वव्यापी महत्वलाई प्रकटित गर्दछ। अर्को शब्दमा भन्ने हो भने यिनी विश्व मानवलाई एउटै धर्मको सूत्रमा उन्ने महानतम देवता रही मनुष्य मात्र भिन्न-भिन्न धर्म एवं संस्कृतिका प्रसूत नभई एउटै संस्कृतिका सन्तान भएको तिर लक्ष गर्दै विश्व मानवलाई तँ तँ म म बाट माथि हामी भन्ने भावनातिर उन्मुख गराउने सर्वाधिक प्राचीनतम देवता मानिन्छ। सृष्टिको प्रारम्भमा साम्यताको भावना जागृत हुनामा यिनी पनि एक प्रमुख कारण रहेको छ। तर, आजका विचारकहरू तँ तँ म म को भावना जागृत हुनामा व्यक्तिगत सम्पत्तिको उदयलाई प्रमुख कारणको रूपमा लिन्छन् तापनि प्राचीन विचारकहरूले सो बारे किन र कसरी मौं आफुलाई सीमित राखेका छन्। भर्तृहरिको कथन यहां स्मरणयोग्य छ– "यूयं वयं वयं यूयं मित्यासिन्मतिरावयो। किं जातः मधुनायेन यूयं यूयं वयं वयं।"

सूर्य पूजाको प्रचलन पाषाण युग देखि नै भएको देखिन्छ। उत्तरी स्पेनको अल्टामीरा गुफा र दक्षिण फ्रान्सको लास्को गुफामा मनुष्य निर्मित सूर्यका आकृतिहरू कुँदिएका छन्, जसलाई सृष्टिको प्रारम्भिक कालका मनुष्यका कृतिको रूपमा लिइन्छन्। त्यस्तै नव पाषाण युगका सूर्यका आकृतिहरू भारतका मध्यप्रदेश, कर्णाटक तथा केरालाका सिंहपुर, बेल्लारी जिल्ला तथा एकडलमा पाइएका छन्। सैन्धव सभ्यतामा सूर्यका कुनै आकृतिहरू पाइएका छैनन् तापनि सूर्य सित सम्बन्धित स्वस्तिक तथा Four Spoked Wheel का आकृतिहरू पाइएबाट तत्समय यहां सूर्य पूजाको प्रचलन भएको तिर इङ्गित गर्दछ। मिश्र तथा सुमेरियाई सभ्यतामा पनि सूर्य पूजाको परम्परा चलेको कुराका प्रमाणहरू पाइएका छन्। मिश्रमा ईशाको १४०० वर्ष पूर्व सूर्यलाई मनुष्य जातिका एक मात्र सच्चा महानतम देवताको रूपमा मानिएको थियो। मिश्री सम्राट् अखनाटनले सूर्यलाई अटनको रूपमा मानी विश्व इतिहासमा सर्वप्रथम एकेश्वरबादको सिद्धान्तलाई प्रचारित गरेका थिए। मिश्री सम्राट् अखनाटन तथा तिनकी रानी नफरतितीले भगवान्

सूर्यलाई भेंट चढाइराखेको ई. पू. १४०० को एक मूर्ति मिश्रमा पाइएको छ। यसको अतिरिक्त उक्त सम्राट्ले सूर्यको नाममा एक कवितको पनि रचना गरेका थिए। यी आधारहरूबाट अखनाटन मनुष्य सभ्यताका सर्वप्राचीन कवि तथा दार्शनिक राजा भएको कुरा चाल पाइन्छ। सुमेरियाका सर्वप्राचीन अभिलेखहरूले सूर्यलाई पैदल हिंडिराखेकोको रूपमा वर्णन गरेका छन्। तर, ईशा भन्दा ४००० वर्ष पूर्व चक्रको आविष्कार पछि सौर विम्वलाई चक्रसित समीकरण गरिएको थियो। सुमेरियनहरू सूर्यलाई न्यायिक देवताको रूपमा मान्थे। आसिरियनहरू पनि सूर्यलाई अस्सुर नामले समादर गर्दथे। पखेटावाल सौर विम्ब अस्सुर देवताको प्रतीक थियो औ तिनी गृद्धको रूपमा चित्रित गरिएको थियो। मेक्सिकोको सभ्यतामा पनि सूर्य उपासनाको प्रचलन थियो।। त्यहाँका मानिसहरू सूर्यवंशी थिए। मेक्सिकोमा शिलामा कुंडेको एक सौर कलेण्डर पाइएको छ जसले सम्पूर्ण पुरातत्व वेत्ताहरूलाई चकित पारेको छ। पेरूमा सूर्यको एक भव्य मन्दिर निर्माण गरिएको छ जसलाई विद्वानहरूले सम्पूर्ण विश्वमा प्राप्त उल्लेख्य भवनहरू मध्येका मानेका छन्। ईशा भन्दा १५०० वर्ष अगाडि सूर्यपूजा इङ्गलैण्डका कैल्टिक जातिमा पनि प्रचलित थियो। यूनानी सभ्यतामा सूर्यलाई हेलियोस नामले पूजा गरिन्थ्यो। नौ ओटा चम्किला सेता पखेटावाल घोडाले तान्ने रथमा आरुढ भई हेलियोसले देव, मनुष्य सबैलाई समान रूपले प्रकाश छर्दै दुष्टहरूको अपराधलाई पत्ता लगाइदिन्थे। यूनानको ह्लोड्स टापुमा केरस नामका मूर्तिकारले ६० फिटको एक विशाल सूर्य मूर्ति निर्माण गरेका थिए। त्यस मूर्तिका दुई खुट्टाको बीचबाट ठूला ठूला जहाजहरू पनि ओहोर दोहोर गर्न सक्थे। यी विभिन्न आधारहरूबाट सृष्टिको प्रारम्भिकसमयदेखि नै सूर्यपूजा विद्यमान भएको चाल पाइन्छ। सूर्यमै यो पृथ्वीका सम्पूर्ण चराचर प्राणी निर्भर हुने हुँदा सूर्यलाई यत्ति प्राचीन कालदेखि अविच्छिन्न रूपले समादर गरिंदै आउनु स्वाभाविक छ। वैदिक कालदेखि नेपाल एवं भारतका वासिन्दाहरूले सूर्य देवताको नाममा गायत्री मन्त्रको १०८ जप दिनहुं गर्दै आइ-रहेका छन्। सूर्यको व्यास पृथ्वीको व्यास भन्दा १०८ गुणा छ, जसले गायत्री मन्त्रको १०८ जपको यथार्थता प्रकटित हुनुको साथै सूर्य उपासनाको वैदिक परम्पराको अविच्छिन्न धाराको पत्तो हुन्छ। यहांनेर जैकेटा हाकेसको कथन पनि स्मरणयोग्य छ–"यो कत्ति आश्चर्यजनक कुरो छ कि एकातिर पृथ्वीको ठोस धरातल र त्यसका गर्भमा छिपेका कठोर खनिज द्रव्य छन् औ दोश्रोतिर सूर्यका तातो भयंकर आणविक भट्टी छ। ती दुईको बीचमा मध्यस्थता गर्नकोलागि कोमल वनस्पति जगत छ, जसले सूर्यका विकिरणलाई मोडेर त्यसलाई कोमल बनाई जैविक जगतको सृजनात्मकतालाई सम्भव गराएको छ। पृथ्वीका शैशव कालमा

वायुमण्डलमा प्राण वायु (आक्सीजन) ज्यादै कम थियो। विस्तार विस्तार यस ग्रहलाई आफ्नो हरियालीबाट आच्छादित गर्ने क्लोरोफिलको कारण त्यस प्राण वायुको विस्तार हुँदै गयो। त्यही प्रक्रिया आज पनि कायम छ श्रौ त्यो सबैको आधार सूर्य हो। यदि यो सुन्दर प्रक्रिया कायम नभएमा यस पृथ्वीमा मनुष्य वा अन्य प्राणीहरूको उद्भव असम्भव हुने थियो।"

नेपाल तथा भारतमा सूर्यपूजाको प्रारूप ऋग्वैदिक कालदेखि स्पष्ट रूपले देखिएको थियो। ऋग्वेद अनुसार यो जगतको आत्मा नै सूर्य रहेको छ। "सूर्य आत्मा जगतस्तस्थुषश्च।" आकाश अर्थात् सूर्यबाटै यो चराचर जगतको सृष्टि तथा संवर्द्धन सम्भव भएको छ। यसैले पनि सूर्यलाई पिता तथा पृथ्वीलाई तिनकी छोरी भनी वैदिक वाङ्मयमा स्पष्ट रूपले वर्णन गरिएको पाइन्छ। सूर्यले अनि आफ्नी छोरी पृथ्वीसित विवाह सूत्रमा आवद्ध भई यो चराचर जगतको सृष्टि गरेका थिए। आजको विज्ञानले पृथ्वीलाई सूर्यकै एक टुक्रा भएको कुरा मानेबाट वैदिक वाङ्मयमा पृथ्वीलाई सूर्यकी छोरी भनी उल्लेख गरेको तथ्यलाई पुष्टि गर्दछ। अनि सूर्यले आफ्नी छोरी सितै विवाह गरी सृष्टि रचना गरेको उपाख्यानमा ब्रह्माको आफ्नी छोरी सितको संसर्गबाट सृष्टिको क्रम चलाएको कथानक सित तादात्म्य राखेको प्रकटित भई सूर्य र ब्रह्माको एकात्म्य प्रकटित हुन्छ। सम्भवतः सूर्यको यही नै आचरणको कारण पनि तिनकी छोरी यमीलाई आफ्नै दाज्यू यमसित विवाह गर्न प्रेरित गरेको लागेको छ।

ऋग्वैदिक समय स्वयं सूर्यको अतिरिक्त अन्य सौर देवताहरू पनि विद्यमान भएको कुरा ऋग्वैदिक ऋचाहरूको अध्ययनमा जानिन्छ। वरुण, मित्र, भग, अर्यमन, विवस्वत, पूषन आदि देवताहरू पनि सूर्यकै दोश्रो नाम या स्वरूप रूपमा लिइएका छन्। देववैद्य अश्विनहरूलाई कतिपय ग्रन्थहरू सूर्य तथा इन्द्रको रूपमा लिन्छन् तापनि कुनै ग्रन्थमा तिनीहरूलाई सूर्य पुत्रहरूको रूपमा स्वीकार गरिएका छन्। अश्विन शब्दले घोडालाई बुझाउँछ श्रौ वेदमा अश्व शब्द सूर्यको अर्थमा प्रयुक्त छ। यी आधारबाट यिनीहरू सौर देवताको रूपमा लिइएको स्पष्ट छ। यहां नेर यस कुरोलाई पनि बिर्सनु छैन कि महारोग, मुटुको रोग आदि जस्ता डरलाग्दा रोगहरूको निदान गर्ने कार्यमा सूर्यले महत्वपूर्ण भूमिका अदा गरेका छन्। सूर्यमा उपर्युक्त रोगहरूको निदान गर्ने क्षमता निहित भएको कुरा ऋग्वेद १।५०।११–१२ ऋचाहरूबाट स्पष्टतः जानिन्छ। यी ऋचाहरूलाई रोगघ्न उपनिषद भनिन्छ। यहांनेर बृहदारण्यक उपनिषदमा सूर्यलाई सम्पूर्ण प्राणीहरूका मधुको रूपमा लिइएको कुरा पनि स्मरणयोग्य छ। फेरि, भगवान सूर्यको सेवा गरी आफुलाई लागेको महारोगलाई वासुदेव कृष्णका सुपुत्र साम्वले निको गराएको उपाख्यान

कपिल संहितामा वर्णित छ जसले पनि सूर्यमा रोगहरूको निदान गर्ने शक्ति निहित भएको कुरोको यथार्थता निर्णित हुन्छ। यसको अतिरिक्त सातौं शताब्दी ई. का महाराज हर्षका दरबारी कवि मयुरले आफुलाई लागेको महारोग निको पार्ने उद्देश्यले नै सूर्य शतकको रचना गरेका थिए। उपर्युक्त शतकमा भगवान सूर्यका अनुग्रहबाट मानिसहरूले आरोग्य, पापहरूबाट विमुक्ति, कवित्व शक्ति, बुद्धि, बल, सौन्दर्य, लामो जीवन, ज्ञान, शक्ति, धन तथा पुत्र सन्तान प्राप्त गर्ने कुरा वर्णन गरिएको छ। छैठौं शताब्दी ई. का प्रख्यात ज्योतिषी वराहमिहिरले पनि बृहज्जातक ग्रन्थमा सूर्यलाई वाक् शक्तिका प्रदाताको रूपमा दर्शाएको छ।

ऋग्वेदमा आदित्यहरूको वर्णन पाइन्छ। सर्वप्रथम आदित्यहरूको संख्या ६ मात्र लिइएको थियो। पछि त्यसमा सूर्यको नाम पनि समाविष्ट गरी सात गरिएको थियो। सप्त आदित्यको कल्पनामा वर्षको सात महिना सम्म घाम लागिरहने उत्तरी ध्रुव प्रदेशमा आर्यहरूको बसोबास भएको घटना तिर इङ्गित गरेको स्पष्ट छ। त्यसको अनन्तर आठौं आदित्यको रूपमा मार्त्तण्डलाई लिइएको छ। मार्त्तण्ड अदितिका आठौं छोराको रूपमा लिइन्छ। मार्त्तण्ड शब्दले मृत सूर्य भन्ने अर्थ बुझाउँछ अर्थात् आठौं महिनामा उत्तरी ध्रुवमा घाम अस्ताई सक्ने हुनाले पनि आठौं आदित्यको नाम मार्त्तण्ड भएको बुझिन्छ। पछि शतपथ ब्राह्मणमा आई आदित्यहरूको संख्या बाह्र पुगेको थियो। बाह्र आदित्यले बाह्र महिनालाई बुझाएको स्पष्ट छ। द्वादशादित्य विषयक कूर्म पुराणका पंक्तिहरूले यसतिर खुलस्त गरेका छन्। अनि आदित्य र शिव एउटै भएको कुरा विभिन्न संस्कृत श्लोकमा देखिनुको साथै उपनिषदहरूको सार स्वरूप रहेको भगवद्गीतामा भगवान कृष्णको मुखबाट "आदित्यानाम् अहं विष्णु . . ." भनी व्यक्त गरिएका पंक्तिबाट विभिन्न देवताहरू भिन्न-भिन्न नभई एउटै भएको कुरा स्पष्ट देखिनुको अतिरिक्त ऋग्वैदिक देवता सूर्य नै पछि तत्समय गौण देवता स्वरूप लिइएको विष्णुको नामबाट अत्यधिक प्रख्यात हुन गएको थियो। ऋग्वेदमा विष्णुका नाम यदाकदा देखिएतापनि तिनलाई विशेषतः सौर देवताको रूपमा लिइन्थ्यो। वेद तथा मिश्री र पश्चिम एशियाई उपाख्यानहरूमा सूर्यलाई एउटा चराको रूपमा वर्णन गरिएको छ, जबकि विष्णु शब्दमा पनि स्वर्गिक चरा भन्ने नै अर्थ हुन्छ। ऋग्वेदमा विष्णुका तीन पाइलाको वर्णन पाइन्छ जसले सूर्यका द्यौ, पृथ्वी, अन्तरीक्ष मार्ग भई विचरण गर्ने कार्यतिर साम्यता राख्तछ। ऋग्वैदिक विष्णुका उपर्युक्त तीन पाइलाको वर्णन नै पौराणिक त्रिविक्रम उपाख्यानको आधार रहेको छ। महाकाव्य कालमा सूर्य र नारायण (विष्णु) बीचको एकात्म्यलाई अझ बढावा मिलनुको साथै ब्रह्मा, विष्णु, शिव आदि देवताहरू समेत सौर देवताको रूपमै लिइएका छन्। याज्ञवल्क्यले पनि ब्रह्मा,

विष्णु, शिव तथा सूर्यलाई एउटै मानेको छ । यसरी सूर्य र अन्य देवताहरूको साथै विष्णुको एकात्म्यको प्रारूप ऋग्वेदकालदेखि नै भइसकेको कुरा सिद्ध हुन्छ । ऋग्वेदमा विष्णुलाई सिपिविष्ट भनिएको कुरा पनि विचारणीय छ । जसले शिवको साथै विष्णुको पनि लिङ्ग स्वरूप भएको तिर इङ्गित गर्दछ । सिपि शब्द सेप शब्दबाट बनेको छ जसको अर्थ हुन्छ लिङ्ग । अनि सिपिविष्टले बदलिरहने अर्थात् कहिले फुल्ने औ कहिले घट्ने लिङ्ग भन्ने कुरा अर्थ्याउँछ। विष्णुको यस बढ्ने औ घट्ने सिद्धान्तमा सूर्यको उदय औ अष्टाउने क्रियासित साम्यता राखेको छ। यसरी यस तथ्यले पनि उपर्युक्त तर्ककै पुष्टि गरेको छ ।

ऋग्वेदको पुरुष सूक्तमा सूर्यलाई पुरुष अर्थात् परब्रह्मका अक्षको रूपमा वर्णन गरिएको छ । नेपाल संवत् ५४२ को भक्तपुर बवाथनु टोलको अभिलेखमा सूर्यलाई तीनै लोकका नेत्र स्वरुप भएको भनी उल्लेखेको यहां स्मरणयोग्य छ । यसैले तिनलाई सर्व कुरोका साक्षीको रूपमा लिई तिनबाट कुनै पनि कुरो नछिपिने यथार्थतालाई पछिका ग्रन्थहरूले पनि स्वीकारेका छन् । पंचतन्त्र मित्रभेद: १९३ मा चन्द्र, सूर्य, वायु, अग्नि, आकाश आदिलाई मनुष्यको चरित्रका ज्ञाताको रूपमा वर्णन गरिएकोलाई यहां यसै सन्दर्भमा लिन सकिन्छ । प्राणीहरूका असल, खराब कार्यहरूलाई देख्ने हुँदा यिनलाई मनुष्यको पाप विमुक्त पार्नेको रूपमा पनि लिइन्छ। सन्ध्या प्रार्थनामा मन्यु र मन्युमति संगै सूर्यलाई पाप मोचन गर्ने भनी वन्दना गरिन्छ । प्राचीन यूनानी अनुश्रुतिमा हेलियोस (सूर्य) लाई दुष्टजनहरूका दुष्कृत्यहरूलाई पत्ता लगाउनेको रूपमा चित्रित गरिएको छ । उपर्युक्त यूनानी अनुश्रुतिमा सूर्यले डिमेटरलाई तिनकी छोरीलाई बलात्कार गरिएको कुरा सूचित गरेको औ हेफायस्तससित एफ्रोडाइटले व्यभिचार गरेको घटनालाई प्रकाशमा ल्याइदिएका जस्ता कुराहरू वर्णित छन् । यसरी भगवान सूर्यमा मनुष्यका असल, खराब कार्यहरूलाई देख्ने शक्ति हुँदा नै सुमेरियन सभ्यतामा तिनलाई न्यायिक देवताको रूपमा चित्रित गरिएको देखिन्छ । बेबिलोनका सम्राट् हम्मुराबिले सूर्यलाई स्वर्ग र पृथ्वीका महानतम न्यायाधीश भनी गुणगान गर्नुको साथै एक प्रस्तर खण्डमा सूर्य देवताबाट तिनले कानून प्राप्त गरिरहेका चित्र उत्कीर्ण गर्न लगाएको पाइएको छ । जसबाट पनि उपर्युक्त कुरोको पुष्टि हुन्छ । यसको अतिरिक्त ईशाको १४०० वर्ष पूर्व मितानियन मत्तिनजा तथा हिट्टाइट राजा सुप्पिलुल्यु-मसको बीच भएको सन्धिमा मित्र (सूर्य) र वरुण देवताहरूको स्तुति गरिएका छन्, जुन सन्धि बोगाजकोई, अनाटोलियास्थित अभिलेखमा उत्कीर्ण छ । राजा-हरूको बीच भएका सन्धिमा सौर देवताहरूको स्तुति गरिएको पाइएबाट सौर देवताहरूको न्यायिक स्वरुपतिर स्पष्ट इङ्गित गरेको लाग्दछ ।

वैदिक कालपछि इतिहास, पुराणकालमा पनि सूर्यको महत्ता बढेकै देखिन्छ। रामायण युद्ध काण्डमा ऋषि अगस्त्यको शिक्षा मुताबिक रामले सूर्यको स्तुति गरेको कुरा वर्णित छ जसलाई आदित्य हृदय भनिन्छ। त्यसमा सूर्यलाई ब्रह्मा, विष्णु, शिव, स्कन्द, प्रजापति आदिसित समीकरण गरिएको छ। यहाँनिर सूर्यको स्तोत्र स्वरूप रहेको ऋग्वेदको गायत्री मन्त्रको स्मरण हुन्छ जसलाई स्कन्दपुराणले वेदमा गायत्रीको जोडामा आउने कुनै ऋचा नभएको औ गायत्री नै ब्रह्मा, विष्णु, शिव तथा त्रयी भएको कुरा स्वीकारेको छ। महाभारतमा पनि सूर्यको बारे वर्णनहरू आएका छन्। महाभारतमा सूर्य श्री (धनसम्पत्ति) तथा यशका प्रदाताको रूपमा वर्णित छन्। युधिष्ठिरले वनवासको समय सूर्यलाई खुशी गराई तिनबाट खानेकुरा जत्ति झिके पनि नसिद्धिने थाकथाली प्राप्त गरेका थिए। नेपाल संवत् २०३ को ल. पु. सौगलको सूर्यमूर्तिको पादपीठ लेखमा सूर्यलाई श्री यशोदेव भूनाथ भनिएबाट पनि सूर्य श्री तथा यशका देवता हुनुको साथै पृथ्वीका नाथ अर्थात् देवता भएको कुरा जानिन्छ। युधिष्ठिरले सूर्यभक्त ब्राह्मणहरूसित भेटेको कुरा पनि त्यसमा वर्णित छ। यी ग्रन्थहरूको अतिरिक्त मार्कण्डेय, विष्णु, भविष्य, ब्रह्म, अग्नि तथा गरुडपुराणहरूको अतिरिक्त सौर संहितामा पनि सूर्यको बारे प्रचूर सामग्रिहरू भेट्टिन्छन्। साम्ब उप-पुराण विशेषतः सूर्यकै विषयमा लेखिएका छन्।

इतिहास, पुराणकालदेखि सूर्यको पूजा तथा प्रतिमा निर्माणमा फारसको प्रभाव पनि देखिन लागको थियो। पुरातात्विक आधारमा सम्भवतः सो प्रभाव छैठौं, सातौं शताब्दी ई. पू. देखि भएको प्रतीत हुन्छ। किनभने त्यस समय तिर फारसको साम्राज्यभित्र भारतका उत्तर पश्चिमोत्तर भागहरू अत्यधिक मात्रामा पर्न गएको थियो। भविष्यपुराण अनुसार भगवान् श्री कृष्णका पुत्र साम्बले चन्द्रभागा नदीको किनारस्थित मूलस्थानमा सूर्य मन्दिर निर्माण गरी त्यसको पूजाहारी शाकद्वीपबाट मग ब्राह्मणहरूलाई राखेका थिए। बाइबलमा उल्लिखित मागि सम्भवतः मग ब्राह्मणहरू नै रहेका छन्। मग ब्राह्मणहरूलाई फारसी धर्मका प्रवर्तक जरथुष्ट्रका सन्तानको रूपमा लिन्छन्। अनि जरथुष्ट्र स्वयं सुर्य पुत्र भएको कुरा उपर्युक्त भविष्यपुराणमा मिहिर गोत्रका मुजिह्व नामक ब्राह्मणकी पुत्री निक्षुभासित सूर्यको विवाह भई तिनबाट जरशस्त्र नामक पुत्र रत्न जन्मेको उपाख्यान वर्णित भएबाट प्रमाणित हुन्छ। यिनै जरशस्त्र अवेष्टाका पैगम्वर जरथुष्ट्र भएको कुरामा विद्वान्हरू एक छन्। यसरी मागिहरू सूर्योपासक भएको कुरा पौराणिक उपाख्यानहरूबाट जानिएर सूर्य उपासकहरूको एक भिन्नै सम्प्रदाय सिर्जिनुमा महत्वपूर्ण टेवा पुग्न गएको थियो। पद्मपुराणमा पंच सम्प्रदायका देवताहरूमध्ये सूर्य पनि एक भएको कुरा वर्णित भएबाट उक्त कुराको पुष्टि

हुन्छ । जुन अद्यापि यहां प्रचलित भएको कुरो ने. सं ८१४ को चांगुको अभिलेखमा पंच सम्प्रदायको उल्लेख आएबाट जानिन्छ । यसको अतिरिक्त नेपाल तथा भारतका कतिपय सूर्य मूर्तिहरूमा देखिएको मेखला तथा धुँडासम्म आउने जुत्ताहरू फारसी मूर्तिकलाको प्रभावलाई प्रकटित गर्दछन् । वराहमिहिरले आफ्नो बृहत्संहिता ग्रन्थको अध्याय ५८ मा सूर्यमूर्तिका स्वरूपहरूको वर्णन गर्दै उपर्युक्त मेखला तथा घुंडासम्म आउने जुत्ताहरूयुक्त सूर्यमूर्ति निर्माण गरिनुपर्ने कुरा उल्लेखेका छन् । बृहत्संहिता ६०–१९ मा सूर्यमूर्तिको प्रतिष्ठापन तथा अन्य धार्मिक क्रियाकलापहरू मग ब्राह्मणहरूद्वारा गरिने कुरा वर्णित छन् जसको उल्लेख प्राचीन अरब इतिहासकार अलबरूनिले पनि गरेको छ । गयास्थित एक अभिलेखमा शाकद्वीपी मगहरूको उल्लेख आएबाट शाकद्वीपको प्रभाव सौर देवताको मूर्ति निर्माण तथा पूजा उपासनामा व्यापक रूपले परेको कुरामा कुनै शंका रहँदैन ।

फेरि, भविष्यपुराण अनुसार शाकद्वीपका मग सौर ब्राह्मणहरूका पनि तीन वर्ग छन्–मग, भोजक तथा सोमक । सम्भवतः मगधनाम नै मगहरूको नामबाट लिइएका छन् जसले मागधी भाषाको प्राचीनता तिर पनि इङ्गित गरेको लाग्दछ । भारतको उत्तर पश्चिमोतर प्रदेशमा भोजकहरूको प्राचूर्य पाइन्छ । सम्राट् अशोकका मनसेहरा अभिलेखका पंक्तिहरूले यसतिर संकेत गरेका छन् । भोजकहरू मगहरूकै एक वर्ग भएको हुँदा मगहरूको प्रसार फारसतिरबाट भई ईशा भन्दा छैठौं, सातौं शताब्दी ई. पू. मै सूर्योपासनाको अत्यधिक प्रचार प्रसारमा मगहरूको योगदान स्थापित भएको कुरा निःसन्दिग्ध लाग्दछ । ब्रह्मपुराण अध्याय २८. १ मा माघ शुक्ल सप्तमीको दिन सूर्योपासना गरिनाले ठूलो पुण्य मिल्ने कुरा वर्णित छ । उपाख्यान अनुसार भगवान् श्री कृष्णका पुत्र साम्बले सर्वप्रथम शाकद्वीपबाट मग ब्राह्मणहरूल्याई सूर्य पूजालाई व्यापक रूप दिएको श्रौ माघ शुक्ल सप्तमीलाई अद्यापि सूर्यपूजाको पावन पर्वको रूपमा मान्ने चलन देखिएबाट मगहरूद्वारा प्रचारित धार्मिक रीति रिवाजको दीर्घकालिक प्रभाव स्पष्ट दृष्टिगोचर हुन्छ । ललितपुर सौगलस्थित दबली समीपस्थ एक चोक भित्र नेपाल संवत् ५८७ माघ शुक्ल सप्तमीको दिन प्रतिष्ठापित सूर्यमूर्तिको पादपीठमा सप्तमी व्रत समापनको अवसरमा उपर्युक्त सूर्यमूर्ति प्रतिष्ठापन गरेको कुरा वर्णन गरिएबाट पनि उक्त कुराको पुष्टिमा सहायक भएको छ ।

पुरातात्त्विक आधारमा सूर्यको पूजा उपासनाको प्रचार नेपाल तथा भारतमा ततीय शताब्दी ई. पू. देखि भएको देखिन्छ । सम्राट् अशोकद्वारा प्रतिष्ठापित सांची स्तम्भलेख तथा मौर्य सम्राट् दशरथका नागार्जुन गुहाभिलेखमा चन्द्र,सूर्यको उल्लेख आएबाट उक्त कुराको पुष्टि हुन्छ । तृतीय शताब्दी ई. पू. को भारहूतस्थित एक

विशेष प्रकारको पदकमा रश्मिलाई बुझाउने कमलको परागकेसर सहितको सूर्यका ऊर्ध्वकाय मूर्ति उत्कीर्ण छ। ईशापूर्व द्वितीय शताब्दी देखि भारतमा सूर्य मूर्तिको निर्माण विशेषरूपले गरिन लागेको अनुमान हुन्छ। बुद्धगयास्थित स्तम्भमा उत्कीर्ण चतुरश्वयोजित रथमा अवस्थित सूर्य तथा भाजा गुफास्थित चतुरश्वयोजित रथमा अवस्थित सूर्य मूर्तिहरूलाई यहां उदाहरणको रूपमा लिइन्छ। सूर्यको रथमा सप्ताश्व हुने कुरा ऋग्वेदका पंक्तिहरूमा स्पष्ट रूपले देखिनुको साथै नेपाल संवत् ५१२ को बनेपाको सूर्य मूर्तिको पादपीथमा सूर्यलाई सप्ताश्वयोजित रथमा आरूढ हुने भनी उत्कीर्ण गरिएको देखिएका छन्। अरू पनि प्रायजशो ग्रन्थहरूमा सूर्यको रथमा सप्ताश्व हुने कुरा नै वर्णित छन्। उक्त सप्ताश्वले सूर्यको सप्तरंगी किरणलाई इङ्गित गरेको कुरा वैदिक ऋचाबाट स्पष्टरूपले देखिन्छ। सूर्यको सप्ताश्वलाई सूर्य किरणको रूपमा भक्तपुर क्वाथनुटोलको नेपाल संवत् ५४२ को अभिलेखमा पनि वर्णित छ। जुन किरणलाई ज्ञानरश्मि पनि भनिन्छ। नेपाल संवत् ३८१ को फर्पिंको अभिलेखमा सूर्यलाई ज्ञानरश्मि फिंजाउने भनी उल्लेख गरिएबाट उपर्युक्त भाजा तथा गयाका सूर्य मूर्तिहरूमा चतुरश्व राखिएकोको तात्पर्य खुलस्त भएको लाग्दछ। वैदिक समय ज्ञानको मुख्य श्रोत चतुर्वेदलाई लिइएको छ। हिन्दू अनुश्रुति अनुसार चतुर्वेद अपौरुषेय रही देववाक्य रहेका छन् जसबाट तिनको परब्रह्म स्वरूप स्पष्टिन्छ। अनि सूर्यका विविध नामहरूमध्ये चतुर्वेदलाई धारण गर्ने भन्ने पनि एक रहेको छ जसको आधारमा उपर्युक्त चतुरश्व चतर्वेदको प्रतीक रूपमा रही चर्तुदिशामा व्याप्त मोहान्धकारलाई नष्ट गर्ने सूर्यको क्रियाकलाप तिर इङ्गित गरेको कुरा सजिलैसंग स्वीकार्न सकिन्छ।

यद्यपि वैदिक कालमा सूर्यको पूजा उपासनाको परम्परा विद्यमान थियो। तर, त्यसबेला सूर्यमूर्ति तथा मन्दिरहरूको निर्माण गरिएको थिएन। सूर्यमूर्ति तथा मन्दिरहरूको निर्माण शुङ्गकालदेखि भारतमा हुन लागेको थियो। यस नवीन रूपमा भारतमा सूर्यपूजाको प्रचलनको श्रेय शाकद्वीपसित भारत तथा नेपालको सम्बन्धलाई छ। भविष्यपुराणले शाकद्वीपबाट मग ब्राह्मणहरूलाई सूर्यपूजाको लागि भारतमा ल्याएको कुरा उल्लेखेको छ। ती मग ब्राह्मणहरूले भारतमा सूर्य अर्थात् मिहिर पूजाको नयां व्यवस्था गरे। कनिष्कका कतिपय मुद्राहरूमा मिहिरका प्रतिमा पनि विद्यमान छन्। जसले कुषाण कालमा सूर्यपूजाको नवीनतम स्वरूप प्रचलित हुनामा मगहरूको योगदान स्पष्टिन्छ। मथुरामा प्राप्त कुषाणकालीन कलापूर्ण केश विन्यास सहितको स्त्री शरीरको ललाटको माथि रथारूढ सूर्यको अंकन गरिएको छ। सो शीर अहिले लखनउ म्यूजियममा संगृहीत छ। ललाटको माथि रथारूढ सूर्यको अंकन गरिएको पाइएबाट सूर्य बुद्धि तथा ज्ञानका प्रदाताको

रूपमा खिृष्टाब्दको प्रारम्भिक समय देखिनै मानिएको कुरा चाल पाइन्छ । मयुर विरचित सूर्य शतकमा सूर्यको अनुग्रहवाट मनुष्यले वुद्धि ज्ञान प्राप्त गरिने कुरा वर्णन गरिएबाट पनि उक्त कुरोको पुष्टि हुन्छ जसवारे माथि उल्लेख भइसकेको छ । तौलिह्वाको उत्खनन्मा प्राप्त कतिपय ताम्र मुद्राहरूमा सूर्यका आकृतिहरू अंकन गरिएका छन् । त्यहाँ प्राप्त केही ताम्र मुद्राहरूमा Four spoked wheel का आकृति पनि अंकित छन् । Four spoked wheel का आकृतिहरू तक्षशिला तथा कौशाम्बीका पंचमार्क मद्राहरूमा पनि देखिएका छन् । Four spoked wheel को सर्वप्राचीन आकृतिको नमूना सैन्धव उत्खनन्मा पाइएको थियो जसबारे माथि वर्णन भइसकेको छ । मथुरामा प्राप्त द्वितीय, तृतीय शताब्दी ई. को रातो बलौटे शिलामा उत्कीर्ण मूर्तिहरूमा सूर्य तथा साम्बका आकृतिहरू पनि कुँदिएका छन् । मथुरा संग्रहालयमा राखिएको चतुरश्वयोजित रथ माथि आसीन स्थूलकाया द्विभुजायुक्त सूर्यका भुजाहरूमा पखेटा हुनुको साथै दुवै हातमा कमलका कोपिलाहरू पनि छन् । प्रस्तुत मूर्तिमा सूर्यलाई पखेटायुक्त देखाइएवाट सूर्यलाई एक चराको रूपमा वर्णित वैदिक तथा पश्चिम एशियाई उपाख्यानहरूको उदाहरण स्वरूप लिन सकिन्छ ।

उत्तरप्राचीनकाल अर्थात् गुप्तकालमा पनि सूर्यपूजाको व्यापक प्रसार भएको देखिन्छ । गुप्त सम्राट् कुमारगुप्तको मन्दसोर अभिलेखमा भगवान् सूर्यको स्तुति ललित तथा काव्यमय भाषामा गरिएको छ । सम्राट् स्कन्दगुप्तको इन्दोर लेखमा सूर्यको प्रार्थना सुन्दर शब्दहरूमा गरिएको छ । त्यस अभिलेखको वर्णनवाट गंगा, यमुनाको द्वावमा दुईजना क्षत्रियहरूले सूर्यपूजाको निमित्त सूर्य मन्दिर निर्माण गरेको कुरा जानिन्छ । वैशालीका मुहरहरूमा "भगवतो आदित्यस्य" अभिलेख उत्कीर्ण छन् । यस कालका एक सूर्यमूर्ति कौशाम्बीमा पाइएको छ जुन ज्यादै भव्य तथा सुन्दर देखिन्छ । तौलिह्वास्थित दोह्नीको उत्खनन्मा समपाद मुद्रामा रहेको सप्ताश्वले तानेको रथमा आरूढ एक भग्न सूर्यमूर्ति पाइएको छ । सूर्यका दुवै हातमा कमलका डांठ छन् । उत्तरप्राचीनकालका नेपालका अभिलेखहरूमा सर्वप्रथम राजा मानदेवद्वारा प्रतिष्ठापित संवत् ३८६ को चाङ्गुको स्तम्भलेखमा सूर्यका सविता नाम प्रयुक्त छ । राजा मानदेवकै राज्यकालमा अर्थात् संवत् ४०२ मा सार्थवाह गुहमित्रले इन्द्र नामक दिवाकर (सूर्य) को मूर्ति प्रतिष्ठापन गरेको कुरा काठमाडौं टेवहालको एक पादपीठ लेखमा उत्कीर्ण छ । सूर्यमूर्ति प्रतिष्ठापन गरिएको कुरा उल्लिखित नेपालको सर्वप्राचीन अभिलेख यही नै रहेको छ । यसको अतिरिक्त यो लेखवाट ऋग्वैदिक "अहल्या जार इति इन्द्रः" उक्तिमा इन्द्र नामका सूर्यले अकृष्टा भूमिलाई मुकाउँछ भन्ने कथनको समर्थन गर्दै इन्द्र र सूर्यको एकात्म्य उत्तर-

प्राचीनकालमा पनि स्वीकार्य नै भएको कुरा प्रकटित गर्दछ । पशुपति आर्यघाट-स्थित एक गोलाकार शिलाको कम्मरमा संवत् ४५२ को अभिलेख उत्कीर्ण छ । जसमा सर्व्वदण्डनायकको पाउको अनुग्रह पाएको ब्राह्मण पुण्यगोमीले आफ्नो पुण्यको लागि पार्थिव शिला स्थापन गरी कुतको व्यवस्था गरेको कुरा वर्णित छ । यो शिलाको गोल आकृति तथा अभिलेखमा पार्त्थिव शिला भनी उत्कीर्ण गरिएको आधारमा यसलाई सूर्यबिम्व अर्थात् सूर्य मण्डलको रुपमा लिन सकिन्छ । वैदिक ग्रन्थमा पृथ्वीलाई सूर्यकी प्रिया भन्ने अर्थमा प्रयोग गरिएको श्रो विष्णुकी एक पत्नीको नाम पनि भूमि नै रही शिवको कल्याण सुन्दर मूर्तिमा विष्णु तथा भूमीले शैलजा पार्वतीलाई कन्यादान स्वरुप महादेवलाई प्रदान गरिने कुरा आगम ग्रन्थहरुमा वर्णित हुनुको साथै उपर्युक्त कल्याण सुन्दर मूर्तिहरुमा पनि सोही आकृतिहरु देखिएबाट उपर्युक्त पार्त्थिव शिलालाई सूर्यबिम्व अर्थात् सूर्य मण्डलको रुपमा कल्पना गरिएको हो । फेरि, शिला भन्नाले सूर्यको एक रुप विष्णु श्री वैष्णव देवतालाई बुझाउने हुनुको साथै ख्रिष्टाव्दको प्रारम्भिक समयका मथुराको अभिलेखमा वैष्णव देवता-हरुलाई शैल शव्दको प्रयोग गरिएबाट पनि उपर्युक्त अनुमानको पुष्टि हुन्छ । अनि सूर्यको यो रुपमा पूजा गरिने चलन नेपालको आफ्नै विशेषता रहेको छ । उत्तर-प्राचीनकालीन नेपालका प्रख्यात राजा श्री अंशुवर्मा द्वारा प्रचारित महाराजाधिराज श्र्यंशो: अभिलेख उत्कीर्ण एक प्रकारको मुद्रामा पनि सूर्यको रुपमा यस्तै गोल आकृति दर्शाइएको छ जसको अनुशरण पछिका पशुपति मुद्राहरुमा पनि गरिएका छन् । पशुपति अभिलेख अंकित एकाध मुद्राहरुमा सूर्य बिम्बको वरिपरि बाह्रओटा साना-साना थोप्लाहरु दिई द्वादशादित्यको तत्कालीन मान्यतालाई दर्शाइएका छन् । जुनागढ म्यूजियममा संगृहीत सूर्य मन्दिरको एक तोरण अर्थात् द्वारका स्तम्भ तथा मेहराबहरुमा एकादश आदित्यहरुका आकृतिहरु कुँदिएका छन् । अनि ती एकादश आदित्य श्रो भित्र मुख्य मन्दिरका आदित्य समेत गरी द्वादशादित्य गरिएका छन् । मेहराब माथिका एउटा आदित्य बाहेक अरु सबै आदित्यहरु उभिरहेका छन् । मेहराब माथिका केन्द्रिय आकृति दुबै हातमा कमल समाती सप्ताश्वयोजित आसीन छन् । अनि सबै आकृतिहरु पनि पद्मपाणिनै रही तिनीहरुमध्ये कुनै आकृतिसंग दुई श्रो कुनै आकृतिसंग चार देवीहरु उत्कीर्ण छन् । यसरी द्वादशादित्य दर्शाइएको यो तोरण अति महत्वपूर्ण लाग्दछ । अहिलेसम्म नेपालमा प्राप्त सूर्यमूर्तिहरुमा सर्वप्राचीन ललितपुर कुम्भेश्वरको गैह्रिधारामा प्रतिष्ठापित उत्तरप्राचीनकालीन सूर्यमूर्तिलाई लिन सकिन्छ । चतुष्कोण आकारमा कुँदिएको यस मूर्तिमा सूर्यले दुबै हातमा कमल समातिराखेका छन् । तिनको पछाडि शिव श्रो दायां बायांतिर ब्रह्मा, विष्णु, उषा, प्रत्युषा आदिका आकृतिहरु कुँदिएका छन् । अघिल्तिर अरुण

छन् । तलतिर सप्ताश्वले रथलाई तानिरहेका छन् । मद्रासस्थित गुण्डिमलमको परशुरामेश्वर मन्दिरको सूर्यमूर्ति आफ्ना दुबै हाथ कांधसम्म उठाई उभिरहेको छ। यो मूर्ति अनुमानित सातौं शताब्दी ई.को छ । एलोरामा पनि आठौं शताब्दी ई. को अरुणले हांकेको सप्ताश्वयोजित रथमा उभिरहेको सूर्यको एक सुन्दर आकृति छ। सूर्यका दायां बायां उषा तथा प्रत्युषाले धनुषवाणले अन्धकारलाई नाश गरिरहेको देखाइएका छन् । सूर्यको रथमा दुई पाङ्ग्रा उत्कीर्ण छ, जुन शास्त्रीय प्रमाणको बिपरित लाग्दछ । शास्त्रीय प्रमाण अनुसार सूर्यको रथमा एक पाङ्ग्रा मात्र हुने हुन्छ जुन सूर्यको आफ्नै धुरीमा मात्र घुम्ने सत्यको प्रतीक स्वरूप छ। आठौं शताब्दी ई. कै सप्ताश्वयोजित रथमा आसीन पलेटी मारि बसेको एक सूर्यमूर्ति चित्तौड गढमा पाइएको छ। राजपुताना म्यूजियमस्थित अजमेरका सूर्यमूर्तिहरू उत्तर भारतीय सूर्यमूर्तिकलाका विशेषताहरूले युक्त छन् । नेपालमा पशुपति मन्दिरको दक्षिणपट्टि प्रतिष्ठापित उदीच्यवेशमा दुबै हातले कमल समाती उभिरहेका सूर्यमूर्ति अनुमानित सातौं,आठौं शताब्दी ई. को छ । ठीक यही किसिमको एक सूर्य-मूर्ति ललितपुर गुइटोलमा पनि पाइन्छ। गुइटोलको यो मूर्ति किरीट मुकुट, कानमा रत्नकुण्डल, छातीमा हार, उदवन्ध युक्त भई उदीच्यवेशमा उपवीत विहिन सोझो भई उभिएको छ । गोलाकार रुपमा सौर्यमण्डल देखाइएको एक सूर्यमूर्ति देवपाटन स्थित चौबाटो निरको धारामा छ । अत्यन्त राम्रो कलात्मक ढंगले कुँदिएको यो मूर्ति अनुमानतः आठौं, नवौं शताब्दी ई. को छ । यो मूर्तिस्थित सप्ताश्वको दायां औ बायांतिर केतु र राहुले रथको पांग्रा समातिराखेका छन् । केतु र राहुले रथका पांग्राहरू समातिराखेको आकृति दर्शाइएबाट सूर्य ग्रहण ती दुई राक्षसहरूको कारण हुने भन्ने तत्कालीन विश्वासतिर इंगित गरेको स्पष्ट छ । गोलाकार रूपमा कुँदिएको अर्को सूर्यमूर्ति ब्रिटिश राजदूतावासको प्राङ्गणमा प्रतिष्ठापित छ । यिनीहरूको अतिरिक्त अर्को एक गोलाकार सूर्यमूर्ति जयवागेश्वरी समीपस्थ छ जुन उपर्युक्त मूर्तिहरू हेरी पछिका छन् । पशुपति मन्दिरको वरिपरि छरिएर रहेका विभिन्न सातओटा मूर्तिहरूमा वासुकी मन्दिरको पछिल्तिर रहेको सूर्यमूर्ति औ पशुपति मन्दिरको बायांतिर रहेका दुईओटा सूर्यमूर्तिहरू शैलीको आधारमा उत्तरप्राचीनकालीन देखिन्छन् तापनि तिनीहरूमध्ये पशुपति मन्दिरको बायां तिरको एउटा मूर्ति आठौं, नवौं शताब्दी ई. को छ । छैठौं, सातौं शताब्दी ई. का थानेश्वरका राजाहरू यथा राज्यवर्द्धन प्रथम, आदित्यवर्द्धन तथा प्रभाकरवर्द्धन सूर्यभक्त थिए । मधुवन अभिलेखमा तिनीहरूलाई परम आदित्य भक्त भनिएबाट उक्त कुराको पुष्टि हुन्छ। हूण राजा तोरमाण सूर्यभक्त हुँदा तिनले आफ्नो छोराको नाम मिहिर राख्नुको साथै मुद्रामा पनि चक्रको प्रतीक समाविष्ट गरेका थिए ।

मिहिर कुलका ग्वालियर प्रशस्तिमा सूर्य मन्दिर निर्माणको वर्णन पाइन्छ। उडिसास्थित कोणार्क मन्दिरको सूर्य प्रतिमा मध्यकालीन सूर्यमूर्तिका एक सुन्दर नमूना रहेको छ । अनुमानित दशौं शताब्दी ई. को बंगालको एक अभिलेखमा सूर्यलाई समस्त रोग निर्मूल गरी विश्वमा प्रकाश फिंजाउने भनी वर्णन गरिएको छ। बंगालकै अर्को एक सोही समयको अभिलेखमा श्री सूर्यलाई तकमी दिनकारिन भट्टारक भनिएको छ। अथर्ववेद १,४,६ मा तकमन शब्द रोगको अर्थमा प्रयोग भएको पाइएबाट सूर्यलाई रोगनाशक भनिएको ठीकै जँच्तछ । ऋग्वेद१।५०।११-१२ ऋचाहरूमा सूर्यमा रोगहरूको निदान गर्ने क्षमता सन्निहित भएको कुरा वर्णन गरिएबाट पनि उक्त कुरोको पुष्टि हुन्छ । सूर्यलाई नीमका पातहरूले पूजा गरिनु पर्ने कुरा अभिलेखहरूमा आएका छन् जसले पनि उपर्युक्त तथ्यलाई नै इंङ्गित गरेका छन् ।

मध्यकालीन नेपालका अभिलेख सहितका मूर्तिहरूमा नेपाल संवत् १८५ तथा २०३ का ललितपुर थपाहिटी र सौगलका सूर्य मूर्तिहरू सबैभन्दा जेठो मानिएका छन् । यी मूर्तिहरू स्थानक मुद्रामा भएतापनि यिनका गोडामा बूट लाएका छैनन् । ती मूर्तिहरूका दुवै हातमा कमलका डांठ छन् यो तिनीहरूका दायां बायां दण्ड र पिङ्गल छन् । नेपाल संवत् २७९ को नक्साल गैह्रिधाराको सूर्यमूर्तिको पादपीठ लेखमा रुद्रगणादित्य भनेर उल्लेख गरिएबाट आदित्य (सूर्य) पनि शिव रुद्रगणकै एक सदस्य भएर शिव र सूर्य बीचको घनिष्टतम सम्बन्धलाई प्रकटित गर्दछ । स्थानक मुद्रामा रहेको यस मूर्तिको खास विशेषता यसको गोडामा बनेको बूटमा रहेको छ । अर्को, यस मूर्तिमा प्रयोग गरिएका लुगा पनि कुषाण-कालीन सूर्यमूर्तिहरूमा प्रयुक्त लुगासित मेल खान्छ । नेपाल संवत् ३८१ को फर्पिंगको अभिलेखमा सूर्यको स्तोत्र उत्कीर्ण छ । सो अभिलेखमा शिव भाष्करम् भनी वर्णन गरिएबाट शिव र सूर्य एउटै भएको यथार्थतालाई दर्शाउनुको साथै शैव र सौर सम्प्रदायको एकात्म्यलाई दर्शाएको स्पष्ट छ । नेपाल संवत् ५१४ को बनेपाको अभिलेखमा भगवान् सूर्यको मूर्ति स्थापना गरेको कुरा वर्णित हुनुको साथै सूर्यको स्तोत्र उत्कीर्ण छ । नालास्थित नेपाल संवत् ५२७ को सूर्यमूर्तिको पादपीठमा उत्कीर्ण लेखमा भगवान् सूर्यको नाममा सप्तमी व्रत बसेको कुरा वर्णित छ । भक्तपुर क्वाथनुटोलको नेपाल संवत् ५४२ को अभिलेखमा सूर्यलाई तीनै लोकका आंखा भनी उल्लेख गर्दै सप्ताश्वरूपी किरणयुक्त पद्मपाणि ग्रहराज सूर्यको स्तोत्र उत्कीर्ण गरिएको छ । नेपाल संवत् ५८३ को काठमाडौं टेबहालस्थित सूर्यको पादपीठमा भगवान् सूर्यको मूर्ति प्रतिष्ठापन गरिएको कुरा वर्णित छ । ललितपुर सौगलस्थित एक चोक भित्र सूर्यको एउटा मूर्ति प्रतिष्ठापित छ, जुन

नेपाल संवत् ५८७ को छ। काठमाडौं यंगालहिटीमा प्रतिष्ठापित जलहरिमा उब्याईएको गोलाकार सूर्यमूर्ति मध्यकालमा निर्मित थियो। काठमाण्डू ऊँ बहाल स्थित सूर्यमूर्ति दोचा र बूट लाएर सोझो उभिई दुवै हातमा पद्मपुष्प लिएको छ। यो मूर्ति पनि मध्यकालीन नै रहेको छ। ललितपुर आलुको हिटिस्थित सूर्यले दोचा र बूट लाएको छ। त्यस मूर्तिमा खास विशेपता स्वरूप दण्ड र पिंगलले पनि बूट लाएका छन्। यो मूर्तिको अध्ययनमा यसलाई पूर्व मध्यकालको मान्न सकिन्छ। पूर्व १ नं. धुलिखेलस्थित अभिलेख सहितको सूर्यमूर्तिको दायां बायां उपा, प्रत्युषा तथा अगाडितिर अरुण औ सप्त घोडाहरू छन्। हाडिगाउँ सत्यनारायण मन्दिर समीपस्थ सप्ताश्वयोजित रथमा आरूढ सूर्यमूर्ति प्रतिष्ठापित छ। त्यस मूर्तिको पादपीठमा पछिल्लो मध्यकालको लिपिमा अभिलेख पनि उत्कीर्ण छ। उत्तरप्राचीन-कालदेखि नै प्रचलित भई अद्यापि राष्ट्रिय झण्डाको रूपमा रहेको राष्ट्रिय झण्डामा पनि चन्द्र सूर्यका आकृतिहरू अंकित छन्।

सूर्यमूर्तिको प्रतिमालक्षण बारे विभिन्न ग्रन्थहरूले प्रकाश पारेका छन्। आगम ग्रन्थहरू यथा अंशुमद्भेदागम तथा सुप्रभेदागमहरू अनुसार पद्मपीठ अथवा सप्ता-श्वयोजित रथमा स्थानक अथवा आसीन रूपले आरुढ द्विभुजायुक्त सूर्यमूर्तिका दुवै हातमा कमल हुने हुन्छ। कमल समातिराखेका सूर्यका दुवै हात कांधसम्म माथि उठाइराखेका हुन्छन्। कान्तिमण्डलयुक्त तिनको शीरमाथि करण्ड मुकुट हुनु पर्दछ। रातो वर्णको पोशाक लाएका सूर्यले विभिन्न प्रकारका गहनाहरू लाएका हुन्छन्। तिनको कानमा कुण्डल औ छातीमा हार लाएको हुन्छ। सूर्यले एउटै मात्र कपडा लाएको हुन्छ औ शरीरलाई उत्तर भारतीय ढांचाको मिहिनकोट, जुन पारदर्शक छ, ले ढाकेको हुन्छ। सूर्यले यज्ञोपवित लाएको हुन्छ। लंगडो अरुणले हांकेको सूर्यको रथमा एउटै मात्र पांग्रा हुनु पर्दछ। सूर्यको दायां बायां उपा र प्रत्युषा हुन्छन्। दोश्रो एक ग्रन्थले सूर्यका राज्ञी, सुवर्णा, सुवर्चसा तथा छायां नामका चारजना पत्नीहरू हुने कुरा वर्णन गरेका छन्। फेरि, तेश्रो एक ग्रन्थमा लम्बमान तरिकाले (Vertically) लिइएको सूर्यको आधा शरीर कृष्ण वर्णका नारी आकृतिको हुने हुन्छ। यस किसिमको आकृतिमा अर्द्धनारीश्वरको भावनालाई दर्शाउन खोजेको स्पष्ट छ। यसको अतिरिक्त यस आकृतिमा सूर्यको आफ्नै धुरीमा घुम्ने सिद्धान्तको समर्थन गरिएको लाग्दछ। सूर्यको रथमा एउटा मात्र पांग्रा हुने हुँदा पनि उक्त कुरोको पुष्टि हुन्छ। शिल्परत्न ग्रन्थ अनुसार सूर्यका दुवैतिर दण्ड र पिंगल नामका द्वारपालहरू हुन्छन्। सूर्यका किरीट पुष्पराग अथवा लालमणि-बाट निर्माण गरिएको हुन्छ। मत्स्यपुराण अनुसार उत्तर भारतका मानिसको जस्तो वेषभुषा लाएको रक्त वर्णका सौन्दर्ययुक्त चारबाहु भएको सूर्यका जुंगा

हुन्छ । सूर्यले विभिन्न किसिमका गहनाहरू लाएका हुन्छन् । सूर्यका दायां बायां हातहरूले लगामको रूपमा सूर्य किरणहरू समातिराखेको श्रौ तिनको कम्मरमा पाणियांग नामक मेखला बांधेको हुनु पर्दछ । तिनले विभिन्न प्रकारका फूलहरूद्वारा निर्मित माला लाउनुको साथै पाउजेब पनि लाएको हुन्छ । सूर्यका बायां श्रौ दायां तिर उत्तर भारतीय ढांचाको वेषभुषा लाएका दण्डका सुन्दर मूर्ति तथा पिंगलका कृष्ण मूर्ति हुन्छन् । सूर्यका दुई हात दण्ड र पिंगलका शीरमाथि राखेका हुन्छन् । पिंगलले ताडपत्र तथा कलम समातेको हुन्छ । सूर्यका बांकी दुई हातले ढाल र शूल समातेका हुन्छन् । सूर्यको बायांतिर ठड्याइएको सूर्यध्वजमा सिंहाकृति हुन्छ । सूर्य पुत्रहरूकोरूपमा लिइएका रेवन्त,यम तथा दुई जना मनुहरू सूर्यको दायां बायाँ गरी दुई दुई जना उभिराखेका हुन्छन् । अथवा ग्रहराजको रूपमा रहेका सूर्यको चारैतिर विभिन्न ग्रहहरू हुन्छन् । बृहत्संहिता ग्रन्थ अनुसार मुकुट, कुण्डल, हार आदि लाएका उदीच्यवेषयुक्त सूर्यका दुवै हातमा कमल हुन्छन् । सूर्यका पैर देखि छातीसम्मका भाग गुप्त राखिनु पर्दछ । विश्वकर्मशिल्प अनुसार सप्ताश्वयोजित एक पांग्रे ठूलो रथमा आरूढ ढाल, कवच लाएका श्रौ श्रंकुचित केशयुक्त मुकुट लाएका सूर्यका दुवै हातमा कमल हुने हुन्छ । राम्रो केशवेश तथा वस्त्र लाएका प्रभामण्डलयुक्त सूर्यले जवाहिरातहरू जडेका गहनाहरू लगाएका हुन्छन् । सूर्यको दायां बायां विभिन्न किसिमका गहनाहरू लाएका उज्वल केश तथा हारयुक्त निक्षुभा र राज्ञी रहन्छिन् । सूर्यको रथलाई मकरध्वज भनिन्छ। दण्ड (यम) र स्कन्द मनुष्याकृतिमा अगाडि तिर हुन्छन् । पद्मासीन वार्च घोडा माथि बसेको हुन्छ । सम्पूर्ण विश्वमा प्रकाशका प्रदाताहरूमा वार्चलाई लिइन्छ । जायफल र सिन्दूर राखेर सूर्यमण्डल निर्माण गरिन्छ । जवाहिरातहरूयुक्त सूर्य (मित्र) का दुई अथवा चार हात हुन्छन् जुन हातहरूमा कमल हुन्छन् । विभिन्न वर्णका घोडाहरूले तानेको रथमा सूर्य अवस्थित हुन्छ । तरवारहरू लिएका दण्ड (यम) र पिंगल (अग्नि) तिनका दुई द्वारपालकहरूको रूपमा रहन्छन् ।

उपर्युक्त विभिन्न वर्णनहरूबाट सूर्यपूजा तथा उपासनाको प्रारूप सृष्टिको आदिमकालदेखि नै भइसकेको कुरा चाल पाइन्छ । सूर्य सृष्टिका नियामकको रूपमा प्राचीनकालमै मानिएको तथ्य बेबिलोनियन सम्राट् हम्मूराबिले सूर्यबाट कानून प्राप्त गरिरहेको आकृति उत्कीर्ण गरिएको प्राप्त भएबाट विदित हुन्छ । सूर्यमा निहित यही नै नियामक शक्तिको कारण मिश्री सम्राट् अखनाटनले सूर्यलाई नै विश्वका एकमात्र देवता भएको यथार्थतालाई हृदयंगम गरी विश्वको इतिहासमा सर्वप्रथम एकेश्वरबादको सिद्धान्तलाई प्रतिपादन गरेका थिए । यसरी विश्वमा सर्वप्रथम अद्वैतबादको कल्पना सूर्यबाटै भएको कुरामा कुनै शंका छैन । यहीन कारण

छ वैदिक मनीषिहरू ज्योतिको आराधनालाई सर्वोपरि महत्व दिन्थे। वैदिक वांङमयमा ज्योति तथा यसका पर्याय भन्दा बढि सामान्य एवं महत्वपूर्ण शब्द कुनै छैन । वृहदा-रण्यकोपनिषद १.३.२८ मा "तमसो मा ज्योतिर्गमय" को रूपमा ज्योति अर्थात् ज्ञान मार्गको प्रतिपादन गरिएको छ । मन, प्राण तथा वाणीलाई प्राचीन आचार्यहरूले तीन प्रकारका ज्योति मानेका छन् । तिनीहरूले ज्योतिको आराधना देव याने ब्रह्मको प्रतीक रूपमा गरे । "यो दीप ब्रह्मरूपस्त्वमन्धकार निवारकः ।" सामवेदको अध्ययनमा पनि यस तथ्यको झझल्को भेट्टिन्छ ।

"अग्निर् ज्योतिर् ज्योतिर् अग्निर्
इन्द्रो ज्योतिर् ज्योतिर् इन्द्र :।
सूर्यो ज्योतिर् ज्योतिर् सूर्य :॥"
–सामवेद १८३१

वैदिक युगमा तीर्थाटन जांदा ऋषिहरूमध्ये एकजनाले सबैभन्दा अगाडि ज्योति समातेर जान्थे । प्रकाशको तेजोमय पुंज लाई नै ज्योति भनिन्छ । यसरी सूर्यको महत्ता प्राचीनकालमा अतिशय मात्रामा बढेको स्पष्ट छ । जुन अद्यापि यहां देखिएकै छ । सविता देवीको नाममा चतु सन्ध्या (प्राताह्न, मध्याह्न, सायाह्न तथा तुरीय) मै गायत्री मन्त्रको जप गरिने परम्परा अहिले सम्म पनि प्रचलित रहेबाट यस कुरोको पुष्टि हुन्छ ।

नवग्रह

वैदिक अर्थात् हिन्दुधर्म अद्वैतवादी छ । यस तथ्यलाई शायदै कसैले इन्कार गर्ने साहस गर्न सक्ला । ऋग्वेदको अध्ययनमा उक्त तथ्यको स्पष्ट झझल्को पाइन्छ।[१] सम्पूर्ण वैदिक एवं त्यसका प्रसूत साहित्यिक तथा पुरातात्विक सामग्रिहरूको गहन अध्ययनमा वाह्यरूपले हेर्दा जत्तिमुकै संख्यामा देवीदेवताहरूको प्राचुर्य देखिएता पनि गूढतामा त्यहाँ अद्वैतवादी भावनाकै प्रतिध्वनि पाइन्छ । एकमा अनेक औ अनेकमा एकको दर्शन हुनु नै वैदिकदर्शन एवं धर्मको निचोड छ । यसैले प्रस्तुत धर्म अद्वैतवादी रहेर पनि यसमा देवीदेवताहरूको बहुलता देखिनु स्वाभाविक छ। उही एकमा अनेकको दर्शन व्यक्ति व्यक्तिमा सन्निहित गुणहरूको परिणति छ, समयानुरूप व्यक्तिको मानसपटमा खिचिने चित्रहरूको चित्रण ।

उपरोक्त धर्ममा देवताहरूको बहुलता रहेको कुरा माथि वर्णन भैसकेको छ । प्राकृतिक शक्तिहरू नै त्यस बेला देवताको रूपमा मानिन्थे । सौम्य एवं रौद्र मध्ये कुनै पनि प्रकृतिको कारण जुनसुकै कुरो पूजनीय हुन्छ। सज्जन पूजायोग्य मानिए जस्तै दुर्जन पनि पूजा गरिने हुन्छ। सज्जनको पूजा उनमा निहित सौम्य प्रकृतिको कारणले गरिन्छ त दुर्जनको पूजा डरको मारे। यसबारे संस्कृतको एक लोकोक्ति छ जुन निम्न प्रकारको छ ।

"प्रथमं दुर्जनं वन्दे सज्जनं तदनन्तरम् । मुखप्रक्षालनात्पूर्वं गुदप्रक्षालनं वरम्।"

वैदिक अर्थात् हिन्दुधर्मका अनेकौं देवताहरूमा नवग्रह पनि लिइएका छन्। ग्रहहरूको गतिमै प्राणी मात्रको हित अहित अवस्थित हुने विश्वासमै ग्रहहरूलाई देववत् पुजिने चलन चलेको हुनु धेरै सम्भव छ । सात ग्रहको एक स्थानमा रहँदा हुने उपद्रवको संकेत उपमाको रूपमा प्रथम शताब्दीका महाकवि अश्वघोषले आफ्नो रचना बुद्धचरितम्मा प्रस्तुत गरेका थिए जसले ग्रहपूजा यहाँ किन प्रचलित भयो भन्ने कुराको झल्को दिएको छ ।[२]

वैदिक समयदेखि नै ग्रहबारे ज्ञान मानिसहरूलाई भैसकेको थियो । वेदमा सूर्यको स्तुतिको साथै अन्य ग्रहहरूको पनि स्तुति गरिएको छ ।[३] वैदिक ग्रन्थहरूको अतिरिक्त महाभारत, रामायण, मार्कण्डेयपुराण, विष्णुपुराण, भविष्यपुराण ब्रह्मपुराण, अग्निपुराण, गरुडपुराण सौरसंहिता तथा साम्ब, उपपुराणहरूका साथै

अभिलेख तथा अन्य ग्रन्थहरूमा सूर्यसम्बन्धी वर्णन उल्लेख्य छन् ।[4] गुप्ता संवत् १४६ (४६६ ई.)को इन्दोर ताम्रलेख[5], ४७३ ई. को मन्दसोर अभिलेख,[6] शक संवत् ४०२ (४८० ई.) को काठमाण्डू टेवहालस्थित सूर्यमूर्तिको पादपीठ लेख[7] औ सातौं शताब्दी ई. का कवि मयूररचित सूर्यशतक[8] मा सूर्यमूर्तिको प्रतिष्ठापन, स्तुति आदि आदि वर्णित छन् । छैठौं शदी ई. का वराहमिहिरले आफ्नो वृहत्संहिता ग्रन्थमा सूर्यसम्बन्धी महत्वपूर्ण जानकारी प्रदान गरेका छन् । कृष्णका छोरा साम्बले सूर्यमूर्तिको स्थापना गर्नुको अतिरिक्त त्यसको पुजाहारीमा शाकद्वीपबासी मग ब्राह्मणहरू ल्याई नियुक्त गरेको कुरा उल्लेखमा आएको छ ।[9] उक्त साम्बको नाम बसाढको खुदाइमा प्राप्त गुप्तकालीन मुहरमा पनि भेट्टिएको छ ।[10] फेरि, सूर्य पन्चायतन देवताहरूमा एक मानिएको छ ।[11] तर, ने. सं. ९६९ (१८४९ ई.) को पशुपति गौशालास्थित पन्चायतन देवताहरूको क्रममा सूर्यलाई सम्मिलित गरिएको छैन । नेपालमा प्राप्त सवप्राचीन सूर्य, चन्द्र मूर्तिहरूमा ललितपुर कुम्भेश्वर गैह्लीधाराको चतुष्कोण आकारमा कुँदिएको उत्तरप्राचीनकालीन सूर्यमूर्ति र आठौं-नवौं शताब्दी ई. को राहु र केतुका मूर्ति समेत कुँदिएको देवपाटनको धारास्थित सुर्यमूर्ति[12] तथा ने. सं. ५४७, ने. सं. ५४९ का ल. पु. भण्डारखाल र चकवहिलका सप्तहंसमा आरूढ चन्द्रमूर्तिहरू[13] छन् । यद्यपि यो निश्चय छ कि चन्द्रमाको उल्लेख शक संवत् ३८६ (४६४ ई.) को चांगु अभिलेखमै भेट्टिएको छ ।[14] साहित्यिक आधारमा ग्रहबारे उल्लेख वैदिक समयदेखि नै भएको देखिएतापनि पुरातात्विक आधारमा ग्रहगणबारे उल्लेख प्रथम या द्वितीय शदी ई. देखि भएको कुरा सुनिश्चित छ । महाकवि अश्वघोषविरचित बुद्धचरितममा सात ग्रहको उल्लेख भएको[15] तथा द्वितीय शदी ई. को नासिक अभिलेखको "चद -दिवाकर नखत–गह–विचिण–समरसिरसि जित-रिपु–सघस . . ." पंक्ति[16] यसका लागि उदाहरणस्वरूप छन् । शूद्रक रचित मृच्छकटिकको "ग्रहगण परिवारो राजमार्ग प्रदीपः" पंक्ति[17] पनि उक्त तथ्यको पुष्टि स्वरूप छ । ई. सन्को प्रारम्भदेखि देखिन लागेको मथुरा कलामा ग्रहहरूका मूर्तिहरू देखिएका छन्[18] जसले तिनीहरूको देवताको रूपमा पुजिने ऐतिहासिक परम्पराको बोध गराउँछ ।

यद्यपि यो निश्चय छ कि साहित्यिक आधारमा वैदिक समयदेखि तथा पुरातात्विक आधारमा खिष्टाब्दको प्रारम्भदेखि नै यहां ग्रहहरू बारे ज्ञान भैसकेको भए तापनि ग्रहहरू कुन कुन हुन् भन्ने बारे तत्कालीन विद्वान्हरूमा मतैक्य भए जस्तो लाग्दैन । तृतीय शदी ई. पू. तिर संकलित "मज्झिम निकाय" ग्रन्थमा शुक्रलाई तारा भनी उल्लेख गरिएको छ ।[19] शुक्र तारा नभै ग्रह रहेको कुरा पछिका अनुसन्धान-कर्ताहरूले सिद्ध गरिसकेका छन् । यसर्थ प्रस्तुत ग्रन्थमा शुक्रलाई ग्रह भनिनुको

साटो तारा भनिएकोले त्यस समयसम्म ग्रह र ताराको भिन्नताको ज्ञान मानिसहरूमा राम्रोसित नभैसकेको कुरा स्पष्टरूपले अनुमान गर्न सकिन्छ। फेरि, कसैले चन्द्र-सूर्यलाई ग्रहगणमा सम्मिलित गरी गणना गरेका छन् त कसैले चन्द्र सूर्यलाई ग्रहहरूबाट अलग राखी गणना गरेका छन्। बुद्धचरितम्का "सात ग्रहोंकी तरह उन सात राजाओंके एकत्र होनेसे पृथ्वी उपद्रवयुक्त होकर, समुद्र-पर्वतसहित बडे वेगसे कांपने लगी ।।७।।" पंक्ति[२०] तथा ग्रहहरूको पंक्तिमा चन्द्र सूर्य पनि समावेश गरिएको मथुरा कलामा पाइएबाट चन्द्र सूर्यलाई त्यस समय ग्रहमै गणना गरिएको कुरा चाल पाइन्छ। तर माथि उल्लिखित १४६ ई. को नासिक गुहाभिलेखमा "चद-दिवाकर-नखत-गह-विचिण-समरसिरसि जित-रिपु--सघस" भनी उल्लेख गरिनु[२१] तथा रघुवंश र भर्तृहरि विरचित नीतिशतकका "नक्षत्रताराग्रहसंकुलापि ज्योतिष्मती चन्द्रमसैव रात्रिः ।।२२।।"–रघुवंश, षष्ठः सर्गः[२२], "रविनिशाकरयोर्ग्रहपीडनं" नीतिशतक ६१[२३] पंक्तिहरूबाट चन्द्र-सूर्यलाई ग्रहगणबाट अलग्याएको देखिन्छ। कालिदाश विरचित रघुवंशको श्रीमल्लिनाथ टीकामा "तथाहि, नक्षत्रैः अश्विन्यादिभिः ताराभिः साधारणैः ज्योतिर्भिःग्रहैः भौमादिभिश्च संकुला अपि रात्रिः चन्द्रसमा एवं ज्योतिरस्या अस्तोति ज्योतिष्मती, नान्येन ज्योतिषा इत्यर्थः"[२४] उल्लेख भएको पाइएबाट पनि उक्त तथ्यको पुष्टि नै भएको लाग्दछ। नवौं शदी ई. को शुरु शुरुका अभिलेखहरूमा समेत चन्द्र सूर्यलाई अन्य ग्रहगणहरूबाट छुट्याइएको पाइएको छ । चम्पास्थित शक संवत् ७२३ (८०१ई.)को "सूर्य्याचन्द्रमसौ ग्रहनक्षत्रतारागणास्सन्ति तावत् नरके वसन्तु स्म।।" अभिलेख[२५] यसकोलागि उदाहरणस्वरूप छ। यसरी पुरातात्विक आधारमा ग्रहगण बारे उल्लेख खिृष्टाब्दको प्रारम्भमै भएको देखिए तापनि ग्रहहरू कुन कुन हुन् भन्ने कुरामा तत्समय एकमत नभएको सिद्ध छ।

तर, ग्रहहरूको नागमा नामकरण गरिएका दिनहरूको उल्लेख पांचौं शदी ई. देखिका अभिलेखहरूमा देखिनु तथा सात बारका नाममा अद्यापि चन्द्र सूर्यको नाम पनि राखिएको पाइएबाट तत्समय ग्रहहरूको पंक्तिमा चन्द्र सूर्य पनि समाविष्ट गरिनु धेरै सम्भव छ। गुप्त संवत् १६५ (४८४ई), को एरण शिलास्तम्भ लेख[२६] तथा छैठौं शदी ई. को चम्पास्थित शम्भुवर्मनको अभिलेख[२७] यसकोलागि उदाहरणको रूपमा लिन सकिन्छ। मथुरा कलाशैलीका ग्रहमूर्तिहरूमा चन्द्र सूर्यको मूर्ति पनि पाइनु तथा महाकवि अश्वघोषका बुद्धचरितम्मा सात ग्रह एक ठाउँमा रहँदा भूकम्प हुने कुराको उल्लेख भए अनुरूप नेपालमा भूकम्प गएको घटनाले तत्समय विद्वत्समाजमा चन्द्र सूर्यलाई पनि खास तवरले ग्रहगणमै गणना गर्ने चलन चलेको कुराको अनुमान हुन्छ। छैठौं शदी ई. को माथि उल्लिखित चम्पास्थित

शम्भुवर्मनको अभिलेख[२८] एवं नवौं शदी ई. को चम्पाको अभिलेखमा[२९] अन्य ग्रहहरूसंगै चन्द्र सूर्यलाई पनि सम्मिलित गरेको पाइनु तथा आठौं-नवौं शदी ई. तिरको भ. पु. न्यातपोल मन्दिरसंगै गैह्रिधाराको नवग्रहको मूर्तिमा चन्द्र सूर्यको मूर्ति पनि देखिनुको अतिरिक्त तन्जोरस्थित सूर्य नारववायल मन्दिरको नवग्रहका धातु मूर्तिहरूमा[३०] चन्द्र सूर्यका मूर्तिहरू देखिएबाट उक्त तथ्यको अरू बढी पुष्टि हुन्छ। फेरि रूपमण्डन नामक ग्रन्थमा दिइएका नवग्रहका नामक्रममा चन्द्र सूर्यका नामहरू पनि समावेश गरिएका छन्।[३१]

१. सूर्य (श्वेत वर्ण)	२. सोम (श्वेत वर्ण)
३. भौम (रक्त वर्ण)	४. बुध (पीत वर्ण)
५. गुरू (पीत वर्ण)	६. शुक्र (श्वेत वर्ण)
७. शनि (श्याम वर्ण)	८. राहु (धूम्र वर्ण)
९. केतु (धूम्र वर्ण)	

—रूपमण्डन

अर्को, अमरकोश[३२] तथा गुप्ता संवत् १४६ (४६६ ई.) का इन्दोर ताम्रलेखका पंक्तिहरूमा[३३] सूर्यलाई ग्रहपति भनिएबाट तत्समय सूर्यलाई ग्रहमै गणना गरिन्थ्यो भन्ने कुरा अवगत हुन्छ। यसरी उपरोक्त सबै आधारहरूको प्रस्तुतीकरणले तत्कालीन विद्वन्मण्डलीमा चन्द्र सूर्यलाई पनि ग्रहमै गणना गर्ने चलनको बहुलता रहेको सजिलैसंग अनुमान गर्न सकिन्छ।

यद्यपि उपरोक्त समय चन्द्र-सूर्यलाई पनि ग्रहमै मानिने परम्परा चलेको देखिएता पनि तत्समय चन्द्र सूर्यलाई ग्रहगणदेखि अलग मान्ने विद्वान्हरूको पनि यहाँ अस्तित्व रहेको कुरा माथि वर्णित उदाहरणहरूबाट स्पष्ट भैसकेको छ। जसले तत्कालीन मनीषीहरूको उच्च वैज्ञानिक अनुभूतिको पत्तो हुन्छ। यस तथ्यलाई आजतकका वैज्ञानिक उपलब्धिहरूले प्रमाणित नै गरेका छन्। सूर्यलाई सबै ग्रहहरू [मर्करी (बुध) वेनस (शुक्र), अर्थ (पृथ्वी), मार्स (मंगल), जुपिटर (बृहस्पति), सैटरन (शनि), युरानुस, नेप्च्यून, प्लुटो) को केन्द्रविन्दु र्श्री चन्द्रलाई पृथ्वीको उपग्रह रूपमा मानेर। चन्द्रमा समुद्र मंथन गर्दा समुद्रबाट निस्केको भन्ने अनुश्रुतिमा पनि आजका विज्ञानको चरितार्थता सिद्ध हुन्छ।[३४] फेरि, छैटौं शदी ई. का सुप्रसिद्ध ज्योतिर्विद् वराहमिहिरले आफ्नो बृहज्जातक ग्रन्थमा ग्रहहरूमा निहित प्रकाश सूर्यको देनस्वरूप रहेको तथ्यलाई स्वीकारे[३५] बाट सूर्यलाई ग्रह मान्न नसकिने कुरा प्रकटित भएको छ। यस कुराको वैज्ञानिक पुष्टि आजको विज्ञानले ग्रहहरूको आफ्नै तेज नहुने र्श्री तिनीहरूमा देखिएका

प्रकाश सूर्यरश्मिको प्रतिविम्ब मात्र रहेको कुरालाई स्वीकारेको छ । यसरी उक्त तथ्यहरूले प्राक्कालीन नेपाल एवं भारतमा वैज्ञानिक अनुभूतिको राम्रो प्रस्फुटन भएको कुरा सजिलैसंग अनुमान गर्न सकिन्छ । कर्पानिकसभन्दा करीब १००० वर्ष पहिले अर्थात् पांचौं शदी ई. मै आर्यभट्टले आफ्नो आर्यभट्टीय नामक ग्रन्थमा पृथ्वीको आफ्नो कक्षामा घुम्ने सिद्दान्तलाई प्रतिपादन गर्नुको साथै चन्द्रग्रहणमा चन्द्रमामा पृथ्वीको छायां पर्ने सिद्धान्त निकालेका थिए ।[३६] यसले पनि उक्त तथ्यको पुष्टि हुन्छ ।

माथि वर्णन गरिएअनुसार प्रथम शदी ई. देखिनै पुरातात्त्विक आधारमा ग्रहहरूको उल्लेख यहां देखिएको थियो । तर, त्यस समय ग्रहहरूको संख्या नौ नै रहेको छ भन्ने कुरा शंकास्पद नै लाग्दछ । हो, प्रथम शदी ई. का महाकवि अश्वघोषले सात ग्रहको उल्लेख आफ्नो बुद्धचरितम् ग्रन्थमा गरेको छ जसले तत्कालीन समाजमा सप्तग्रह विषयक ज्ञान रहेको कुरा निश्चित छ । तर, राहुको नाम बाहेक अन्य ग्रहहरूको नाम त्यसमा नदिएकोले[३७] तत्कालीन ग्रहहरूको नाम ठोकुवा गर्न नसकिने भएको छ । यो निश्चय छ प्रथम शदी ई. को नानाघात गुहाभिलेखमा चन्द्र सूर्यको नाम उत्कीर्ण भएको छ ।[३८] तैपनि विभिन्न ग्रहहरूको नाम जान्नको लागि अन्य साहित्यिक ग्रन्थहरूको सहारा लिनु अत्यावश्यक छ । तृतीय शदी ई. पू. तिर संकलित मज्झिम निकाय ग्रन्थमा शुक्रको उल्लेख आएको कुरा माथि वर्णित भैसकेको छ ।[३९] विभिन्न ग्रहहरूको उल्लेख रघुवंश, अमरकोश, नीतिशतक, पंचतन्त्र, मुद्राराक्षस आदि ग्रन्थहरूमा आएकोछ ।[४०] फेरि अनुमानित सत्रौं, अठारौं शदी ई. को भौमयन्त्रको जानकारी भियनावासी ई. हल्टस्जकले दिएको छ । त्यो यन्त्र त्रिकोणात्मक रहेर एक्काईस साना साना कोठाहरूमा विभक्त छ । उक्त कोठाहरूमा ग्रहनाम निम्न दिइएको छ ।[४१] १, श्रों मंगलाय नमः, २ श्रों भूमिपुत्राय नमः, ३. श्रों ऋणहर्त्रे नमः ४, श्रों धनप्रदाय नमः, ५. श्रों स्थिरासनाय (न) मः, ६. श्रों महाकायाय नमः, ७. श्रों सर्वकर्मविरोधकाय नमः, ८. श्रों लोहिताय नमः, ९. ओं लोहिताक्षाय नमः, १०. श्रों सामगानय (नृ) पा (क) राय नमः, ११. ओं धरात्मजाय नमः, १२. श्रों कुजाय नमः, १३. श्रों भौमाय नमः, १४. श्रों भूतिदाय नमः, १५. श्रों भूमिनंदनाय नमः, १६. श्रों अंगारकाय नमः, १७. श्रों यमाय नमः, १८. श्रों सर्वरोगापहारकाय नमः, १९. श्रों वृष्टिकर्त्रे नमः, २०. श्रों वृष्टिहर्त्रे नमः, २१. श्रों सर्वकामफलप्रदाय नमः ।

यसरी साहित्यिक सामग्रिहरूको माध्यमबाट ग्रहहरूको नाम थाहा पाउन सकिन्छ । तर, पुरातात्विक आधारमा केतुको उल्लेख छैटौं शदी ई. देखि मात्र भएको देखिन्छ जब अन्य ग्रहहरू त्यसभन्दा अगाडि नै पुरातात्विक दृष्टिमा आइसकेका

थिए । अनि केतु नवग्रहको नामक्रममा सबभन्दा पछि मात्र देखा पर्न आएको हुँदा ग्रहहरूको नौ संख्याको गणना चारौं शदी ई. देखि मात्र भएको कुरा चाल पाइन्छ । यसरी प्राचीन कालदेखि नै यहाँ नवग्रहलाई भगवानको रूपमा मानिंदै आएको कुराको पत्तो हुन्छ । अनि भगवान ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान, वैराग आदि षड्गुणयुक्त[२] हुँदा उक्त ग्रहहरू प्राणीमात्रको कल्याणकोलागि गतिमान् होऊन् । यही नै हाम्रो कामना छ, कहिल्यै नटुंगिने जपना छ ।

टिप्पणी

१) इन्द्रं मित्रं वरुणमग्निमाहुरथो दिव्यः स सुपर्णो गरुत्मान् । एकं सद्विप्रा वहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहुः ॥

—ऋग्वेद १।१६४,४६

हेर्नू:—भगवत शरण उपाध्याय कृत "प्राचीन भारतका इतिहास," ग्रन्थमाला कार्यालय, पटना, १९५७ ई., पृ. ३५

२) "सात ग्रहोंकी तरह उन सात राजाओंके एकत्र होनेसे पृथ्वी उपद्रवयुक्त होकर, समुद्र-पर्वत सहित बडे वेगसे कांपने लगी ॥७॥"

बुद्धचरितम् अष्टाविंशः सर्गः

हेर्नू:—"बुद्धचरितम्" प्रकाश हिन्दी व्याख्योपेतम् (द्वितीयो भागः), चौखम्बा विद्याभवन, 'वाराणसी,' १९६३ ई., पृ. १७४

३) हेर्नू:—आर. सि. दत्त लिखित "प्राचीन भारत की सभ्यताका इतिहास", इतिहास प्रकाशन संस्थान, इलाहावाद, १९६६ ई., पृ. ५५०

४) हेर्नू:—जे. एच. देभ लिखित "इमोर्टल इण्डिया" भोल २, भारतीय विद्याभवन, १९५९ ई., पृ. ११२

५) "यं विप्रा विधिवत्प्रबुद्ध—मनसो ध्यानैकताना स्तुवः । यस्यान्तं त्रिदशासुरा न विविदुर्न्नोर्ध्वं न तिर्य्यग्गति (म्) (।)

यं लोको बहु-रोग-वेग-विवशः संश्रित्य चतोलभः पायाद्वः स जगत्पि (धा) न—पुटच्छिद्रश्म्याकरो भास्करः ॥

—ईन्दोर ताम्रलेख, गुप्ता संवत् १४६ (४६६ ई.)

हेर्नू:—डि. सी. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स," कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ३१९

६) [यो] वृत्य (त्य)र्थ मुपास्यते सुर-गणै (स्सिद्धैश्च) सिद्धर्त्यर्थिभिर्ध्यानै-काग्र-परैर्व्विधेय—विषयैर्म्मोक्षार्त्थिभिर्य्योगिभिः ।

भक्त्या तीव्र-तपोधनैश्च मुनिभिश्शाप-प्रसाद-क्षमैर्हेतुर्यो जगत क्षयाभ्युदययो

पायात्सवो भास्कर: ॥१

तत्व-ज्ञान-विदो (ऽ) पि यस्य न विदुर्ब्रह्मर्षयो (ऽ) भ्युद्यता कृत्स्नं यश्च गभस्तिभि: प्रवृसृतै पु (ष्णा) ति लोक त्रयम् ।

ग (न्ध) र्व्वामर-सिद्ध-किन्नर-नरैस्संस्तूयते (ऽ) भ्युत्थितो भक्तेभ्यश्च ददाति यो (ऽ) भिलषितं तस्मै सवित्रे नम: ॥२

–मन्दसोर अभिलेख, मालव संवत् ४९३ र ५२९

हेर्नू:–उही, पृ. ३००

७) "(संव) त् ४०२ राज्ञ: श्रीमानदेवस्य सम्यक्पालयतो महीम् आषाढशुक्लस्य तिथौ पंचदश्यां शुभार्थिना वणिजां सार्थवाहेन गुहमित्रन (ण) भक्तित: संस्थापितोत्र भगवानिन्द्रो नाम दिवाकर: क्षेत्रं यथा गुम्पद्‌वृम्प्रदेशे शतस्य भूमि: पिण्डकमानिका चु"

टेवहालस्थित अभिलेख, संवत् ४०२ (४८० ई.)

हेर्नू:– हरिरामजोशी: नेपालको प्राचीन अभिलेख, ने. रा. प्र.प्र., २०३०, पृ ४३

८) श्लोका लोकस्य भूत्यै शतमिति रचिता: श्रीमयूरेण भक्त्या युक्तश्चैतान् पठेद् य: सकृदपि पुरुष: सर्वपापैर्विमुक्त: ।

आरोग्यं सत्कवित्वं मतिमतुलबलं कान्तिमायु: प्रकर्षं विद्यामैश्वर्यमर्थ सुतमपि लभते सोऽत्र सूर्यप्रसादात् ॥

–सातौं शदी ई. का कवि मयूररचित "सूर्यशतक" को अंश ।

हेर्नु:–जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भोल २, भारतीय विद्याभवन, १९५९ ई., पृ. ११४

९) हेर्नू:–उही, पृ. १११; जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भोल ३, भारतीय विद्याभवन, १९६० ई., पृ. १९९–२००

१०) "जयत्यनन्तो भगवान् साम्ब:"

–वसाढको खुदाईमा प्राप्त गुप्तकालीन मुहरमा अंकित लेख

हेर्नू:–राहुल सांकृत्यायन विरचित "पुरातत्व-निवन्धावली", किताव महल, १९५८ ई., पृ. १४

११) हेर्नू:–जे. एच. देभ लिखित "इमोर्टल इण्डिया" भोल ३, भारतीय विद्याभवन, १९६० ई., पृ. १९८

१२) हेर्नू:–नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित "प्रज्ञा" वर्ष १, अंक १, २०२७, पृ. १७-१८

१३) हेर्नू:–हरिराम जोशी:–मध्यकालीन अभिलेख (पुरातत्व विभागबाट प्रकाशित प्राचीन नेपाल, संख्या ५७, पृ. ४२;
हरिरामजोशी: मध्यकालीन अभिलेख (पुरातत्त्वविभागबाट प्रकाशित प्राचीन नेपाल, संख्या ५७,पृ. ४५)

१४) "संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो) हिणीनक्षत्रयुक्ते चन्द्र (म) सि मुहूर्ते प्रशस्तेभिजिति"

चाङ्गुको शिलालेख

हेर्नू:–हरिराम जोशी:– नेपालको प्राचीन अभिलेख, ने. रा. प्र. प्र, २०३०, पृ. ६

१५) हेर्नू:–माथि टिप्पणी नं. २

१६) हेर्नू:–डि. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९५५ ई., पृ. २०५

१७) हेर्नू:–वी. एस. एप्टे लिखित "संस्कृत इंगलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. ३२३

१८) हेर्नू:–श्री कृष्णदत्त बाजपेयीद्वारा लिखित तथा संपादित "मथुरा २," शिक्षाविभाग, उत्तर प्रदेश, १९५५ ई,. पृ. ३२

१९) अध्याममे अरूप–संज्ञी. . .अवदात (सफेद). . .रूपोको देखता है। जैसे कि अवदात. .शुक्रतारा (=ओसधी–तारका), या जैसे कि सफेद. . बनारसी वस्त्र. . .।"

(मज्झिम–निकाय, ७७–महासकुलुदायि सुत्त)

हेर्नू:–राहुल सांकृत्यायन द्वारा अनुदित "मज्झिमनिकाय", महाबोधि सभा, सारनाथ, वुद्धाब्द २५०८, पृ. ३१३

२०) हेर्नू:–माथि टिप्पणी नं. २ र १५

२१) हेर्नू:–माथि टिप्पणी नं. १६

२२) हेर्नू:–महाकवि कालिदास बिरचित्त "रघुवंश"; वी एस. एप्टे लिखित "संस्कृत इंगलिश डिक्शनरी" १९६८ ई., पृ. १९५, २०३

२३) हेर्नू:–राजा भर्तृहरि विरचित "नीतिशतक",; वि. एस. एप्टे लिखित "संस्कृत इंगलिश डिक्शनरी" १९६८ ई., पृ. १९५

२४) हेर्नू:–महाकवि कालिदास विरचित "रघुवंश" को श्री मल्लिनाथको टीका पृ. २२८

२५) हेर्नू:–आर. सी. मजुमदार कृत "चम्पा", द पंजाब संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई., पृ. ५५

२६) "जयति विभुश्चतुर्भुजश्चतुरर्णव –विपुल–सलिल-पर्य्यङ्कः (।) जगतः स्थित्युत्पत्ति–न्य (यादि) हेतुर्गरुड-केतुः (॥) १

शते पंचपष्यठ्धिके वर्षाणां भूपतौ च बुधगुप्ते। आषाढ–मास- (शुक्ल)– (द्वा) दश्यां सुरगुरोर्द्दिवसे ।२"

–एरण शिलास्तम्भलेख, गुप्ता संवत् १६५ (४८४ ई.)

हेर्नूः–डि. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ३३५

२७) (इं)द्रयोगे भार्ग्गवदिवसे स्थिरहोराद्रेक्काणनवांशकत्रिंशद्भागमौरिका ....(ल) ग्ने सुविशुद्धे तृतीयादित्यकेतुचतुर्थासुरगुरुजीवबुधपष्ठराहु..."

–चम्पास्थित शम्भुवर्मन्को अभिलेख, छैठौं शंदी ई.

हेर्नूः–आर. सी. मजुदार कृत "चम्पा", द पंजाव संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई., पृ. ११

२८) हेर्नूः–माथि टिप्पणी नं. २७

२९) लोके सोप्यसमो नरेन्द्रयशसा त्वं ज्ञानवृद्धिद्युतिप्रख्यातिश्रुतिनीतिकीर्त्ति-गति श्रि.श्श्री.सम दालङ्कृतः।

सौम्याङ्गारबृहस्पतीन्दुदिनकृत्काव्यार्कजे पालित २ श्री माञ्छ्रीजय–इन्द्र-वर्म्मविदितो देदीप्यते प्रज्ञया ॥"

–चम्पास्थित अभिलेख, शक संवत् ७९७ (८७५) ई.)

हेर्नूः–आ.र. सी. मजुमदार कृत "चम्पा" द पंजाव संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई., पृ. ८०

३०) हेर्नूः–गोपीनाथराव लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल १ पार्ट २, मोतीलाल बनारसीदास, दिल्ली, १९६८ ई., पृ. ३२३

३१) हेर्नूः–उही, पृ. ३२२–३२३;

"सूर्यश्चंद्रो मंगलश्च बुधश्चापि बृहस्पतिः शूक्रः शनैश्चरो राहुः केतुश्चेति ग्रहा नव ॥"

हेर्नूः–वी. एस. एप्ते लिखित "संस्कृत इंगलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. १९५

३२) "द्युमणिस्तरणिर्मित्रश्चित्रभानुर्विरोचनः। विभावसुर्ग्रहपतिस्त्विषांपतिरहर्पतिः ॥३०॥"

–अमरकोशः, प्रथम काण्डम्, दिग्वर्गः।

हेर्नूः–अमरकोशः टीकाकार–कुलचन्द्र शर्मा गौतम, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०२६, पृ. २६

३३) "इन्द्रपुर निवासिन्यास्तैलिक-श्रेण्या जीवन्तप्रवरायाइतो (ऽ) धिष्ठानादप-क्क्रमणसंप्रवेशयथास्थिरायाः आजस्रिकं ग्रहपतेर्द्विज-मूल्य-दत्तमनया तु श्रेण्या यदभग्नयोगम् प्रत्थमार्हाव्य (व) च्छिन्न-संस्थं 'देयं तैलस्य तुल्येन पलद्वयं तु २ चन्द्रार्क्क-समकालीयं (यम्) ॥"

—इन्दोर ताम्रलेख, गुप्ता संवत् १४६ (४६६ ई.)

हेर्नू:—डी. सी. सरकारद्वारा सम्पादित "सेलेक्ट इस्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ३२०

३४) "कौशेयं कृमिजं मुवर्णमुपलाद् दूर्वापि गोरोमतः पंकात्तामरसं शशांक उदधेरिन्दीवरं गोमयात् ।
काष्ठादग्निरहेः फणादपि मणिर्गोपित्ततो रोचना प्राकाश्यं स्वगुणोदयेन गुणिनो गच्छन्ति किं जन्मना ॥१०३॥"

—पन्चतन्त्रे मित्रभेदः

हेर्नू:—श्री विष्णुशर्म प्रणीतं "पंचतन्त्रम्" सरला हिन्दी टीकोपेतम्, चौखम्वा विद्याभवन, वाराणसी—१, वि. सं. २०१५, पृ. ३३;

"लक्ष्मीः कौस्तुभपारिजातकमुरा धन्वंतरिश्चंद्रमा गावः कामदुघाः सुरेश्वर-गजो रंभादिदेवांगनाः ।
अश्वः सप्तमुखो विषं हरिधनुः शंखो ऽमृतं चांवुधे रत्नानहि चतुर्दश प्रतिदिनं कुर्युः सदा मंगलं ।।"

हेर्नू:—वी. एस. एप्ते लिखित "संस्कृत इंगलिश डिक्सनरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. २०१

३५) "मूर्तित्वे परिकल्पितः शशभृतो वर्त्माऽपुनर्जन्मना आत्मेत्यात्मविदां क्रतुश्च यजतां भर्ताऽमरज्योतिषाम् ।
लोकानां प्रलयोद्भवस्थितिविभुश्चानेकथा यः श्रुतो वातं नः स ददात्वनेक-किरणस्त्रैलोक्यदीपो रवि : ॥"

हेर्नू:—जे एच. देभ लिखित "इमोर्टल इण्डिया" भोल ३, भारतीय विद्या भवन, बम्वे १९६० ई., पृ. २०१

३६) हेर्नू:—आर. सी. दत्त लिखित "प्राचीन भारतकी सभ्यताका इतिहास", इतिहास प्रकाशन संस्थान, इलाहावाद, १९६६ ई., पृ. ५५१

३७) "जब मुनि निर्वाणके लिये गये तब वैशाली तिमिरसे घिर कर राहुसे ग्रसित सूर्यके होने पर दिशाकी भांति प्रभाशून्य हो गई ॥१॥"

—बुद्धचरितम्, पञ्चविंशः सर्गः

हेर्नू:–बुद्धचरितम् "प्रकाश हिन्दी व्याख्योपेतम् '(द्वितीयो भागः)', चौखम्बा विद्याभवन, वाराणसी, १९६३ ई., पृ. १२६

३८) "सिधं) नो धंमस नमो ईदरा नमो संकंसन–वासुदेवान चंद-सुरानं(महि)मा (व) तानं चतुंनं चं लोकपालानं यम-वरुन-कुबेर-वासवानं नमो (।।)"

नानाघाट गुहाभिलेख, प्रथम शदी ई. पू.

हेर्नू:–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. १९३

३९) हेर्नू:–माथि टिप्पणी नं. १९

४०) दोषातनं बुधबृहस्पतियोगदृश्यस्तारापतिस्तरलविद्युदिवाभवृन्दम् ।।७६।।"

–रघुवंश, त्रयोदशः सर्ग

हेर्नू:–महाकवि कालीदास विरचित "रघुवंश";

"...रक्षत्येनं तु बुधयोगः ।।६।।"

"क्रूरग्रहः सकेतुश्चं द्रमशम्पूर्णमंडलमिदानीम् ।"

–मुद्राराक्षस १.६

हेर्नू:–विशाखदत्तकृत मुद्राराक्षस नाटक;

"वक आह–दैवज्ञमुखात् । एष शनैश्चरो हि रोहिणीशकटं भित्त्वा भौमं शुक्रं च प्रयास्यति । उक्तं च वराहमिहिरेण–रोहिणीशकट मर्कनन्दनश्चेदभिनत्ति रुधिरोऽथवा शशी । किं वदामि तदनिष्टसागरे सर्वलोकमुपयाति संक्षयः ।।२३५।।"

–पंचतन्त्रे मित्रभेदः

हेर्नू:–श्री विष्णुशर्मप्रणीतं "पंचतन्त्रम्" सरला हिन्दी टीकोपेतम्, चौखम्बा विद्याभवन, वाराणसी–१, वि. सं. २०१५, पृ. १०१, १०२;

"गुरुणा स्तनभारेण मुखचंद्रेण भास्वता । शनैश्चराभ्यां पादाभ्यां रेजे ग्रहमयीव सा ।।१७।।"

शृङ्गार शतक १७

हेर्नू:–भर्तृहरि विरचित नीतिशतकम्, चौखम्बा संस्कृत सेरीज अफिस्, वाराणसी, १९६७, पृ. १०;

"बृहस्पतिः सुराचार्यो गीर्पतिर्धिषणो गुरुः । जीव आङ्गिरसो वाचस्पतिश्चित्रशिखण्डिज :।।२४।।

शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कवि : । अङ्गारकः कुजो भौमो लोहिताङ्गो महीसुतः ।।२५।।

रोहिणेयो बुधः सौम्यः समौ शौरिशनैश्चरो । तमस्तु राहुः स्वर्भानुः सैंहिकेयो

विधुन्तुदः ॥२६॥"

अमरकोशः दिग्वर्गः

"ग्रहभेदे ध्वजे केतुः पार्थिवे तनये सुतः ॥६०॥"

–अमरकोशः नानार्थवर्गः

हेर्नूः–अमरकोशः टीकाकार–कुलचन्द्र शर्मा गौतम, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२६, पृ. २५–२६, २२९

४१) हेर्नूः–जस बुर्गेसद्वारा संपादित "दि इण्डियन अण्टिक्वेरी" भोल III–१८८४, पृ. १३९

४२) "ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः । ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीङ्गना ॥"

–विष्णुपुराण ।६।५।७३

बौद्ध परम्परानुसार भगवान्मा निहित षड्गुणहरू हुन्– ईस्सरीय, धम्म, यस, सिरी, काम र पयतन ।

हेर्नूः–डि.सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ९१, ९७

त्रिविक्रम विष्णु

नेपालका प्राचीन धर्महरूमा वैष्णव धर्म पनि एक रहेको छ । यस तथ्यको जानकारी नेपालमा अहिलेसम्मन् प्राप्त शिलाभिलेखहरूमा सर्वप्राचीन प्रमाणित हुन आएको राजा शंकरदेवकालीन स्वयम्भूशिलालेखमा इन्द्रको नाम उत्कीर्ण हुनुको साथै याज्ञिक कर्मकाण्डको उल्लेख भएबाट हुन्छ । "...द्युनिमा (न्) ईजे" "...वरुणमहेन्द्रवपुषा महता" । किनभने वैदिककालमा गौण देवता स्वरूप मात्र रहेको विष्णुको महत्व ब्राह्मणकालमा आई ज्यादै बढ्न गएको थियो, विष्णुलाई नै यज्ञको संज्ञा दिइन लागेको थियो । फेरि, इन्द्रलाई पौराणिक उपाख्यान अनुसार विष्णुका दाजु मानेर विष्णुलाई "इन्द्रानुजः", "इन्द्रावरजः", "उपेन्द्र" को संज्ञा दिइएको थियो । अमरसिंह विरचित "अमरकोश" बाट पनि यस तथ्यको पुष्टचाईं हुन्छ ।

"उपेन्द्र इन्द्रावरजश्चक्रपाणिश्चतुर्भुजः ॥
पद्मनाभो मधुरिपुर्वासुदेवस्त्रिविक्रमः ॥२०॥
देवकीनंदनः शौरिः श्रीपतिः पुरुषोत्तमः ॥
वनमाली वलिध्वंसी कंसारातिरधोक्षजः ॥२१॥"

—अमरकोश, प्रथम काण्ड

पांचौं शदी ई. को बिहार स्तम्भलेखमा पनि "नृ–चन्द्र इन्द्रानुज–तुल्य वीर्य्यो गुणैरतुल्यः" को रूपमा इन्द्रानुज शब्दको प्रयोग पाइन्छ । यसरी पुरातात्विक आधारमा पांचौं शदी ई. मैं नेपालमा वैष्णव धर्मको प्रस्फुटन हुन लागेको देखिन्छ । शक संवत् ३८६ तदनुसार ४६४ ई. को चांगुस्थित राजा मानदेवद्वारा प्रतिष्ठापित गरुडस्तम्भाभिलेखको

"श्रीवत्साङ्कितदीप्तचारु विपुलप्रोदवृत्तवक्षःस्थलः
श्री वक्षस्तनपद्मबाहुरुचिरः सम्यक्प्रवृद्धोत्सवः
त्रैलोक्यभ्रमयन्त्र वर्त्तिविविधव्यासङ्ग नित्योव्ययः
दोलाद्रौ निवरान्जयत्यनिमिषैरभ्यर्च्यमानो हरिः ॥१॥"

यस पंक्तिद्वारा तत्समय यो थलो विष्णुको वासस्थान रहेको कुरा जानिएर उपरोक्त तर्कको पुष्टि नै हुन्छ । तर, यहांनेर यस तथ्यलाई अवश्य बिर्सनु हुँदैन कि

विद्रोही तत्वहरूलाई दबाई लिच्छवि–राज्यको सुदृढीकरणमा प्राचीन ब्राह्मण र पौराणिक ग्रन्थहरूमा वर्णित विष्णुले छलद्वारा दैत्यराज बलिको शेखीलाई ध्वस्त गरेको उपाख्यानको अप्रत्यक्षरूपले खास योगदान रहेको छ जस्तो शकहरूद्वारा आक्रान्त भारतभूमिको रक्षा गर्ने कार्यमा भगवान् विष्णुले वराह अवतार लिई पृथ्वीको उद्धार गरेको कथाको प्रभाव स्पष्टरूपले देखिन्छ । राजा मानदेवले शक संवत् ३८९ तदनुसार ४६७ ई. मा त्रिविक्रम विष्णुका एउटै आकृतिका दुईवटा मूर्ति पशुपति र लाजिम्पाटमा उही साल र मितिमा प्रतिष्ठापित गरेको भेट्टिनु तथा चौथो शदी ई.मा भारतको उदयगिरिमा चन्द्रगुप्त द्वितीयद्वारा प्रतिष्ठापन गरिएको वराहमूर्ति पाइएबाट उक्त तथ्यको यथार्थता स्पष्टरूपले यकीन हुन्छ । यसरी नेपालका वैष्णव देवताहरूमा त्रिविक्रम विष्णुले खास स्थान ओगटेको कुरा जानिन्छ ।

यद्यपि अवतारवादको शुरुआत ब्राह्मणकालदेखि मात्र भएको देखिएतापनि त्यसको स्रोत मुख्यतः हिन्दूहरूको सर्वप्राचीन ग्रन्थ वेदमैं भेट्टिन्छ । त्यसमा विष्णुले आफ्ना तीन पाइलाले पृथ्वी, स्वर्ग तथा अन्तरिक्षलाई उद्धार गरेको कुरा चित्रित गरिएको छ । सम्भवतः विष्णु सूर्यकै कार्यकलापको मानवीकरण मात्र हुँदा विष्णुका तीन पाद प्रक्षेपणमा ब्रह्माण्डका तीनै विभागहरू–पृथ्वी, स्वर्ग तथा अन्तरिक्ष-भई आफ्नो मार्ग तय गर्दै बढ्ने सूर्यको कार्यकलापको निदर्शन हुन्छ । भगवद्गीताको

"आदित्यानाम् अहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुताम् अस्मि नक्षत्राणाम् अहं शशी ॥

भ. गी. १०।२१

यस श्लोकले सूर्य र विष्णु दुई भिन्नाभिन्नै देवता नभै एउटै रहेको कुरा स्पष्ट गरेको छ । फेरि, द्वादश सूर्य भए जस्तै द्वादश विष्णुको कल्पनाले पनि उक्त तथ्यकै पुष्टि गर्दछ । नेपाल संवत् ३४० तदनुसार १२२० ई. को राजा अभयमल्लकालीन विष्णुधर्म नामक हस्तलिखित ग्रन्थको गातामा द्वादश विष्णुको चित्र चित्रित गरिएको छ जसमध्ये एक त्रिविक्रम विष्णु पनि छ ।

वैदिक युगपछि ब्राह्मणकालमा आई विष्णुको महत्व ज्यादै बढ्न लागेको थियो । माथि उल्लेख भएअनुसार स्वयं विष्णुलाई नै यज्ञको संज्ञा दिइनुको साथै तिनको अपेक्षा वैदिक अग्नि देवतालाई उक्त कालसम्मन्मा हीनरूपमा लिइन लागेको थियो । ऐतरेय ब्राह्मण (६,१५) र शतपथ ब्राह्मण (१,२,५) मा वर्णित उपाख्यान अनुसार विष्णुले आफ्नो पादप्रक्षेपणद्वारा ढाकन सकेका जति भू-भाग थिए ती सबै देवताहरूले प्राप्त गरे । शतपथ ब्राह्मणको अन्तिम पुस्तकसम्मान् आई विष्णुले अरु सबै देवताहरूभन्दा श्रेष्ठता प्राप्त गरे जसको कारण इन्द्रले तिनको

शिरोच्छेदन गरेको कुरा वर्णित छ । यहाँनेर यस उपाख्यानले प्राचीन यूनानको त्यस घटनासित साम्यता राखेको प्रतीत हुन्छ जसमा एरिसटाइड नामक एक नेताको अत्यधिक लोकप्रियताको कारण एक अपरिचित नागरिकले यो प्रस्ताव स्वयं एरिसटाइडकै सम्मुख राखे कि तिनले आफ्नै हातले आफूलाई हटाउनाकोलागि प्रस्तुत प्रस्तावमा सही गरी देऊन् । सर्वसाधारणमा नियमहरूप्रति सम्मान तथा प्रचलित रूढीहरूमा श्रद्धा हुनाको कारण कुनै एक नेताको अधिक लोकप्रियताले गर्दा शासन–विधानको भविष्यमाथि खतरा महसूस भएमा तिनलाई राजनीतिक अधिकारबाट वंचित गरिने त्यस समयको यूनानी सभ्यताको रिवाज थियो । यसरी शतपथ ब्राह्मणमा वर्णित उक्त कथाले वैदिक युगको अन्त ग्रौ ब्राह्मण कालको आरम्भको समय वैदिक मुख्य एवं गौण देवताहरूको बीच प्रभुत्वको लागि संघर्ष भएको कुरा अनुमान हुन्छ ।

अवतारवादको श्रोत वैदिक संहिताहरूमैं भेट्टिन्छ तापनि दैविक अवतारहरूको प्रस्फुटन ब्राह्मणकालदेखि राम्रो संग हुन लागेको थियो । शतपथ तथा आरण्यक आदि ब्राह्मण ग्रन्थहरूले विष्णु वामनरूपमा अवतरित भएको कुरा वर्णित गर्नुको साथै प्रजापतिले मत्स्य, कच्छप, वराह, नृसिह अवतारहरू लिएको कुरा वर्णन गरेका छन् । अनि पछिका पौराणिक ग्रन्थहरूमा उक्त सबै अवतारहरू समेत गरी विष्णुका दश अवतारको वर्णन गरिएबाट त्यस समयसम्मन् देवताहरूमा विष्णुको ज्यादै उच्च स्थान मानिन लागेको कुरा जानिन्छ । पुरातात्विक आधारमा विष्णुका दस अवतारका नामहरू सर्वप्रथम आठौं शदी ई. को मामलापुरम् अभिलेखमा उत्कीर्ण गरिएका छन् । यसरी विष्णु मनुष्यमा निहित त्रिगुण (सत्व, रजस्, तमस्) को एकात्मक मान्यतास्वरूप त्रिमूर्ति (ब्रह्मा, विष्णु, महेश) को एक प्रमुख देवताको रूपमा रहेर उनीसहित तीनै जनालाई शृष्टि, स्थिति एवं क्षयको कारणरूप सर्वोच्च स्थान प्रदान गरिएको थियो ॐ स्वरूप कहिल्यै विनष्ट नहुने अक्षरको रूपमा ।

"रजोगुणः स्मृतो ब्रह्मा विष्णुः सत्वगुणात्मकः ।
तमोगुणस्तथा रुद्रो निर्गुणः परमेश्वरः ॥"
"अकारो विष्णुरुद्दिष्ट उकारस्तु महेश्वरः ।
मकारस्तु स्मृतो ब्रह्मा प्रणवस्तु त्रयात्मकः ॥

यसरी ब्रह्मा एवं शिवसंग विष्णुको अरू सबै देवताहरूमा ज्यादै उच्च स्थान रहन लागेको कुराको यथार्थता जानिन्छ ।

विष्णुको देवताहरूमा सर्वोच्च स्थान प्राप्त भएको कुराको पत्तो तिनको वामनावतारमा स्पष्ट परिलक्षित हुन्छ । पौराणिक अनुश्रुति अनुसार दैत्यराज

वलिद्वारा पीडित इन्द्रसमेत देवताहरूको प्रार्थनामा विष्णुले अदितिको छोरा वामन भै जन्मेर एकजना सौम्य स्वरूप लिएको ब्रह्मचारीको भेष लिई छलद्वारा वलिको शेखी झारेर देवताहरूको रक्षा गरेका थिए । वराहपुराणमा वर्णित छ–त्रिविक्रमको पाद जसै स्वर्गीय जगत् नाप्नकोलागि उठेको थियो ब्रह्माण्ड फुटेर त्यहाँबाट सांसारिक पानी निस्क्यो । वराहपुराणको उक्त उल्लेखले विष्णुनै विश्वको सिर्जनामा स्थितिको कारण भएको कुरा जानिन्छ । शक संवत् ३८६ तदनुसार ४६४ ई. को चांगु स्तम्भलेखमा विष्णुलाई तीनै लोकको कलपुर्जा घुमाउनेको रूपमा "त्रैलोक्य भ्रमयन्त्रवर्त्तिविविध व्यासंगनित्योव्ययः" भनी वर्णन गरिएबाट पनि उक्त कुराको पुष्टि हुन्छ ।

विष्णुका प्रस्तुत वामनावतारको उपाख्यानको अरू धर्महरूमाथि पनि महत्वपूर्ण प्रभाव परेको छ । शिवको शक्तिस्वरूपिणी दुर्गाको एक मूर्ति विष्णुविक्रान्तको ढांचामा निर्मित पूर्व १ नंबर नालास्थित प्रख्यात ४ तल्ले मन्दिरमा प्रतिष्ठापित देखिएबाट उक्त तथ्यको खुलासा हुन्छ । फेरि, जैन हरिवंश पुराण तथा उत्तराध्ययन सूत्रमा पनि वैदिक उक्त कथासित मिल्दोजुल्दो एक कथाको उल्लेख आएको छ । जसमा ऋद्धिधारी मुनि विष्णुकुमारले वामन रूप लिई छलद्वारा वलिलाई वचनवद्ध पारेर मुनिसंघको दुःखमोचन गरी धर्मको रक्षा गरेको कुरा वर्णित छ । रक्षावन्धन पर्वको पृष्ठभूमि पनि त्यही नै छ । रक्षादेवीको आराधना विष्णुले छलले वलिको दमन गरी धर्मको रक्षा गरेको उपाख्यानमै सर्वप्रथम दृष्टिगत हुन्छ । पुराणमा वर्णित रक्षादेवीको स्तुति यसकोलागि उदाहरणस्वरूप छ ।

"येन वद्धो वली राजा दानवेन्द्रो महावलः ।
तेन त्वां प्रतिवद्धामि रक्षे ! माचल माचल ॥"

यसरी वामनावतारको उपाख्यानले वैष्णवधर्मको अरू धर्महरूमाथि राम्रो प्रभाव रहेको कुरा जानिन्छ ।

यद्यपि ख्रिष्टाव्दको प्रारम्भिक समयदेखि नै विष्णुका वामन अवतारको कल्पना यहां भैसकेको भए तापनि गुप्त एवं उत्तरप्राचीनकालमा भारत तथा नेपालमा हिन्दूधर्मको पुनरुत्थान भएर वैष्णव अवतारवादको राम्रो प्रस्फुटन भएको थियो । उदयगिरिको वराहमूर्ति तथा लाजिम्पाट र पशुपति तिलगंगास्थित विष्णुविक्रान्तमूर्तिका प्रतिष्ठापनहरू यसको उदाहरणस्वरूप छन् । महाकवि अश्वघोष तथा कालिदास विरचित "वुद्धचरितम्", "रघुवंश" तथा "मेघदूत" ग्रन्थहरूमा विष्णुका वामनावतारसित सम्वन्धित स्वरूपहरूको चित्रण गरिएका छन् ।

"जिन्होंने आस्रवों को क्षीण कर दिया है एवं शील, समाधि तथा प्रज्ञा से युक्त

हैं तथा तीन विद्याओं के ज्ञाता एक अपने अपने तीन शिष्यों से समावृत वह बुद्ध,तीनों लोकों को चारों ओर से आक्रान्त करनेवाले वामन की तरह सुशोभित हुए ।।४३।।"

—अश्वघोष विरचित "बुद्धचरितम्"
को हिन्दी अनुवाद, सप्तदश: सर्ग:

"तमुद्वहन्तं पथि भोजकन्याम् रुरोध राजन्यगण: स दृप्त: ।
वलिप्रदिष्टां श्रियमाददानं त्रैविक्रमं पादमिवेन्द्रशत्रु: ।।३५।।

"रघुवंश" ७।३५

"प्रालेयाद्रेरुपतटमतिक्रम्य तांस्तान्विशेषा–
न्हंसद्वारं भृगुपतियशोवर्त्म यत्क्रौञ्चरन्ध्रम् ।
तेनोदीचीं दिशमनुसरेस्तिर्यगायामशोभी
श्याम: पादो वलिनियमनाभ्युद्यतस्येव विष्णो: ।।"

—"मेघदूत" पूर्वार्द्ध ५७

तर, पुरातात्विक आधारमा विष्णुका वामनावतारको उल्लेख सर्वप्रथम गुप्त संवत् १३६, १३७, १३८ तदनुसार ४५६, ४५७, ४५७ ई. को स्कन्दगुप्तकालीन जुनागढ प्रस्तराभिलेखमा आएको छ । उक्त प्रस्तराभिलेखमा धेरै अवधिसम्म अपहरण गरिएको स्वर्गसम्पत्तिलाई दानवराज वलिबाट मुक्त गराउने भगवान् वामनरूपी विष्णुको स्तोत्र उत्कीर्ण गरिएको छ ।

"श्रियमभिमतभोग्यां नैककालापनीतां
त्रिदशपतिसुखार्त्थं यो वलेराजहार ।
कमलनिलयनाया: शाश्वतं धाम लक्ष्म्या:
स जयति विजितार्त्तिर्विष्णुरत्यन्त जिष्णु: ।।"

—जुनागढ प्रस्तराभिलेख

वामनरूपी विष्णुका यिनै धर्मको रक्षार्थ उपकारी कार्यहरूले गर्दा यिनको लोकप्रियता यथेष्ट मात्रामा बढ्न गएको थियो । कुनै एक व्यक्तिको धर्ममा तल्लीन राष्ट्रिय भावनाले पूर्ण उपकारी चरित्रको चित्रण गर्नुपर्दा त्रिविक्रम विष्णुको नाम उपमाको रूपमा लिइन लागेको कुरा पांचौं शदी ई. को बिहार स्तम्भाभिलेखको माथि उल्लिखित पंक्ति तथा ललितपुरस्थित ने. सं. ६८९ तदनुसार १५६९ ई. को उद्धवसिंहको शिलालेख (हाल नेपाल म्यूजियममा राखेको) को "सूनुस्तस्य त्रिविक्रमोतिगुणवान् रूपेण कामोपमो", पंक्तिबाट स्पष्टतया जानिन्छ ।

त्रिविक्रम विष्णुको वर्णन ऋग्वैदिक समयदेखि नै यहांको वाङ्मयमा देखिएता पनि विष्णुविक्रान्तको मूर्तिनिर्माण अहिलेसम्मनको खोजीको आधारमा पांचौं शदी ई.देखि मात्र भएको देखिएको छ । पशुपति तिलगंगा तथा लाजिम्पाटस्थित

शक संवत् ३८९ तदनुसार ४६७ ई. का विष्णुविक्रान्तमूर्तिहरू नेपाल एवं भारतमा प्राप्त त्रिविक्रममूर्तिहरूमा सर्वप्राचीन मानिएका छन् ।

"मातुः श्रीराज्यवत्या हितकृतमनसः सर्व्वदा पुण्यवृद्धयै
राजा श्रीमानदेवः शुभविमलमतिः पात्रदानाम्बुवर्षी ।
लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं स्थापयामास सम्यक्
विष्णुं विक्रान्तमूर्तिं सुरमुनिमहितं सर्व्वलोकैकनाथम् ॥
संवत् ३८९ वैशाख शुक्लदिव २॥"

—पशुपति तथा लाजिम्पाटस्थित
विष्णुविक्रान्तमूर्तिको पादपीठ ।

अनुमानित आठौं शदी ई. को एक त्रिविक्रम विष्णुमूर्ति चांगुमा पनि रहेको छ । भारतमा वादामिस्थित ५७८ ई. को मूर्ति अहिलेसम्मन् त्यहाँ प्राप्त त्रिविक्रम विष्णुमूर्तिहरूमा सबैभन्दा प्राचीन मानिन्छ । सांखु दुगाहिटीको शक संवत् ४६० तदनुसार ५३८ ई. को शिलालेखको "ॐ स्वस्ति संवत् ४६० ज्येष्ठशुक्लदिव अष्टम्याम् भट्टारकमहाराज श्रीवामनदेवस्य समाज्ञापयतः भगवतो वामनस्वामिनः क्षेत्रं लेंदुप्रदेशे भूमि......" पंक्तिले छैठौं शदी ई. मा सांखुमा पनि विष्णुको वामनरूप प्रतिष्ठापन भएको कुरा थाहा पाइन्छ । नेपाल संवत् ३४० तदनुसार १२२० ई. को राजा अभयमल्लको समयमा रचित विष्णुधर्म नामक हस्तलिखित ग्रन्थको गातामा चित्रित विष्णुविक्रान्तको चित्र, चौधौं शदी ई. को पश्चिम १ नंबर-स्थित देवीघाट श्री फर्पिगका त्रिविक्रम मूर्तिहरू, अनुमानित १८ औं शदी ई. को मंगलवजारस्थित विष्णुविक्रान्तको मूर्ति तथा ल. पु. सुन्धारास्थित विष्णुमन्दिरको ने. सं. ८६८ तदनुसार १७४८ ई. को शिलालेखको "श्रीमच्छ्रीश्रीमधुसूदन वामनरूप नारायण प्रीत्यर्थ संप्रदत्ता" ॥ पंक्तिहरूको प्राप्तिले त्रिविक्रम विष्ण नेपालमा प्राचीनसमयदेखि नै ज्यादै ख्यातनामा वैष्णव देवता रहेको कुरा सुस्पष्ट हुन्छ ।

शक संवत् ४८७ तदनुसार ५६५ ई. को पशुपतिस्थित हरिशंकरको

"भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे
पंक्षग्राहभ्रमितमनसाम्पक्षविच्छित्तिहेतोः ।
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्या:
मेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात् ॥"

पादपीठलेखको पंक्तिमा धर्मावलम्बीहरूको बीच झगडा नहोस् भन्नाका खातिर हरि-शंकरको आधा आधा शरीरबाट बनेको मूर्ति निर्माण गरेको उल्लेख हुनु,

श्री मानदेव प्रथमकालीन अनुपरमकृत हाडिगाउँस्थित गरुडस्तम्भाभिलेखमा बौद्धमार्गीहरूलाई कुतार्किक, अहंसावृतः आदिको रूपमा हेलांका शब्दहरू प्रयोग गरिएको पाइनु आदि-आदि कारणहरूले उत्तरप्राचीनकालीन नेपालमा धार्मिक सहिष्णुता पूर्णतया थियो भन्न नसकिने स्पष्ट छ । विष्णुका त्रिविक्रममूर्तिको प्रतिष्ठापनमा पनि कुनै एक धर्मको अरु धर्ममाथिको प्रभुत्वको जानकारी मिल्छ । विष्णुविक्रान्तमूर्तिहरूमा शिव, ब्रह्मा, सूर्य, चन्द्र आदि देवताहरूले त्रिविक्रमको पूजाका साथै प्रार्थना आदि गरिरहेको देखाइनुको साथै १६ औं शदी ई. को दक्षिण भारतस्थित एक विष्णुविक्रान्तमूर्तिमा ब्रह्माले त्रिविक्रिमको पादप्रक्षालन गरिरहेको औ सो पादबाट झरिराखेको गंगाको जललाई शिवले आफ्नो जटामा थापिरहेको देखाइएबाट उक्त तथ्यको खुलाशा भएर वैष्णवधर्म उत्तरप्राचीन नेपालको सर्वप्रसिद्ध धर्म रहेको कुरा सुस्पष्ट हुन्छ । विष्णु नेपालका प्रख्यात देवताहरूमा एक रहेको छ भन्ने कुरा थाहा पाइन्छ ।

हनूमान

हिन्दुधर्मका विभिन्न देवी–देवताहरूमध्ये वानरराज हनूमान पनि एक रहेको छ । यिनी स्वयं भगवान् शिवका अवतार थिए । शैव पंचायतन देवताहरूमध्ये यिनी एक मानिन्छ ।

"गोरक्षकं भैरवमाञ्जनेयं सरस्वतीं सिद्धिविनायकंच ।
चकार पंचायतनान्तराले वालेन्द्र मौलिस्थिति मानसोयः ।।"

–सिन्द्रा प्रशस्ति, १२८७ ई.

आद्य शंकराचार्यले यिनलाई उपदेवताको पंक्तिमा राखेको छ । यिनी विष्णुको अवतार स्वरूप भएका मर्यादापालक श्रीरामका परम भक्त थिए । जसको कारण यिनी रामभक्त हनूमानको नामले विख्यात छ । श्रीरामप्रतिको यिनको भक्तिमा भक्तिको वास्तविक स्वरूपको निदर्शन भई वैदिककालपछि यिनी नै यथार्थतः भक्तिमार्गको प्रणेता भएको तिर स्पष्ट इंगित हुन्छ ।

अंजनी र मरुतका छोरा हुँदा यिनलाई मारुति तथा आंजन पनि भनिन्छ । यिनी ज्यादै प्रतापी, बलवान तथा आवाल ब्रह्मचारी थिए । आकाशमा स्वच्छन्दसंग उड्न सक्ने क्षमता यिनमा वाल्यकालदेखि नै विद्यमान थियो । महान् व्यक्तिहरूमा मात्र निहित हुने महत्वाकांक्षा यिनको अर्को महत्वपूर्ण विशेषता रहेको छ । महान् व्यक्तिहरूको आकांक्षा पनि महान नै हुन्छन् । आकाशमा विचरण गर्ने बाजले आफ्नो शिकार आकाशमै भेट्टाउँछन्, जबकि अन्य ढुक्कुर, भंगेरा आदि चराहरू पृथ्वीमा खसेका स-साना अन्नका दानाहरूमैं सन्तुष्ट रहन्छन् । आजभन्दा २५०० वर्ष अघिका फारसका सम्राट् क्षयार्पले तिनको विशाल साम्राज्यको प्रतिष्ठापन तिनका महान् पूर्वजहरूको महत्वाकांक्षाकै प्रतिफल मानेका थिए । वाल्यकालमैं श्रीहनुमानले आकाशचारी भगवान् श्रीसूर्यलाई निल्छु भनेर आकाशमा उडेर गई सूर्यको सप्ताश्वयुक्त रथमा आरूढ हुन पुगेका थिए । तर, यिनी इन्द्रको वज्र प्रहारद्वारा घायल भएकोले तिनका पिता मरुतले वदलामा हावा प्रवाहित गर्न नै छोडी दिएको हुँदा त्रिभूवनमैं हाहाकार मच्चिएकोले अन्ततः सम्पूर्ण देवताहरू आई हनूमानलाई पुनर्ज्जीवित गराउनुको साथै तिनलाई कहिल्यै नमर्ने गरी अमरत्व प्रदान गरे । यसरी हनूमान पनि अश्वत्थामा, वलि, व्यास,

मार्कण्डेय आदि जस्तै सप्त चिरंजीविहरू मध्ये एक भए।

"अश्वत्थामा वलिर्व्यासो हनुमांश्च विभीषण: ।
"कृप: परशुरामश्च सप्तैते चिरजीविन: ॥"

उपर्युक्त पौराणिक आख्यान तथा वालिमकी रचित रामायणको अनुशीलनमा हनूमान एक ज्यादै प्रतापी, बलवान तथा महत्वशाली व्यक्ति भएको कुराको पत्तो हुन्छ। सत्यको प्रतिष्ठापनको लागि यिनी कस्तै विपत्तिहरुको सामना गर्न पनि तत्पर रहन्थे। श्रीराम सत्यका प्रतिमूर्ति थिए भने यिनी तिनका अनुपम भक्त। यहीन कारण छ यिनी रामभक्तको रूपमा प्राचीनकालदेखिका आख्यानहरूमा वर्णित छ। सत्यको विजयकोलागि यिनले गरेका त्याग, तपस्याहरुको एक जीवन्त चित्रण रामायण महाकाव्यमा स्पष्टत: पाइन्छ। अनि तिनको यही नै सत्यमा निहित उदात्त चरित्रको कारण मानिसहरू संकट मोचनकोलागि तिनको पूजा उपासना गर्दछन्। हनूमानले तरेको स्थानमा पर्व्वपर्व्वमा स्नान गर्नाले कार्यसिद्धि हुने कुरा ने. सं. ६२४ मा लिखित पशुपतिपुराणमा वर्णित पंक्तिलाई यहां यसै सन्दर्भमा लिन सकिन्छ।

"तत्रावतरणे नित्यं हनूमान पर्व्व पर्व्वसु।
तीर्थाभिषेचनात्तत्र कामसिद्धि सगच्छति॥७३३॥"

—पशुपतिपुराण

हनूमान एक ज्यादै प्रतापी तथा बलवान भएता पनि तिनमा आफ्नो पौरूषको कुनै घमण्ड थिएन। राक्षसराज रावणद्वारा हरण गरिएकी सीताको खोजीगर्न लंकामा जानकोलागि ४०० कोसको समुद्र तर्ने शक्ति आफुमा भएर पनि तिनले म सक्तछु भनेर कुनै घमण्ड नगरी एक सामान्य बानरकै रूपमा तिनी एक कुनामा वसी रहे। पछि जाम्वुवानद्वारा उक्त कार्य हनूमानबाट गराएमा सम्पन्न हुन सकिने कुरा व्यक्त गरिएको अनन्तर मात्र सबैको अनुरोधमा तिनले ४०० कोसको समुद्र पार गर्न तम्से। सातौं शताब्दी ई. को अफसदको अभिलेखमा उपमाको रूपमा हनूमानले समुद्र तरेर लंकामा पुगेको कुरा वर्णित छ।

"अद्यापि कोशवर्द्धन तटात्प्लुतं पवनजस्येव ॥"

—अफसद अभिलेख, सातौं शताब्दी ई.

यसरी महान् व्यक्तिहरूमा मात्र हुने सादगी एवं घमण्ड बिहीन चरित्र तिनमा निहित भएको स्पष्टत: पाइन्छ। आफ्ना भाई भीमसेनको घमण्डलाई चूर गरी तिनलाई घमण्डी नहुने सल्लाह तिनले दिएको उपाख्यान महाभारतमा वर्णित छ जसले पनि उपर्युक्त तथ्यकै पुष्टि गर्दछ। हिमालय शिखरस्थित वद्रिनाथ जाने बाटोमा पर्ने हनूमान चट्टी भन्ने स्थानले आज पनि उपर्युक्त घटनाको स्मृतिलाई

ताजा राखेको छ ।

पवनपुत्र श्रीहनूमान ज्यादै पराक्रमी वीर हुनुको साथै एक ठूला तपस्वी, आत्मसंयमी तथा सवै शास्त्रमा निष्णात विद्वान् थिए । भगवान् सूर्यबाट शिक्षा दीक्षा प्राप्त यिनी व्याकरणका नवौं रचेता मानिन्छ । म्यूरले रामायणको आधारमा हनूमानको खासगरी बौद्धिक तथा आध्यात्मिक चरित्रको यसरी वर्णन गरेको छ ।

"The chief of monkeys is perfect; no one equals him in the sastras, in learning, and in ascertaining the sense of the scriptures (or in moving at will). In all sciences, in the rules of austerity, he rivals the preceptor of the gods... It is well known that Hanumat was the ninth author of grammar."

(हेर्नुस् :– John Dowson: A Classical Dictionary of Hindu Mythology and Religion, Geography, History and Literature)

हनूमानको पूजा उपासनाको प्रारम्भ प्राचीनकालदेखि नै भएको थियो । फर्पिं शिखरनारायण स्थानमा प्रतिष्ठापित पाँचौं शताब्दी ई.को हनूमान अहिले सम्मन् प्राप्त हनूमानका मूर्तिहरूमा प्राचीनतम मध्येको मानिन्छ । यसको साथै उपर्युक्त अफसद लेखमा हनूमानको बारे उल्लेख गरिएको पाइएको छ।यी आधारहरू उक्त कुरोको पुष्टिमा सहायक स्वरूप छन् । तर हनूमानको पूजा उपासनाको व्यापक प्रचार मध्यकालमा भएको पाइन्छ । नवौं शताब्दी ई. को प्रारम्भका ठूला वेदान्ती आद्य शंकराचार्यले हनूमानलाई उपदेवताको संज्ञा दिएको, १२ औं शताब्दी ई. को मद्रास प्रान्तको तिन्नेवेली जिल्लास्थित शेर्मादेवीको मन्दिरस्थित हनूमानको मूर्ति प्राप्त हुनु औ अनुमानित नवौं–दशौं शताब्दी ई. को हनूमानको एक शिलामूर्ति हिन्द्रचीनस्थित कैम्बोडियामा प्रतिष्ठापित गरिएको पाइएबाट उक्त कुरोको पुष्टि हुन्छ । वानर सैन्यको साथ लंकामा आक्रमण गर्न जानको लागि समुद्रमा पूल बनाउन लगाएको अर्थात् सेतुवन्धको दृश्य अंकित शिल्प पनि कैम्बो-दियामा पाइएको छ । श्रीरामलाई कांधमा बोकेका हनूमानको आकृतियुक्त मृण्मूर्ति बंगालमा प्रतिष्ठापित छ। ई.सन् ९२२ को पादपीठ लेख सहितको हनूमानको एक मूर्ति खजुराहोमा पाइएको छ । शत्रुबाट रक्षा औ संकटबाट मुक्ति नै हनूमान उपासनाको मुख्य अभिप्राय भएको बुझिन्छ । देशका कुनै पनि गाउँ, सहर आदि स्थानहरूमा हनूमानको मूर्ति प्रतिष्ठापन गरिएमा त्यहाँ कुनै किसिमका खराबी-हरूले प्रवेश नपाउने कुरा नरपतिजयचर्या स्वरोदय ग्रन्थमा वर्णित भएको पाइएबाट

उक्त कुरोको पुष्टि हुन्छ । हनूमानको आकृति अगाडि राखेर लगेमा शत्रु सैन्यहरू विनष्ट भई विजयलक्ष्मीले वरणगर्ने कुरो उपर्युक्त ग्रन्थमा वर्णन हुनु औ महाभारत युद्धमा श्रीकृष्णले हांकेको अर्जुनको रथमा हनूमानको आकृति ध्वजामा अंकित भएको देखिएबाट पनि उपर्युक्त कुरोकै पुष्टि तिर संकेत मिल्छ ।

मध्यकालीन नेपालमा पनि विपत्तिहरू नआओस् भन्नाखातिर हनूमानको पूजा उपासनाको व्यापक प्रचार भएको कुराको पत्तो हुन्छ । ने. सं. ४०० तथा ने. सं. ५२२ मा लेखेका नरपतिजयचर्या स्वरोदय ग्रन्थका प्रतिहरू यहां प्राप्त भएबाट कमसेंकम १३ औं शताब्दी ई. देखि निश्चित रूपले नेपालमा हनूमानको पूजोपासना गर्ने परम्परा व्यापक रूपले प्रचलित भएको कुरा जानिन्छ। १७ औं शताब्दी ई. को प्रारम्भिक समयका भक्तपुरका राजा श्रीजगज्योतिर्मल्लले वडो मेहेनतले देश विदेशसम्म नरपतिजयचर्या स्वरोदय ग्रन्थ खोज्न पठाई त्यसको अध्ययन गरी शाके १५३९ मा टीका लेखेको कुरा उनी लिखित नरपतिजयचर्या स्वरोदय दीपिका ग्रन्थ प्राप्त भएबाट पनि उपर्युक्त तर्कको अझ बढि पुष्टि हुन्छ । तत्कालीन नेपालका कर्णाट राजाहरूले हनूमान उपासनाको परम्परालाई अगाडि बढाउनुमा महत्वपूर्ण योगदान गरे। भक्तपुरका राजा जगज्योतिर्मल्लले शत्रुहरूलाई विनष्ट पार्ने उपर्युक्त ग्रन्थको टीका लेखेको र अन्य कर्णाट राजाहरूले काठमाण्डू, ललितपुर र भक्तपुरका राजदरबारहरूमा हनूमानका मूर्तिहरू स्थापना गरी तिनले शत्रु एवं दुष्टहरूबाट रक्षा गरून् भन्ने कामना गरेको औ तत्समयका ध्वजामा समेत हनूमानका आकृति अंकित गरिएको कुरा अभिलेख एवं वंशावलीहरूमा वर्णित भएबाट मध्यकालमा हनूमान उपासनाको वास्तविक तात्पर्य थाहा हुनुको साथै तिनको पूजोपासनाको व्यापक प्रचार भएको तिर स्पष्टरूपले इंगित हुन्छ । नेपालका सामान्य जनताका घरका भित्ताहरूमा पनि हनूमानको मूर्ति बनाउन लगाई प्रतिष्ठापन गर्ने चलन देखिएकोलाई यहां उपर्युक्त तथ्यकै परिप्रेक्षमा लिन सकिन्छ । फेरि, नेपालमा हनूमान उपासनाको व्यापक प्रचार भएको कुरा भक्तपुरमा बग्ने एउटा नदीको नामनै हनुमन्ते औ सो नदीको घाटलाई हनूमान घाट नामले अद्यापि पुकारिदै आएको पाइएबाट उपर्युक्त कुरोको अझ बढि खुलासा हुन्छ । ललितपुर नगरदेखि पन्द्रह मिनेटको फासलामा दक्षिणतिर एउटा ठूलो माटोको ढिस्को छ जसलाई हनूमानले लडाईमा मरेका लक्ष्मणलाई बचाउन सुमेरू पर्वत बोकी ल्याउँदा हातका अनामिका र कनिष्ठ औंलाका बीचबाट खसेका माटोको टुक्राको रूपमा लिइन्छ । यस जनश्रुतिले पनि उपर्युक्त तथ्यकै पुष्टितिर बल मिल्छ । सुमेरू पर्वत बोकेका हनूमानको प्रतिमालक्षणबारे नरपति जयचर्या स्वरोदय ग्रन्थमा पनि वर्णन पाइन्छ । त्यस ग्रन्थ अनुसार साह्रै डरलाग्दो

आकृतियुक्त जटामुकुट लाएको, हिंड्न लागेका हनूमानका दुई हातहरूमध्ये बायां हातले झण्डा श्रौ दायांले सुमेरू पर्वत बोकेका हुन्छन् ।

"सार्धहस्तत्रयं श्वेतं शेष तत्र प्रदापयेत् ।
हरिद्राहरितालेन शैलेयसंयुतेन वा ॥
लिखेद्धनूमतो रूपं पंचढचंगुलमानकम् ।
दीर्घदन्तं करालाङ्गं दीर्घवाहुनखान्वितम् ॥
वामहस्ते ध्वजं कुर्याद् दक्षिणे मेरू पर्वतम् ।
वद्धक्रमं महारौद्रं जिह्वालाङ्गूललोलितम् ॥
रक्तवस्त्रं सकौपीनं शिखामुकुट धारिणम् ।
हृत्पद्मे विन्यसेत्तस्य निजनाथस्य नामकम् ॥"

—नरपतिजयचर्या स्वरोदय

सुमेरु पर्वत बोकेका हनूमानको प्रतिमालक्षणको अध्ययनमा सम्पूर्ण विश्व हावामा आधारित भएको यथार्थतालाई यसले दर्शाएको कुराको पत्तो हुन्छ । विश्वको प्रतीक स्वरूप सुमेरूलाई लिइन्छ श्रौ हनूमान वायुपुत्र हो । अनि हनूमानले सुमेरूलाई बोकेको आख्यानमा वायुमै सम्पूर्ण विश्व आधारित भएको यथार्थता स्पष्टिन्छ । वायुको एक नाम प्राणवायु भएवाट पनि उक्त कुरोको पुष्टि भएको लाग्दछ ।

उपर्युक्त सवै आधारहरूवाट हनूमान एक प्रतापी तथा वलशाली हुनुको साथै भक्ति, ब्रह्मचर्य, सादगी र शान्तिका प्रतिमूर्ति भएको कुरा स्पष्टरूपले देखिन्छ । यद्यपि तिनको वाह्याकृति ज्यादै डरलाग्दो हुन्छन् तापनि तिनका चरित्रमा पाइएका उपर्युक्त गुणहरूको कारण तिनी अद्यापि एक महान् आदर्श व्यक्तित्वको रूपमा पूजित रही तिनको पूजा उपासनाले देश, काललाई नाघेको कुरा स्पष्ट दृष्टिगत हुन्छ । हनूमानका मूर्ति हिन्दचीनसम्म पनि पाइएकोलाई यहां उदाहरणको रूपमा लिइन्छ ।

अर्द्धनारीश्वर

स्त्री एवं पुरूपको संयुक्त स्वरूपमैं पूर्णताको कल्पना गरिएको छ । तिनीहरू एक दोश्रोवाट अलग्गिएर रहन सक्तैनन् । प्राचीन मनीषिहरूको अनुसार तिनीहरू मध्ये एक अन्धो औ दोश्रो लंगडा छन् । अचेतन तर क्रियाशील प्रकृति अन्धो औ चेतनशील भएर पनि अक्रियाशील पुरुष लंगडोको रूपमा लिइन्छन् । यसैले तिनीहरू दुवैको संयुक्त रूपबाटै मात्र सृष्टि सम्भव हुने कुरा स्वीकारी हाम्रा पूर्वजहरुले तिनीहरूको एउटै रूपको कल्पना गरेका थिए । देव एवं देवीको संयुक्त रूपको प्रतीक स्वरूप अर्द्धनारीश्वरलाई लिइएको छ । हिन्दुधर्मका अनेकौं देव देवीहरूको शृङखलामा यी देवता पनि एक रहेको छ । यिनी न पुरूष हुन्, न स्त्री । यिनमा स्त्री एवं पुरूष दुवैका अंश विद्यमान छन् । जसले यिनका अर्द्धनारीश्वर नाम सार्थक देखिन्छ । स्त्रीलाई वामाङ्गीको संज्ञा दिइएवाट पनि उपर्युक्त कुरोको पुष्टि हुन्छ । शिवको वाम अर्द्धभागमा पार्वतीको वाम अर्द्धभाग वनाइनु पर्ने कुरा बृहत्संहिता ग्रन्थमा वर्णित छ जसवाट स्त्रीको वामाङ्गी नामको सार्थकता जंचिन्छ ।

"शम्भो: शिरसीन्दुकला वृषध्वजोऽक्षि च तृतीयमप्यूर्ध्वम् ।
शूलं धनु: पिनाकं वामार्धे वा गिरिसुतार्धम् ॥४३॥"

—बृहत्संहिता, अध्याय ५८

वायुपुराण २४,१४१ मा शिवलाई पुरूष र स्त्री रूपधारी भनिएको छ । मत्स्य-पुराण, अध्याय २६० मा शिव-पार्वतीका अर्द्धनारीश्वर मूर्ति निर्माण गर्ने वारे वर्णन गरिएको छ ।

अर्द्धनारीश्वरको परम्पराको उत्पत्ति तथा विकासमा मातृसत्ताको अन्त औ पितृसत्ताको उदयको संगै ती दुई सत्ताको बीच स्थापित समताको भावनाको महत्वपूर्ण प्रभाव रहेको छ । ती दुई वर्गको वीच समानताको आधारमा एकता कायम भएपछि तिनीहरूको धर्म एवं संस्कृतिमा पनि त्यसको प्रभाव पर्नु स्वाभाविक छ । हाम्रा कुनै पनि सांस्कृतिक रिति रिवाजमा पुरूपको साथै स्त्रीको उपस्थिति अनिवार्य मानिन्छ । स्वयं सृष्टिकर्ता ब्रह्माले पनि यज्ञ गर्दा तक आफ्नी पत्नी सावित्री ठीक समयमा यज्ञ मण्डपमा नआई पुग्दा तिनको स्थानमा गायत्रीलाई

राखी यज्ञ सम्पन्न गरेका थिए। कुनै पनि धार्मिक कार्य पत्नीको उपस्थिति विना पूर्ण नहुने कुरा कुमारसम्भव महाकाव्यबाट पनि जानिन्छ।

"तद्दर्शनादभूच्छंभोर्भूयान्दारार्थमादर : ।
क्रियाणां खलु धर्म्याणां सत्पत्न्यो मूलकारणम् ॥१३॥"
—कुमारसम्भवे षष्ठः सर्ग : ।

अर्को, कुनैपनि देवताका आफ्–आफ्ना शक्ति स्वरूपा पत्नीहरू छन्। साहित्यिक एवं पुरातात्विक दुबै आधारले यस कुरोलाई पुष्टि गरेका छन्। यसरी अर्द्धनारीश्वरको कल्पनाको उदय यहां यसै परिप्रेक्ष्यमा लिन सकिने कुरा सिद्ध छ।

सांख्य दर्शनको पुरुष प्रकृतिको सिद्धान्तको प्रभाव स्वरूप पनि अर्द्धनारीश्वरको भावनाको अभिवृद्धिमा महत्वपूर्ण टेवा पुग्न गएको थियो। सांख्यको अनुसार पुरुष स्वभावतः अक्रियाशील छ, जबकि प्रकृति क्रियाशील। पुरुष एवं प्रकृतिको संसर्गबाटै सृष्टि, स्थिति ग्रौ क्षय हुने हुन्छ। ती दुई मध्ये एकको अभावमा उक्त कार्य असम्भव हुने हुन्छ। यहीनै कारणले गर्दा ती दुईलाई एक दोश्रोको अन्योन्याश्रित मानिएको हो। नवौं शताब्दी ई. का आद्य शंकराचार्यले शिव र शक्तिलाई आत्मा र शरीरसित टुलना गरेकोलाई यहां यसै सन्दर्भमा लिन सकिन्छ।

"शरीर त्वं शम्भोः शशिमिहिरवक्षोरुहयुगं
तवात्मानं मन्ये भगवति तवात्मानमनघम्।
अतः शेषः शेषीत्ययमुभयसाधारणतया
स्थितः सम्बन्धो वां समरसपरानन्दपरयोः॥"
—सौन्दर्यलहरी

जसले ती दुई एक दोश्रोबाट अलग्गिन नसकिने कुरा सिद्ध छ। फेरि, पुरुष प्रकृतिको सम्मिलन विना पूर्णता नहुने कुरो शिवको प्रतीक पूजामा स्पष्टरूपले देखिन्छ। लिंग शिव पुरुष एवं जलहरी योनी प्रकृतिको रूपमा लिइन्छ। शिवलिंगमैं पार्वतीको आकृति पनि उत्कीर्ण गरिएको चारफुट अग्लो एक अद्भुत शिवलिंग विहारस्थित अमेर समीपस्थ एक शिवालयमा पाइएको छ। जसले पनि उक्त कुरोकै पुष्टि गर्दछ। अर्को, तीनधाराबाट लगेर नाचघरभित्र राखेको अनुमानित तेस्रो शताब्दी ई. का चतुर्व्यूहमूर्तिमा तीनतिर ब्रह्मा, विष्णु, महेश्वरका भिन्ना भिन्नै उभिरहेका मूर्तिहरू राखेर बांकि एकातिर एक गौरी मूर्ति कुँदिएको छ। प्रस्तुत चतुर्व्यूह मूर्तिमा ॐ स्वरूप त्र्यक्षर (त्रिमूर्ति) को साथ गौरी मूर्ति कुँदिएकोले आद्याशक्ति अर्थात् प्रकृति विना शक्तिमान् (पुरुष) शक्तिशुन्य हुने कुरालाई दर्शाउनुको साथै अर्द्धनारीश्वरको भावनालाई स्पष्टयाएको छ। शक्ति विना शिव शव समान

मानिने सिद्धान्तमा यस कुरोको अझ बढि पुष्टि हुन्छ ।

अग्नि र रुद्र-शिवको एकात्म्यतामा पनि अर्द्धनारीश्वरको भावना सन्निहित भएको चाल पाइन्छ । वैदिक ग्रन्थहरुको साथै कुमारसम्भव महाकाव्यको अध्ययनमा रूद्र-शिव र अग्निको एकात्म्यता प्रकटित हुन्छ । ऋग्वेदमा अग्निलाई महादेव (४–५८–३) र शम्भु (७–३५–१०) भनिएको छ औ रूद्रलाई अग्निसित अभिन्न मान्दै (२–१–६) अग्निमा निहित गुणहरू रुद्रका नाममा प्रयोग गरिएका छन् । "अग्निर्वै रूद्र:"–कठ संहिता ।" अग्नीषोमात्मकं विश्वम्"–वृहज्जावालोपनिषद् ।

"तत्राग्निमाधाय समित्समिद्धं स्वमेव मूर्त्यन्तरमष्टमूर्ति : ।
"स्वयं विधाता तस: फलानां केनापि कामेन तपश्चचार ॥५७:।"
–कुमारसम्भवे प्रथम: सर्ग:

अनि, अग्निका सप्त जिह्वा सप्त मातृकाको रूपमा लिइएर रूद्राग्निकै सप्त शक्ति स्वरूप मानिन्छ । जसले ती सप्त शक्ति रुद्राग्निको शरीरकै अंग स्वरूप लिइएको स्पष्ट छ ।

"शक्रस्येव शची नृपस्य दयिता स्वाहे (व सप्तार्चिषः)
"रूद्राणीव हरस्य लोक-विदिता सा श्री (रिव श्रीपतेः) (।)"
–नेक ता दम्वंग देक शिलाभिलेख (काम्वुज), पांचौं शताब्दी ई.
"काली कराली च मनोजवा च सुलोहिता या च सुधूम्रवर्णा ।
स्फुलिङ्गिनी विश्वरुची देवी लोलायमाना इति सप्तजिह्वा : ॥"
–मुण्डकोपनिषद् १, खण्ड २, मण्डल ४

शिवकी शक्ति स्वरूपा सरस्वती सेतो भ्रमरी बनी शिवको मुखमा अवस्थित हुने कुरा खजुराहोको एक अभिलेखमा वर्णन गरिएबाट पनि उपर्युक्त कुरोको पुष्टि भई अर्द्धनारीश्वरको भावनाको विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको निश्चित छ ।

"पशुपतिवदनच्छद्मनि पद्मसद्मनि सदा या ।
जयति विलक्षणरूपा शुक्लाभा भारती भ्रमरी ॥"
–खजुराहोको अभिलेख, ११ औं, १२ औं शताब्दी ई.

अर्द्धनारीश्वर मूर्तिको प्राचीनता ग्रीक इतिहासकार स्टैवोको वर्णनबाट प्राप्त गर्न सकिन्छ । यिनको वर्णन अनुसार तृतीय शताब्दी ई. को प्रारम्भिक समय अर्थात् ई. सन् २१८-२२२ मा एकजना भारतीय अर्द्धनारीश्वरको मूर्तिलिई सिरिया गएका थिए । स्टैवोको वर्णनको आधारमा अर्द्धनारीश्वरको पूजा प्रचलन कुषाणकालमैं भईसकेको कुरा चाल पाइन्छ । कुमारसम्भव महाकाव्यका पंक्तिहरूमा पनि अर्द्धनारीश्वरको झझल्को भेट्टिन्छ । सृष्टिको क्रममा उही एक

भगवानले पुरूष श्रौ स्त्री दुई रूप लिने कुरा त्यसमा वर्णित छ ।

"स्त्रीपुंसावात्मभागौ ते भिन्नमूर्तेः सित्पृक्षया ।
प्रसूतिभाजः सर्गस्य तावेव पितरौ स्मृतौ ।।७।।"

—कुमारसम्भवे द्वितीयः सर्गः ।

यसको साथै त्यस ग्रन्थमा तिनलाई पुरूष प्रकृतिको एकात्म्य रूपको रूपमा इङ्गित गरिएको छ ।

"शंभोरम्भोमयी मूर्तिः सैव देवी सुरापगा ।
"त्वत्तः स्मरद्विषो वीजं दुर्धरं धारयिष्यति ।।२६।।"

—कुमारसम्भवे दशमः सर्ग :

राजस्थानस्थित वि. सं. ५४७ तदनुसार ४९१ ई. को अभिलेखमा कवि भ्रमरसोमले शिव र पार्वतीका अर्द्धनारीश्वरत्वको पनि कल्पना गरेको छ ।

"भूयोपि सा जयति या शशिशेखरस्य
देहार्द्धमुद्वहति भक्तितयाहरस्य"

—राजस्थानको अभिलेख, विक्रमी सं. ५४७

यसरी गुप्तकालीन भारतमा अर्द्धनारीश्वरको उपासना प्रचलित भएको देखिन्छ । मध्यप्रदेशस्थित मह्लारमा गुप्तकालीन एक अर्द्धनारीश्वर मूर्तिको प्राप्ति श्रौ अनुमानित पांचौं शताव्दी ई. को एक खण्डित मृण्मय अर्द्धनारीश्वरको शिर भारतमा प्राप्त हुनुको साथै वसाढमा प्राप्त एक मुहरमा अर्द्धनारीश्वरको आकृति उत्कीर्ण गरिएको पाइएवाट पनि उक्त कुरोको पुष्टि हुन्छ । शिवपुराणमा ब्रह्माले प्राणी सृष्टिको लागि पुरूष प्रजापतिहरूमात्र सृष्टि गरेको हुँदा सृष्टिको कार्य राम्ररी गर्न नसकेकोले ब्रह्माको अनुरोधमा शिवले शिव-शक्ति सन्निहित अर्द्धनारीश्वर रूप लिएको कुरा वर्णन गरिएको छ । जसबाट अर्द्धनारीश्वरबाटै मात्र सृष्टिहुने कुरा सुनिश्चित छ । सातौं शताव्दी ई. को शिला निर्मित वृषमाथि बसिरहेको शिव-शक्ति संयुक्त अर्द्धनारीश्वरको मूर्ति कंजीवरमस्थित कैलाशनाथस्वामिन् मन्दिरको प्राकारमा राखिएको छ । वादामीस्थित शिलाप्राकारमा उभिरहेको अर्द्धनारीश्वर मूर्ति कुँदिएको छ । त्यस मूर्तिको दायां तिर भृङ्गी श्रौ बायां तिर एकजना स्त्रीको मूर्ति कुँदिएको छ । अर्द्धनारीश्वरको एक प्रख्यात मूर्ति एलिफेंटा गुफामा प्रतिष्ठापित छ । कुम्भकोणम्, महावलिपुरम्, दारासुरम्, तिरूच्छेङगाट्टङगुडि, मदुरामा पनि शिला निर्मित अर्द्धनारीश्वरको मूर्ति प्रतिष्ठापित छन् । दारासुरमस्थित अर्द्धनारीश्वर मूर्तिमा तीन मुख श्रौ अष्ट भुजा छन् । मद्रास म्यूजियममा कांसको अर्द्धनारीश्वर मूर्ति प्रदर्शित छ । त्यस मूर्तिका चार हात मध्ये बायां एक हातमा सुगा पनि देखिन्छ । । सम्भवतः सो सुगा अग्निको प्रतीक स्वरूप छ, जसले शिव र

पार्वतीको रतिलीलालाई भंग गर्नको लागि यो रूप लिएका थिए। १२ औं शताब्दी ई. को नृत्यमारत अर्द्धनारीश्वर मूर्ति सतनामा पाइएको छ। शक संवत् ९७२ को चम्पास्थित पो-नगरको मन्दिरमा राखेको अभिलेखमा शिव-शक्ति संयुक्त अर्द्धनारीश्वरको स्तोत्र उत्कीर्ण छ।

"भूताभूतेशभूता भुवि भवविभवोद्भावभावात्मभावा
भावाभावास्वभावा भवभवकभवाभावभावैक भावा ।
भावाभावाग्रशक्तिः शशिमकुटतनोरर्धकाया सुकाया
काये कायेशकाया भगवति नमतो नो जयेव स्वसिद्धचा ॥"

—पोनगर अभिलेख (चम्पा), शक ९७२

दोङ्ग फकमा प्राप्त अर्द्धनारीश्वर मूर्तिको स्त्री भागमा वस्त्र औ उन्नत छाती देखिन्छ, जबकि पुरूष भागमा जुंगा रहेको छ। अर्को, त्यस मूर्तिको निधारमा तेश्रो नेत्र स्पष्टरूपले उत्कीर्ण छ। यी आधारहरूबाट त्यस मूर्तिको अर्द्धनारीश्वर रूप स्पष्टिन्छ ।

नेपालका अर्द्धनारीश्वर मूर्तिहरूमा शिव-शक्तिका अर्द्धनारीश्वर मूर्तिहरूको साथै लक्ष्मीनारायण संयुक्त अर्द्धनारीश्वर मूर्तिहरू पनि पाइएका छन् । अनुमानित दशौं शताव्दी ई. को शिव-पार्वती संयुक्त कांस निर्मित एक अर्द्धनारीश्वर मूर्ति लस एंजेल्स काउण्टी म्यूजियम अव आर्ट्समा प्रदर्शित छ। ने. सं. १२५ अर्थात् ई. सन् १००५ को शिव-पार्वती सन्निहित प्राचीन नेपाल लिपिमा लिखित अभिलेख सहितको सुनको मुलम्वा लगाएको धातुको एक अर्द्धनारीश्वर प्रतिमा फर्पिङ फाखेलमा जमीन खन्दा पाइएको छ। १४ औं शताव्दी ई. मा महामन्त्राधिराज श्रीजयसिंहरामवर्द्धनद्वारा प्रतिष्ठापित भगवान् पशुपतिनाथको चतुर्मुखे लिंगमा उत्तर दिशाको वामदेवको आकृतिमा शिव-शक्ति सन्निहित अर्द्धनारीश्वर स्वरूप स्पष्टरूपले परिलक्षित हुन्छ। काठमाडौं इन्द्रचौकमा अनुमानित १५ औं शताव्दी ई. को शिव-पार्वती सन्निहित अर्द्धनारीश्वर मूर्ति प्रतिष्ठापित छ। सो मूर्तिको दायांतिर वृष औ बायांतिर सिंहका आकृतिहरू तल वाहनको रूपमा देखाइएका छन्। शिलाको तलतिरको भागमा गणेश औ कुमारका आकृतिहरू मुसा तथा मयूर माथि आसीन छन्। वालकृष्ण समको संग्रहमा मध्यकालमा निर्मित शिव-शक्तिका अर्द्धनारीश्वर मूर्तिहरू दुईओटा छन्। ती दुई शिला निर्मित मूर्तिहरूमध्ये एउटा अर्द्धनारीश्वर मूर्तिका दायां औ वायां कम्मरबाट एउटा-एउटा कमलका डांठ निस्केर दायां कम्मरको कमल माथि ब्रह्मा तथा बायांकोमा विष्णुका आकृतिहरू उत्पन्न भएको देखाइएका छन्। ब्रह्मा, विष्णु पर्यत सम्पूर्ण विश्व ब्रह्माण्डको सृष्टि शिव-शक्ति सन्निहित अर्द्धनारीश्वर बाटै भएको यथार्थतालाई प्रस्तुत

मूर्तिले प्रष्टचाएको छ । शिव-पार्वतीको साथै लक्ष्मीनारायण संयुक्त अर्द्धनारीश्वर मूर्तिहरू पनि नेपालमा पाइएका छन्, जुन नेपाली मूर्तिकलाको एक खास विशेषता छ । भारतमा अहिलेसम्म उल्लेख्य लक्ष्मीनारायणका कुनै अर्द्धनारीश्वर मूर्तिहरू पाइएका छैनन् । अनुमानित १२ औं शताब्दी ई. को वैकुण्ठ कमलजाको कांस निर्मित नेपाली अर्द्धनारीश्वर मूर्ति बम्बाईस्थित प्रिन्स अव वेल्स संग्रहालयमा प्रदर्शित छ । २२.४ सेंटी मीटर अग्लो यो मूर्ति ज्यादै सुन्दरतम देखिनुको साथै संसारमा आफ्नो ढंगको दुर्लभ कलाकृति मानिन्छ । ने. सं ५३५ को लक्ष्मीनारायण संयुक्त अर्द्धनारीश्वरको एक शिलामूर्ति ललितपुर मंगलबजार स्थित मूछें आंगममा प्रतिष्ठापित छ । त्यस मूर्तिको पादपीठमा अभिलेख पनि कुँदिएको छ । ल. पु. सौगलस्थित गैह्रिधारामा ने. सं. ५७४ को स्थानक मुद्रामा रहेको अष्टभुजा लक्ष्मीनारायणको एक अर्द्धनारीश्वर मूर्ति प्रतिष्ठापित छ । त्यस मूर्तिमा वाहन स्वरूप रहेका गरुड उडिरहेको ढांचामा निर्मित छ । अनुमानित १५ औं शताब्दी ई. को अष्टभुजा लक्ष्मीनारायणको एक अर्द्धनारीश्वर मूर्ति नक्सालमा प्रतिष्ठापित छ । त्यस मूर्तिका वायां औ दायांतिरका भाग स्त्री औ पुरुष आकृतिका छन् । यी आधारहरूले नेपालमा प्राचीनकालदेखि नै अर्द्धनारीश्वरको पूजा प्रचलन भएको निर्णित हुन्छ ।

अर्द्धनारीश्वरका प्रतिमालक्षणबारे अंशुमद्भेदागम्, कामिकागम, सुप्रभेदागम, कारणागम तथा शिल्परत्न आदि ग्रन्थहरूले प्रकाश पारेका छन् । ती ग्रन्थहरूको अनुसार अर्द्धनारीश्वरको दायांतिरको पुरुष अंशको शिरमा जटामुकुट हुनुको साथै चन्द्रकला हुने हुन्छ । दायां कानमा नक्रकुण्डल, सर्पकुण्डल अथवा अन्य कुनै सामान्य कुण्डल हुनुको अतिरिक्त निधारको दायांतिर अर्द्धनेत्र कुँदिएको हुन्छ । अर्द्धनारीश्वरका मूर्तिहरूमा दुई, तीन अथवा चार हात सम्मपनि हुन्छन् । चार हातमध्ये दायाँ दुई हात अभय मुद्रा लिएको तथा परशु समातेका हुन्छन्, अथवा एक हात केही झुकाई बृषको शिरमाथि राखेको औ दोश्रो हात अभय मुद्रामा हुन्छन्; अथवा ती दुवै दायां हातहरूले शूल र अक्षमाला समातेका हुन्छन् । यदि दुई हात मात्र भएमा दायां हात वरद मुद्रामा रही वायां हातले कपाल समातेको हुन्छ । अर्द्धनारीश्वरका दायांतिरका सम्पूर्ण भाग पुरुष आकृतिका हुन्छन् । दायां छाती पुरुषको जस्तै हुने हुन्छ औ घुंडासम्म आउने गरी बाघको छाला अथवा रेशमी कपडा लाएको हुन्छ । दायां छातीमा नागयज्ञोपवित लाएको हुनुको साथै दायांतिरको भागमा सर्पमेखला हुनेहुन्छ । दायांतिरको सम्पूर्ण भागमा बिभूति घसेको हुन्छ । दायां खुट्टा केही झुकेको अथवा सोझो भई पद्मपीठ माथि अवस्थित रहन्छ । अर्द्धनारीश्वरको दायां आकृति रक्तवर्णको डरलाग्दो आकृतिको हुने हुन्छ ।

अर्द्धनारीश्वरका सम्पूर्ण वायां अंग स्त्री आकृतिका हुन्छन् । वायांतिरको शिरमा करण्ड मुकुट अथवा राम्ररी कोरेर कपालको गांठो बनाइएको हुन्छ। निधारमा पुरुष भागको अर्द्धनेत्र संगै तिलक लगाइनुको साथै वायांतिरको आंखामा गाजल लगाइन्छ। वायां कानमा कुण्डल हुने हुन्छ। चतुर्बाहुको अर्द्धनारीश्वर मूर्तिमा वायांतिरका दुई हातमध्ये एउटा केही झुकाई शिवको वाहन वृषको शिरमा अडचाइएको हुन्छ र अर्को चाहि कटक मुद्रामा रही नीलोत्पल समातेको अथवा तलतिर झुण्ड्चाइएको हुन्छ । त्रिबाहुको अर्द्धनारीश्वर मूर्तिमा वायांतिर केयूर, कंकण वा अरू गहनाहरूले सिंगारिएको खालि एक हात भएर त्यसले फूल, ऐना अथवा सुगा समातेको हुन्छ । यहि अर्द्धनारीश्वर मूर्ति द्विबाहुयुक्त भएमा वायां हात तलतिर झुण्डचाइएको अथवा त्यसले ऐना, फूल अथवा सुगा समातेको अथवा केही झुकाई वृषको शिरमा त्यो अडचाइएको हुन्छ । कहिले काहि वायां कांधमा सुगा बसेको पनि पाइन्छ । वायांतिरको शक्तिको छाती गोलयुक्त भई फुलेको हुन्छ। त्यसमा हार र अन्य जवाहिरातहरू जडेका गहनाहरू पनि लाएका हुन्छन् । स्त्री भागतिर रंगविरंगका अथवा सेता पोसाकहरू लगाइएका हुन्छन्। वायां खुट्टाको गोलिगांठोको माथितिर पाउजेब (anklets) लाएको हुन्छ औ वायां पाऊ हेन्ना पातले रातो रंगाइएको हुन्छ । वायां खुट्टा केही झुकेको अथवा सोझो भई पद्मपीठमा उभेको हुन्छ । अर्द्धनारीश्वरको शरीरको वायां भागको रंग सुगारंग अथवा कालो भई शान्त आकृतिको हुने हुन्छ।

उपर्युक्त विभिन्न आधारहरूवाट अर्द्धनारीश्वरको पूजा प्रचलन प्राचीनकाल-देखि नै यहाँ चलेको देखिन्छ । अर्द्धनारीश्वरको भावनामा यद्यपि द्वैतवादको सिद्धान्त अवस्थित देखिएतापनि त्यसको गूढतामा अद्वैतवादको झझल्को अवश्य भेट्टिन्छ । किनभने उही एकमा अनेकको कल्पना औ अनेकमा एकको दर्शनत्तै अद्वैतवादको प्रमुख विशेषता रहेको छ। पुरुष र प्रकृतिको एकात्स्यतामै पूर्णत्वको स्वरूप देखिने दर्शनमै अर्द्धनारीश्वरको भावना सन्निहित भएकोले उपर्युक्त आदर्श यहाँ दृष्टिगत हुन आएको हो।

भीमसेन

नेपालका विभिन्न देवी-देवताहरूमध्ये भीमसेन पनि एक रहेको छ । यद्यपि यिनी महाभारतकालीन पाण्डु पुत्र पाण्डवहरूमध्ये एक थिए । तर यिनी ज्यादै वीर लडाका हुनुको साथै वायुपुत्र हुँदा यिनमा भगवान् शिवका अंश पनि विद्यमान थियो । भगवान् शिवका अष्टमूर्तिहरूमध्ये वायु पनि एक भएको हुँदा उक्त अनुमानको पुष्टि भएको लाग्दछ । ने. सं. ७७५ को काठमाण्डू भीमसेनस्थानको अभिलेखमा उल्लिखित कविन्द्र प्रतापमल्ल विरचित भीमसेनको स्त्रोत्रमा "ॐ श्री ३ शिवरूप भीमसेनाय नमः ।।" भनी उत्कीर्ण गरिनुको साथै "भज पवनजमिह भीमवरं, अनुसृतशिवतनुं भीतिहर ।।" भनी उत्कीर्ण गरिएको पाइएबाट उक्त कुरो तिरै स्पष्टरूपले इंगित गरेको छ । फेरि, भैरवको एक नाम भीमसेन रहेको छ । कीर्तिपुरस्थित बाघभैरवको नेपाल संवत् ७०७ को एक अभिलेखमा उक्त बाघभैरवलाई भीमसेनको संज्ञा दिइएको छ । अर्को, अन्य लौकिक व्यक्तिहरूको अननुरूप भीमसेनलाई नेपालमा मध्यकालदेखि नै यहांका मूर्तितक्षकहरूले अलौकिक रूप प्रदान गर्न लागेका थिए । चांगुनारायणस्थित अनुमानित १७ औं शताब्दी ई. को भीमसेनको एक शिलामूर्तिमा चार हात देखाइएको छ जसले पनि उपर्युक्त तथ्यतिरै इंगित गर्दछ । यी विभिन्न आधारहरूबाट आफ्ना अन्य दाज्यूभाईहरूको अपेक्षा भीमसेनलाई बढ्ता मान्यता मिलेको कुराको पत्तो हुन्छ । भीमसेनमा निहित बढ्ता खँचुवा प्रवृत्ति औ एक प्रकारले भन्ने हो भने सम्पूर्ण परिवारकै लागि यिनी शारीरिक बोझको दायित्व वहन गर्ने हुँदा यिनमा चतुः वर्णमा वैश्य व्यापारीको स्वभाव देखिएकोले यिनी वैश्य समाजबाट बढ्ता पूजित भएको कुराको अनुमान हुन्छ । विद्वान्हरू शिर, बाहुलाई ब्राह्मण, क्षेत्रीको प्रतीकको रूपमा क्रमैसँग माने जस्तै पेटलाई वैश्यसित तुलना गर्दछन् । किनभने पेटको काम आफुले असाध्य खानुको साथै शरीरका अन्य अंगहरूको सम्बर्द्धनमा पनि योगदान पुऱ्याउने रहेको छ ।

प्राचीनकालमा दूरस्थ प्रदेशहरूमा व्यापारीहरू झुण्ड झुण्ड भई व्यापारको लागि जाने हुँदा तिनीहरूलाई बलवान व्यक्तिहरूको सहयोग अपेक्षित हुने हुन्छ । भीमसेन एक अत्यन्त बलशाली व्यक्ति भएको कुरा महाभारतको कथाबाट स्पष्ट-

रूपले जानिनुको साथै पाण्डवहरूको हिमाली प्रदेशका जातिहरूको संस्कृतिसित घनिष्टता भएको तिनीहरूको वैवाहिक रिवाजबाट देखिएवाट पनि भीमसेन वैश्यहरूका सर्वमान्य देवताको रूपमा मानिएको कुराको चाल पाइन्छ । किनभने हिमाली खण्डका यक्षहरू प्राचीनकालदेखि नै व्यापारीहरूद्वारा पूजित थिए । यस कुरोलाई प्राचीन ग्रन्थहरूको अध्ययनमा स्पष्टतः जानिन्छ । महाभारत ३,६५,२२ मा यक्ष मणिभद्र व्यापारीहरूका नायकको रूपमा चित्रित गरिएको छ । प्रथम शताव्दी ई. पू. को कोसम शिलाभिलेखमा "नमो भगवतो सथवाहस मानिभदस ।" भनी उल्लेख गरिएवाट पनि उक्त तथ्यको पुष्टि हुन्छ । यसको अतिरिक्त यक्षराज कुबेर-वैश्रवण धनपति मानिएको कुरा विचारणीय छ । वैश्रवण-लाई धनपतिको रूपमा वर्णन गरिएबाट उपर्युक्त कुरोको पुष्टिको लागि सहायक स्वरूप छ । तर, पछि गएर यक्षहरू वैश्यहरूका देवताको रूपमा मानिनुको वदला माथि वर्णन गरिए अनुसार यक्षहरूको सांस्कृतिक विरासतलाई पनि अक्षुण्ण राख्ने भीमसेनलाई देवताको रूपमा मानिन लागेका थिए ।

भीमसेनको पूजोपासना नेपालमा कहिलेदेखि प्रारम्भ भयो भन्ने कुरा मनन-योग्य छ । उत्तरप्राचीनकालीन नेपालमा भीमसेनको पूजा प्रचलित भएको कुरा पुरातात्विक सामग्रिहरूबाट पुष्टि हुन सकेको छैन । यसको विपरित त्यस समय यक्षराज वैश्रवणको आकृति अंकित साथ वैश्रवण अभिलेख सहितको मुद्रा लिच्छवि राजा श्रीशिवदेव प्रथम द्वारा प्रचलनमा ल्याइएको थियो । जसले त्यस समय यक्षराजको महत्ता यहां कायम भएको देखिई त्यस बेलासम्म यहां भीमसेनको पूजा प्रारम्भ नभएको कुराको चाल पाइन्छ । तर वंशावलीमा वर्णित वर्णन अनुसार नेपालमा भीमसेनको पूजा १२ औं शताव्दी ई. देखि चलेको देखिन्छ । देवमाला वंशावलीको वर्णन अनुसार काठमाण्डु तथा ललितपुरका भीमसेन मन्दिरहरूको निर्माण १२ औं शताव्दी ई. को पूर्वार्द्धमा भएको थियो । तर, यस कुराको पुष्टिको लागि तत्कालीन कुनै आभिलेखिक साक्ष्य पाउन सकिएको छैन । अहिले सम्मन् प्राप्त अभिलेखहरूको आधारमा यहां निर्णित रूपले १५ औं १६ औं शताव्दी ई. देखि भीमसेनको पूजोपासना प्रचलित भएको कुरा विदित हुन्छ । दोलखामा प्राप्त ई. सन् १५२०, १५२४ तथा १५४९ का अभिलेखहरूमा भीमसेनलाई शिवको रूपमा दर्शाइएको छ । त्यस्तै काठमाडौं भीमसेन मन्दिरसित सम्बन्धित ई. सन् १५६४ को एक ताम्रलेख पाइएको छ । कीर्तिपुर बाघभैरवको ने. सं. ७०७ को ताम्रपत्रमा बाघभैरवलाई भीमसेनको संज्ञा दिइएको छ । त्यस्तै भक्तपुर जुपलच्छे टोलस्थित गुरुवहालको परखालको शिलाभिलेखमा ने. सं. ७१२ मा भीमसेन र द्रौपदीका मूर्तिहरू प्रतिष्ठापन गरिएको कुरा वर्णित छ । ने. सं. ७३० को दोलखा भीमेश्वर

स्थानको माथि छतमा राखेको सुवर्णपत्राभिलेखमा दानपति भिक्षु सहित भएर भीमायणेश्वरलाई सुनको गजुर, तोरण, कलश आदि चढाएको कुरा वर्णित छ। यी विभिन्न आधारहरूबाट उपर्युक्त अनुमानको स्पष्टत: पुष्टि भएको लाग्दछ।

नेपालमा भीमसेनको पूजा मध्यकालको मध्यताकादेखि प्रचलित भएको कुरा माथि वर्णित भइसकेको छ। तर, भीमसेनको पूजा नेपालमा केही अपवाद वाहेक नेवार समाजमा मात्र चलेको देखिन्छ। सुदूर पश्चिमको नेपारा भन्ने स्थानका नेपाल थरका ब्राह्मणहरूमा पनि भीमसेनको पूजा गर्ने परम्परा पाइएको छ। नेवारहरूको वस्ती जुन-जुन स्थानमा अत्यधिक मात्रामा वसेको छ ती ती स्थान-हरूमा भीमसेनका मूर्तिहरू प्रतिष्ठापित गरिएका छन् जसले सवै जातका मानिस-हरूद्वारा पूजित देवताहरूको साथै माथि उल्लेख गरिए अनुरूप केही अपवाद वाहेक कुनै एक जातका मानिसहरूद्वारा मात्र पूजित देवताहरू पनि हुनेकुरा निर्णित हुन्छ। नेवारहरूले भीमसेनको मूर्ति स्थान-स्थानमा स्थापना गरी तिनीहरूको पूजा एवं यात्राहरू गर्दै आइरहेका छन्। भीमसेनको पूजा परम्पराको समुन्नतिमा नेपालका कर्णाट राजाहरूले पनि विशेष योगदान गरेका छन्। ललितपुर मंगलबजारस्थित भीमसेनको तीन तल्ले मन्दिरको निर्माण कर्णाटवंशी नेपालाधिपति श्री श्री निवास मल्लले गरेका थिए। पहिले सो मन्दिर खालि एक तल्ले मात्र भएको कुरा दानरत्नाकर नामक ग्रन्थको अध्ययनबाट विदित हुन्छ। यसरी नेपालमा राजा एवं प्रजाको समान श्रद्धा, भक्ति भीमसेनमा कायम भएको हुँदा भीमसेनको पूजा परम्परा यहां अत्यधिक मात्रामा चलन सकेको थियो। नेपालवासीहरूले अनि यस देवताको यात्रा समेत चलाई यसको लोकमान्यतालाई अझ बढि बढाउनमा महत्वपूर्ण भूमिका खेलेका थिए। ललितपुरस्थित भीमसेनको यात्रा प्रत्येक वर्ष भाद्रमा गरिने परम्पराले यस तथ्यको स्पष्ट खुलासा गरेको छ। जसबाट यो देवताको लोकप्रियता सिद्ध भई यो देवता नेपालवासीहरूद्वारा पूजित भएको कुरा निर्णित हुन्छ।

विश्वकर्मा

हिन्दू देवमालाका सुप्रसिद्ध देवताहरूमध्ये विश्वकर्मा पनि एक रहेको छ । यिनी केवल पुराणकालीन देवतामात्र नभई ऋग्वेदकालीन देवता भएको कुरा ऋग्वैदिक ऋचाहरूको अध्ययनबाट जानिन्छ । ऋग्वेद १०।८१।१–४ ऋचामा पृथ्वीका सृष्टिकर्ताको रूपमा विश्वकर्मालाई लिनुको साथै तिनको आकृति बारे वर्णन गरिएको छ । त्यसमा विश्वकर्मालाई चारैतिर आंखा, मुख, बाहु श्रौ पैर भएको भनी उल्लेख गर्दै आफ्ना हात खुट्टाले द्यौ तथा पृथ्वीलाई सृष्टि गर्नेको रूपमा चित्रित गरिएको छ । ऋग्वेद ७।३५ ऋचामा तत्समयका देवताहरूको नामक्रममा त्वष्टाको उल्लेख आएको छ । अमरकोश अनुसार त्वष्टा विश्वकर्माको अर्को नाम रहेको छ । हिन्दू अनुश्रुति अनुसार त्वष्टाकी छोरी संज्ञाको विवाह सूर्यसित भएको थियो । तर, संज्ञाले सूर्यको तापलाई सहन गर्न नसकेको हुँदा त्वष्टाले सूर्यको तापलाई केही टांसेर त्यसबाट विष्णु, महादेव आदि देवताहरूको लागि चक्र, त्रिशूल आदि हथियारहरू निर्माण गरिदिए । मार्कण्डेयले यस कुरातिर इंगित गरेको छ । यस कुराको संकेत महाकवि कालिदास विरचित "रघुवंश" महाकाव्यमा पनि गरिएको छ । विश्वकर्माका उपर्युक्त स्वरूप तथा कार्यले तिनी अपरिमित शक्ति सम्पन्न भई ब्रह्म स्वरूप भएको कुरा सूचित गर्दछ । यिनी विश्वाधार परब्रह्म भएको कुरा वशिष्ठपुराणबाट जानिन्छ । "विश्वकर्मा परब्रह्म जगदाधार मूलकः" भनी उक्त पुराणमा यिनको महत्वको वर्णन गरिएको छ ।

उपर्युक्त ऋग्वैदिक ऋचाबाट विश्वकर्मा सृष्टिको देवता भएको कुरा जानिन्छ । यिनले द्यौ एवं पृथ्वीको सृष्टि गरेका थिए । यहीन कारण छ यिनलाई निर्माणका देवता श्रौ शिल्पकलाका आदि प्रवर्तकको रूपमा लिइन्छ । मत्स्यपुराणले यिनलाई वास्तुशास्त्रका अष्टादश उपदेशकहरूमध्ये एक मानेको छ । यिनले श्रम श्रौ नियमनको प्रवर्तन गरी संसारलाई नूतन रूप दिएका थिए । विश्वकर्मा नाममै यो अर्थ प्रकटित हुन्छ कि सम्यक् सृष्टि कर्म व्यापार जस्को छ त्यो नै विश्वकर्मा हो । यजुर्वेदको रूद्राष्टाध्यायमा भगवान विश्वकर्मालाई "तक्षा" श्रौ "कर्मार" भनी संबोधन गरिएको छ । विश्वकर्माका यी नै गुणहरूको कारण प्राचीन मनीषिहरूले यिनलाई जगन्नियन्ता, विराट, विष्णु, शिव, त्वष्टा, तक्षा, नारायण, विश्वरूप, कश्यप,

वाचस्पति, प्रजापति, हिरण्यगर्भ, जगद्गुरू, शिल्पाचार्य आदि नामले आदर प्रकट गरेका छन्। वेदमा "विश्वतश्चक्षुरुत विश्वतोमुखा विश्वतोबाहुरुत विश्वतस्यात्" भनी यिनको सर्वव्यापकता, सर्वज्ञता, शक्ति सम्पन्नता श्रौ अनन्तता देखाइएको छ। यजुर्वेदका ऋचामा यिनलाई सर्वज्ञ, जगत् उत्पादक, विविध विज्ञानयुत, सर्वव्यापक, गगनवत् विकारहीन अक्षोभ्य, सर्वाधिकरण, सम्यक् संसारका धाता, सर्वोत्कृष्ट श्रौ सम्पूर्ण प्राणीका पाप तथा पुण्यलाई देख्ने भनी वर्णन गरिएको छ। "ॐ प्रजापति विश्वकर्मा मनोगन्धर्वः। स न इदं ब्रह्म क्षत्रं पातु तस्मै स्वाहा वा॥" भन्दै हाम्रा मनीषिहरूले विश्वकर्मालाई प्रजापति, सर्वकर्म प्रेरक श्रौ पृथ्वीलाई धारण गर्नेको रूपमा वर्णन गरेका छन्। ऋग्वेदमा यिनलाई लोककल्याणकारीको रूपमा चित्रित गरिएको छ। अथर्ववेद अनुसार तिनी रक्षक श्रौ सद्भावहरूको जनक रहेको छ। सामवेदले द्यौ एवं पृथ्वीका समस्त प्राणिहरूमाथि अनुग्रहको लागि तिनीसित प्रार्थना गरेको छ। श्वेताश्वतरोपनिषद्मा विश्वकर्माको सार्वभौमिकताको सुन्दर वर्णन पाइन्छ। यी सबै आधारहरूबाट विश्वकर्मा एक महान् प्रसिद्ध देवता भएको कुरा निर्णित हुन्छ।

ऋग्वैदिककालपछि ब्रह्मा, विष्णु श्रौ महादेवलाई सृष्टि, स्थिति श्रौ क्षयका देवताको रूपमा मान्दै यिनीहरूको एकात्म्य रूप त्रिमूर्तिको कल्पना हाम्रा मनीषिहरूले गरेका थिए। सृष्टिकर्ता ब्रह्मा चतुर्मुखी रहेको छ, जसले ऋग्वेदमा वर्णित सृष्टिकर्ता विश्वकर्माको स्वरूपसित तादात्म्य राख्तछ। विश्वकर्माका विभिन्न नामहरूमध्ये धाता, प्रजापति आदि पनि भएको कुरा उपर्युक्त वर्णनहरूबाट जानिएका छन् जुन अमरकोष अनुसार ब्रह्माका विभिन्न नामहरू मध्येका छन्। यी नै विशेषतया आधारहरू छन् जसको कारण यिनलाई ब्रह्माका दोश्रो शरीरको रूपमा स्कन्दपुराणले उल्लेख गरेका थिए। सृष्टिका दुई रूप छन्– आध्यात्मिक तथा भौतिक। ब्रह्मा आध्यात्मिक सृष्टिका जनक छन् भने विश्वकर्मा भौतिक सृष्टिका। यस कुरोलाई तिनीहरूका प्रहरणहरूको अध्ययनबाट स्पष्टतः अनुमान गर्न सकिन्छ। आध्यात्मिक सृष्टिका कर्ता ब्रह्मा पुस्तक, कमण्डलु, अक्षमाला, स्रक, स्रव, आज्य स्थालि तथा कूर्च आदि प्रहरणहरूले युक्त भई अभय एवं वरद मुद्रा लिएका हुन्छन् भने विश्वकर्मा मुद्गल तथा ज्यावललाई आफ्ना प्रहरण स्वरूप हातमा लिने हुन्छन्। यद्यपि विश्वकर्माका मूर्ति यहां नगण्यमात्र छन् तापनि सर्वथा अभाव नै छन् भन्न मिलोईन। खिष्टाब्दको द्वितीय शताब्दीका कुषाण सम्राट् हुविष्कको एक प्रकारको मुद्रामा उत्कीर्ण विश्वकर्माले मुद्गल तथा चिमटा समातेको देखाइएको छ। मध्यकालीन नेपालका दुई सुप्रसिद्ध मन्दिरहरू यथा पशुपति क्षेत्रस्थित पशुपतिनाथको मन्दिर तथा पूर्व १ नं. पुण्यवतीस्थित इन्द्रेश्वर महादेवका मन्दिरका तुनालहरूमा उपर्युक्त

प्रहरणहरूले सम्पन्न विश्वकर्माका आकृतिहरू कुँदिएका छन् । यसको अतिरिक्त विश्वकर्माको पूजा गर्दा ज्यावलहरूमा मात्र पूजा गर्ने चलन पनि यहां देखिएका छन् । यिनका उपर्युक्त ज्यावलहरू भौतिक सृष्टिको लागि आवश्यक मानिन्छन् । यिनले अमरावती, अलकापुरी, पार्वतीको विवाह मण्डप, इन्द्रप्रस्थ, बृन्दावन तथा लंका निर्माण गरेका कुरा वर्णित छन् । यसको साथै यिनले सूर्यलाई टांसेर तिनका तेजांशबाट देवताहरूको लागि अनेक आयुधहरूको निर्माण गरेका थिए । त्रिपुरासुरको वधको लागि विश्वकर्माले एक दिव्य रथको निर्माण गरेका थिए भने इन्द्रलाई दधीचीको अस्थि वज्र वनाई अर्पण गरेका थिए । वाल्मिकी रामायण अनुसार यिनले ब्रह्माको लागि पुष्पक विमानको निर्माण गरेका थिए । महर्षि व्यास रचित महाभारतमा विश्वकर्माबाट निर्मित एक भव्य सभामण्डपको वर्णन पाइन्छ, जसको कारण पनि महाभारत युद्ध घटित हुन गएको थियो । महाभारत आदिपर्वमा विश्वकर्माले पाण्डवहरूको लागि इन्द्रप्रस्थ नामक एक नगर पनि निर्माण गरेको कुरा वर्णित छ । पद्मपुराणको भूखण्डमा स्वर्ग, पृथ्वी, पातालमा जत्ति पनि शिल्प प्रत्यक्ष छन् तिनीहरूको प्रवर्तक विश्वकर्मालाई नमस्कार गरिएको छ। यी उदाहरणहरू उपर्युक्त तर्कको पुष्टिको लागि सहायक स्वरूप छन् । यसरी ब्रह्माका हातमा रहेका प्रहरणहरूले आध्यात्मिक सृष्टितिर इंगित गर्दछन् भने विश्वकर्माका प्रहरणहरूले भौतिक सृष्टितिर । यसमा दुईमत होवैन ।

विश्वकर्माको अध्ययनमा ऋग्वैदिक अद्वैत दर्शनको झल्को पनि पाइन्छ । स्त्री पुरुष सवै देवताहरू एउटै देवता सित तादात्म्य राख्ने भएर सत नै अद्वैत ब्रह्म मानिन्छ । वैदिक दर्शन एवं धर्मको निचोड यही नै छ । विश्वकर्मा विष्णु, ब्रह्मा, सूर्य आदि नामले विख्यात हुनुको साथै सरस्वती नामले पनि पूजित छन्। पद्मपुराण विष्णु र विश्वकर्मामा कुनै अन्तर देख्तैन । स्कन्दपुराण विश्वकर्मालाई ब्रह्माको दोश्रो शरीरको रूपमा स्वीकार्छन् । विश्वमेडिनी कोषमा यिनलाई सहस्र रश्मिहरूवाट सवलित सविताको रूपमा वर्णित छ । स्कन्दपुराणको नागरखण्डमा यिनी विद्याकी देवी सरस्वतीको अवतारको रूपमा पनि वर्णन गरिएको छ । ने. सं. ८५७ को ललितपुरस्थित मन्जुश्री मन्दिरको अभिलेखमा मन्जुनाथ, सरस्वती तथा विश्वकर्मा तीनैलाई एउटै परब्रह्मको रूपमा दर्शाइएको छ । यी विभिन्न वर्णनहरूमा यिनी अद्वैत ब्रह्मरूप मानिनु उपयुक्त नै लाग्दछ। अनि ती ब्रह्मस्वरूप भगवान प्राणीमात्रको वन्दनीय रहेर तिनी परब्रह्मको रूपमा पूजित छ ।

उपर्युक्त विभिन्न साहित्यिक सामग्रिहरूको अतिरिक्त पुरातात्विक आधारमा पनि यो देवताको प्राचीन पूजा परम्पराको पत्तो हुन्छ । कुशान सम्राट् हुविष्कको

एक प्रकारको मुद्रामा दायां हातमा मुद्‌गल औ बायां हातमा चिमटा लिएका देवताको आकृति उत्कीर्ण छ जुन विश्वकर्माकै आकृति भएको स्पष्ट छ। यस मुद्राको प्राप्तिबाट विश्वकर्माका प्रहरण विषय विदित हुनुको साथै विश्वकर्माको सर्वप्राचीन स्वरूपको निदर्शन हुन्छ। ललितपुर ज्याठा टोलको नेपाल संवत्‌ ७६४ को एक अभिलेखमा विश्वकर्माको प्रासाद जिर्णोद्धार गरिएको कुरा वर्णित छ।अनुमानित १७ औं, १८ औं शताब्दी ई. देखि विश्वकर्माको देवस्थलको रूपमा प्रख्यात एक भवन ललितपुर ह्रौगलस्थित इखा गल्लीमा छ। एक भिन्नै देव मन्दिरको रूपमा नभएता पनि घरको ढोकामा दुवैतिर द्वार रक्षकको रूपमा तामाका दुईटा सिंहहरू प्रतिष्ठापित यो भवन विश्वकर्माको देवस्थलको रूपमा विख्यात छ। विश्वकर्माका आकृतिहरू मध्यकालीन नेपालका सुप्रसिद्ध देवमन्दिरहरूका टुनालहरूमा कुँदिएको कुरा माथि वर्णन भइसकेका छन्‌। यी विभिन्न आधारहरूबाट विश्वकर्मा नेपालमा पूजित विभिन्न देवताहरूमध्ये एक भएको कुरा स्वत: सिद्ध छ।

उपर्युक्त विभिन्न आधारहरूबाट विश्वकर्मा सृष्टिको प्रारम्भिक समयदेखिनै एक प्रसिद्ध देवताको रूपमा मानिँदै आएको कुरा जानिन्छ। तर, ऋग्वैदिककालपछि सृष्टिका देवताको रूपमा ब्रह्माको प्रादुर्भावपछि यी देवताको स्थान खस्किन लागेको थियो, जस्तो लक्ष्मीको प्रादुर्भावपछि धनाधिपति वैश्रवणको महत्व घट्‌न गएको थियो। यसरी भन्दैमा विश्वकर्माको उपासना गर्ने मानिसहरूले सर्वथा छोडे भन्ने होइन। शिल्पकारहरूको अत्यधिकता भएको यो देशमा यो देवता अद्यापि शिल्पकारहरूबाट ठूलो श्रद्धा भक्तिका साथ पूजित छन्‌। यिनलाई शिल्पका अधिष्ठाता देवताको रूपमा स्वीकार्छन्‌।

कुवेर

ऋग्वैदिक समय धनको महत्व अत्यधिक मात्रामा बढिसकेको थियो। यसैले ऋग्वेदमा ऋद्धिका भण्डारस्वरूप रहेका देवसख (कुवेर) को कृपा प्राप्तिको लागि प्रार्थना गरिएका ऋचाहरू प्राप्त भएका छन्। कुवेरलाई त्र्यम्वकसख भनिने हुँदा ऋग्वैदिक ऋचामा प्रयुक्त देवसखले कुवेरलाई नै इंगित गरेको स्पष्ट हुन्छ। त्यस समय धनाधीश्वरलाई ज्यादै मान्यता मिलेको अनुमान हुन्छ। उपर्युक्त ऋचामा धनाधिपतिलाई देवसख भनिनु औ धनाधिपति कुवेरको प्रारम्भिक आकृति ज्यादै सुन्दरतम भएको कुरा वर्णित भएवाट उक्त अनुमान गरिएको हो। अथर्ववेदमा पनि वैश्रवण कुवेरको वर्णन गरिएको पाइन्छ। तर, पछि धनार्जनलाई भन्दा त्यागमा खास जोड दिइन लागेको हुँदा धनेश्वरप्रतिको पूर्व दृष्टिकोणमा परिवर्तन हुन गयो जसको कारण धनका अधीश्वरलाई कुवेरको संज्ञा दिइएको थियो। वायुपुराणमा धनाधिपति कुवेरलाई कुत्सित शरीर भएको भनी वर्णन गरिएकोलाई यहां यसै परिप्रेक्षमा लिन सकिन्छ। कुवेर शव्दको व्युत्पत्तिपरक अर्थ पनि कुत्सित या धनले युक्त भन्ने हो। यसरी धन र कुरूपताको संयोग दर्शाइएको छ। धन सांच्चै भन्ने हो भने मानसिक कुरूपताकै परिचायक छ। यहीन कारण छ कुवेरको प्रतिमा-शास्त्रीय लक्षण अनुसार तीन खुट्टे, एक चक्षु हुनुको साथै आठ दाँत मात्र भएको देखिन्छ। जसले धनाधिपतिको कुत्सित आकृतिलाई दर्शाएको स्पष्ट छ। यी विभिन्न आधारहरूबाट आरम्भमा शिव-पार्वती पुत्र स्वरूप मात्र देखिएका गणेश पछि गएर तिनको गजमुख आकृतिमा गणपति स्वरूपलाई चिनाउने भएजस्तै कुवेरका पूर्व रूपको अनन्तर पछिल्लो रूपमा तिनीप्रति वौद्धिक जगतमा देखिन लागेको परिर्वातित मनोवैज्ञानिक दृष्टिकोणलाई प्रदर्शित गर्ने भएका छन्।

वैदिककालपछि महाकाव्य तथा पुराणहरूमा धनाधिपतिकोरूपमा यक्षराज कुवेरको नाम स्पष्टरूपले वर्णन गरिएको पाइन्छ। रामायण तथा वराहपुराणले कुवेरको उत्पत्ति वारे प्रकाश पारेका छन्। तर, तिनीहरूका वर्णन एक दोश्रोसित मेल खांदैनन्। रामायणमा कुवेर ब्रह्माका नाती तथा पनाती दुवैरूपमा वर्णित छन्। त्यसमा कुवेर विश्रवसका पुत्रका रूपमा वर्णित भएवाट पनि तिनको एक नाम वैश्रवण भएको देखिन्छ। वराहपुराणले कुवेरको उत्पत्ति वारे एक भिन्नै कथा

प्रस्तुत गरेको छ। त्यसमा ब्रह्माको मुखबाट निस्केको चून ढुंगाको ठूप्रोबाट कुवेरको आविर्भूत भएको कुरा वर्णित छ। चून ढुंगाबाट कुवेरको सृष्टि भएको उपाख्यानमा चून ढुंगामा दैविक अंश विद्यमान भएको कुरा प्रमाणित हुन्छ। ल. पु. बुंगमतिमा एक देवस्थल विद्यमान छ जसलाई चूनदेवी भनिन्छ। यसको अतिरिक्त कतिपय देव–देवीहरूका स्थलमा वर्षको एक पटक चूनले पोत्ने परम्परा देखिएका छन्। यी आधारहरूबाट चून ढुंगामा देवताको अंश विद्यमान भएको कुरामा यहांका मानिसहरू प्राचीनकालदेखि नै विश्वस्त भएको स्पष्टिन्छ। अर्को, उपर्युक्त उपाख्यानहरूमा कुवेरको सृष्टिको अनन्तर ब्रह्माले तिनलाई अमरत्त्व प्रदान गरी धनका अधिपति गराउनुको साथै देवताहरूको सम्पत्तिको संरक्षक गरेका कुरा वर्णित छन्। जसले कुवेरको उत्पत्ति व्यक्तिगत सम्पत्तिको उदय संगै भएको कुरामा कुनै सन्देह रहँदैन। अनि सम्पत्ति सभ्यताको विकासको लागि सहायक हुनुको साथै मनुष्य समाजको दुःखका कारण स्वरूप पनि हुँदा कुवेरका द्विविध स्वरूपको कल्पना गरिएको देखिन्छ।

यक्षराज कुवेर तथा तिनका यक्षगणहरूको बारे उल्लेख वैदिक साहित्यहरूमै पाइन्छ। कुवेरका यी यक्षगणहरूको पूजा उपासना खिष्टाब्द भन्दा पूर्व अत्यधिक मात्रामा प्रचारित थियो। तिनीहरू ज्यादै भयावह छन् तथापि तिनीहरूमा कल्याणकारी स्वरूप पनि वर्तमान छन् जसको कारण दुःख, संकटबाट मोचन पाउनको लागि तिनीहरूका स्तुति गरिन्छन्। सातौं शताब्दी ई. को चम्पाको एक अभिलेखमा यक्षराज कुवेरसित रक्षाको कामना गरिएकोलाई यहां उदाहरण स्वरूप लिन सकिन्छ। यसको अतिरिक्त दीपावलींको महारात्रीलाई यक्षरात्रिको संज्ञा दिइनुको साथै कुवेरको पूजा गरिने परम्पराले पनि यक्षपूजाको व्यापकता तिर इंगित गर्दछ। बौद्ध साहित्यहरूमा काशींमा शिवपूजनको भन्दा यक्षपूजनको प्राधान्य भएको कुरा वर्णित छ। महामायूरीमा प्रधान यक्षलाई महाकाल भनिएको छ जुन शिवको एक रूप रहेको छ। बौद्धहरूले शिवलाई नै यक्ष मानेका छन्। जैन साहित्यमा पनि काशी नगरीमा यक्षपूजाको प्रधानता भएको कुरा उल्लेख गरिनुको साथै नगरमा यक्षहरूका चैत्य भएको कुरा वर्णित छन्। यक्षपूजाको व्यापक प्रचारको कारण यक्षगण औ शैवगणको बीच ठूलो प्रतिद्वन्द्विता चलेको थियो। मत्स्यपुराणमा वर्णित हरिकेश यक्षको उपाख्यानको अध्ययनमा शैव एवं यक्षहरू बीचको प्रतिद्वन्द्विताको झझल्को भेट्टिन्छ। हरिकेशको शिवभक्तिले रूष्ट भई तिनका पिताले तिनलाई घरबाट निकाल्ने धमकी दिंदा शिवले हरिकेशलाई वाराणसीमै रहने अनुमति दिनुको साथै तिनलाई क्षेत्रपाल नियुक्त गरेका थिए। जसले उक्त तथ्यतिर इंगित गर्दछ। यहांनेर प्रह्लादको उपाख्यानको स्मरण हुन्छ,

जसमा प्रह्लादको विष्णु भक्तिदेखि रूष्ट भई तिनका पिताले तिनलाई मार्ने धमकी दिंदा नृसिंहरूप विष्णुले हिरण्यकशिपुलाई मारी प्रह्लादको रक्षा गरेका थिए । शैव एवं यक्षहरू बीच घटित प्रतिद्वन्द्विताको संकेट डा. मोतीचन्द्रले आफ्नो "काशीका इतिहास" नामक ग्रन्थमा पनि गरेको छ । अन्ततोगत्वा यक्षहरूको पराजय भई तिनीहरू शिवगणमैं विलीन भए । फेरि मत्स्यपुराणले महायक्ष कुवेरनै वाराणसीमा आई आफ्ना वैभव तथा यक्ष स्वभावलाई छोडेर मंगल मूर्ति गणेश प्रद प्राप्त गरेको कुरा उल्लेखेको छ । यिनी शिवका अभिन्न मित्र भए जसको कारण यिनको एक नाम त्र्यम्वकसख हुन गयो । उपर्युक्त चम्पाको अभिलेखमा यिनलाई महेश्वरसख भनिएकोलाई यहां यसै सन्दर्भमा लिन सकिन्छ । अर्कोतिर कैलासपति महादेवले पनि रावणद्वारा लंकाबाट धपाइएका यक्षेश्वर कुवेरलाई आफ्नै कैलासको फेदीमा अलाका नगर बसाई राज्य गर्ने अनुमति साथ कैलासनाथ नामले पनि तिनलाई अभिहित गरेका थिए । विक्रमोर्वशी तथा रघुवंशको अध्ययनमा उक्त कुरोको पुष्टि हुन्छ । यसको अतिरिक्त कैलासलाई कुवेराद्रिः तथा कुवेराचल भनिएकोलाई पनि यसै सन्दर्भमा लिन सकिन्छ । कुवेर अनि आफ्ना मित्र तथा आराध्य देवता शंकरको पूजा उपासना पद्मपुष्पहरूले गर्दथे । तिनै पद्मपुष्पहरू आफ्नी प्रियाको धूनमा रत यक्षले वासी चाहिं ल्याइदिएवापत सो यक्षलाई एक वर्ष सम्मको देश निकालाको दण्ड दिइएको कुरा मेघदूतमा वर्णित छ ।

अनुश्रुति अनुसार चतु महाराजहरूमध्ये यिनी एक रहेका छन् । पाणिनीको अष्टाध्यायी ४.३.९५,९८,९९ तथा ५.३.९९ सूत्रहरूको अध्ययनमा यिनी चार दिशाका चतुमहाराजहरूमध्ये एक भएको पाइन्छ । कुमारास्वामीको अनुसार चतुमहाराजहरू उतर, पूर्व, दक्षिण तथा पश्चिम दिशाका दिग्देवताहरू हुन् । यसरी चतुमहाराजमैं चतुर्दिक्पालको कल्पना सन्निहित भएको देखिन्छ । यद्यपि कुवेर बाहेक चतुमहाराज तथा चतुलोकपालहरूका नाममा एकात्म्य पाइंदैन, जुन स्वाभाविक पनि लाग्दछ । किनभने समयको फेरमा नामहरूमा फेरबदल भइरहने हुन्छन् । प्रथम शताव्दी ई. पू को नानाघाट गुहालेखमा इन्द्र र धर्मका नाम एक स्थानमा प्रयोग गरी लोकपालहरूका नामक्रममा वासव तथा यम नामहरू प्रयुक्त छन् जसले सो समयसम्म इन्द्र र वासव श्रो धर्म र यमको वीच एकात्म्य स्थापित नभएकोतिर इंगित गर्दछ । यी आधारबाट उपर्युक्त अनुमानकै पुष्टि हुन्छ । अर्को, अष्टलोकपालको वदला सर्वप्रथम चतुलोकपालकै कल्पना गरिएको थियो । चतुर्दिक्पालको सर्वप्रथम उल्लेख खिृष्टाव्दको प्रथम शताव्दी पूर्व भइसकेको थियो । प्रथम शताब्दी ई. पू. को नानाघाट गुहालेखमा वासव, वरूण, यम, कुवेरलाई

चतुर्लोकपालको रूपमा वर्णन गरिएको छ। लोकपालहरूको संख्या आठओटा भएको कुरा चारौं शताब्दी ई. का अमरकोशबाट देखिएतापनि मुख्य लोकपालहरू छैठौं शताब्दी ई. सम्म पनि चार नै मानिने परम्परा भएको कुरा कुमारसम्भव तथा छैठौं शताब्दी ई. का नरसरावपेट अभिलेखबाट जानिन्छ। जसले पनि उक्त अनुमानकै पुष्टिमा सहयोग पुऱ्याएका छन्।

महाभारतमा लंक्ष्मीलाई कुवेरकी पत्नीको रूपमा वर्णित छ। भामिनी विलास २.१० ले पनि "विभाति यस्यां ललितालकायां मनोहरा वैश्रवणस्य लक्ष्मी: ।।" भनी उक्त तथ्यतिरै संकेत गरेको छ। कुवेर निधीश्वर भएर अष्टनिधियुक्त भएको कुरा पूर्वकारणागम, रूपमण्डन, चतुर्वर्ग चिन्तामणि तथा शिल्परत्न संयोजित आदि ग्रन्थमा वर्णित हुनु ग्रौ मार्कण्डेयपुराणमा पद्मिनी विद्या, जसको मुख्य देवी श्रीलक्ष्मी छन्, को आधारनै अष्टनिधि भएको कुरा वर्णित भएबाट उपर्युक्त तर्कको पुष्टि हुन्छ। उत्तरप्राचीनकालीन नेपालका प्रख्यात लिच्छवि राजा श्री शिवदेव प्रथमद्वारा प्रचारित मुद्राको पुरोभागमा दायां हातले अष्टनिधि समातिराखेको वैश्रवणको आकृति कुँदिनुको साथै वैश्रवण अभिलेख पनि उत्कीर्ण छ। त्यस्तै तृतीय शताब्दी ई. पू. को वेसनगरमा प्राप्त एक प्रकारको मुहरमा गजलक्ष्मीको आकृतिको दायां वायां दुई जना व्यक्तिले थैलाबाट धनका पोकाहरू खन्याई राखेका छन्, जसलाई प्रो. जे. एन. वनर्जीले अष्टनिधिको रूपमा लिएका छन्। सम्भवत: ती दुई व्यक्ति यक्षहरू हुन्। यसको अतिरिक्त भारतमा प्राप्त कतिपय कुषाणकालीन मूर्तिहरूमा कुवेर र लक्ष्मीका युग्म रूप प्रदर्शित छन्। यी आधारहरू पनि उपर्युक्त तथ्यकै प्रमाणिकरणकालागि सहाय्य छन्। तर, कुवेरलाई धनको अधिपतिको रूपमा पछि मानेता पनि कुवेर र लक्ष्मीको युग्म रूपको वदला गणेश र लक्ष्मीको युग्मरूपको कल्पना खिृष्टाव्दको प्रारम्भिक समयदेखि गरिन लागको थियो। यस घटनालाई हाम्रो सांस्कृतिक परिवर्तनको द्योतक रूपमा लिइन्छ। स्वयं धनाधिपति कुवेरले गणेश पद प्राप्त गरेपछि तिनको पहिलेको प्रतिष्ठा खत्म हुनु स्वाभाविक पनि छ। अर्को, ब्रह्माकी पुत्री लक्ष्मीले कठोर तपस्या गरी रूप, धन, राज्य, शक्ति आदि सम्पूर्ण प्राप्त गरेकी हुँदा पनि कुवेरको पहिलेको प्रतिष्ठा खत्म हुन गएको अनुमान हुन्छ। लक्ष्मीको बारे उपर्युक्त उपाख्यान शतपथ ब्राह्मण ग्रन्थमा वर्णित छ। यस उपाख्यानबाट धनकी देवीको रूपमा लक्ष्मीको पूजा उपासना यथेष्ट मात्रामा बढ्न लागेको कुराको चाल पाइन्छ। फलत:यक्षरात्रीकी मुख्य आराध्यदेवी नै कुवेर–वैश्रवणको बदला लक्ष्मी हुन गए।

कुवेरको बारे अन्य साहित्यिक सामग्रिहरूबाट पनि अत्यधिक कुरो जान्न सकिन्छ। कौटिल्य अर्थशास्त्रमा अरू विभिन्न देव-देवीहरुको साथै कुवेर–वैश्रवणको

मूर्ति पनि नगरको वीच भागमा प्रतिष्ठापन गरिनुपर्ने कुरा वर्णन गरिएको छ। नगरको वीच भागमा कुवेरको प्रतिमा स्थापना गरिनुपर्ने विधानले ख्रिष्टाव्द भन्दा पूर्व अर्थात् पूर्वप्राचीनकालमा धनको अत्यधिक महत्व वढेको कुराको पत्तो हुन्छ। महाकवि अश्वघोषले कुवेरलाई द्रविणपतिको संज्ञा दिनुको साथै तिनका नलकुवर नामक पुत्ररत्न भएको भ्रौ तिनको जन्ममा अलकापुरिलाई झकीझकाउ गरी शोभायमान तुल्याएको कुरा बुद्धचरितम् महाकाव्यमा उल्लेखेको छ। भगवान् वुद्धको जन्मको समय कुवेरका यक्षगण पनि कपिलवस्तुमा भेला भएको कुरा सोही ग्रन्थमा वर्णित छ। वात्स्यायन कृत कामसूत्रमा दीपावलीको अवसरको कालरात्रीलाई यक्षरात्रीको संज्ञा दिइएको छ। जातक ग्रन्थहरूमा पनि दीपावलीको अवसरमा यक्षराजको पूजाको वर्णन गरिएका छन्। रघुवंशमा कुवेरको धनदः नाम वर्णित छ। मेघदूतमा त कालिदासले यक्षराज कुवेर भ्रौ तिनीद्वारा शापित एकजना यक्षको प्रिया वेदनाले छयास–छयासेको मनस्थितिको सुन्दर चित्रण गरेको छा। महाकवि कालिदास पछिका संस्कृत साहित्यका मूर्धन्य महाकवि भारवि, जो उत्तरप्राचीनकालीन नेपालका जाज्वल्यमान रत्न रहेको छ, ले कुवेरलाई धनाधिपति तथा धनाध्यक्षको संज्ञा दिएको छ। उत्तरप्राचीनकालीन नेपालमा अष्टनिधियुक्त वैश्रवणको आकृति कुँदिनुको साथै ब्राह्मीको तेश्रो प्रकारको लिपिमा वैश्रवण अभिलेख पनि कुँदिएको मुद्रा प्रचारित भएको पाइएबाट पनि कुवेरको धनाध्यक्ष संज्ञा भ्रौचित्ययुक्त नै लाग्दछ।

पुरातात्विक आधारमा यक्षहरूको उल्लेख प्रथम शताव्दी ई. पू. देखि भएको देखिन्छ। प्रथम शताव्दी ई. पू. को कोसम अभिलेखमा सार्थवाह भगवान् मणिभद्रको प्रतिमा स्थापना गरिएको कुरा वर्णित छ। महाभारत ३.६५.२२ मा पनि सार्थहरूका नायक यक्ष मणिभद्रको वारे वर्णन पाइन्छ। व्यापारीहरूद्वारा तिनको पूजा गरिन्थ्यो। भारहुतमा विभिन्न यक्ष प्रतिमाहरू कुँदिनुको साथै तिनीहरूका नामहरू पनि उत्कीर्ण गरिएका छन्। भारहुतमा प्राप्त यक्ष प्रतिमाहरू तथा तिनीहरूका नाम निम्न छन्–सुपवास, विरूढक, गंगित, सूचीलोम, कुपिर (कुवेर), अजकालको, सुदसना तथा चदा। भारहुतको कुवेरका हात वन्दनी मुद्रामा रहेको छ भ्रौ त्यसमा कुपिरो यखो भनि अभिलेख उत्कीर्ण छ। शुंगकालीन कुवेर प्रतिमाहरू राजघाट तथा सारनाथका उत्खननहरूमा पाइएका छन् जुन भारत कला भवन तथा सारनाथमा सुरक्षित छन्। यसको अतिरिक्त भारतमा प्राप्त कतिपय कुषाणकालीन मूर्तिहरूमा कुवेर र लक्ष्मीका युग्म रूपहरू प्रदर्शित छन्। मथुरा समीपस्थ उत्खनन् गर्दा प्राप्त रकाबीहरूमध्ये केहीमा कुषाणकालीन कुवेरको आकृति पनि कुँदिएको छ। उत्तरप्राचीनकालको प्रारम्भिक समयको यक्षराज कुवेरको मूर्ति हाडिगाऊँ

इलाकामा पाइएको छ । हांडिगाउँस्थित कार्तिकेयको मन्दिर अगाडि अनुमानित तेश्रो, चौथो शताब्दी ई. को एक यक्षमूर्ति प्रतिष्ठापित छ। धूम्रवाराहीको उत्खनन्मा पनि उत्तरप्राचीनकालीन एक मृण्मय कुवेरको मूर्ति पाइएको छ । सो मूर्तिका दुवै हातले घटकलश समातिराखेका छन् जसको आधारमा पनि त्यस मूर्तिलाई कुवेरको हो भनी अनुमान गरिएको हो । रूपमण्डन ग्रन्थमा कुवेरले कमण्डलु धारण गर्ने कुरा वर्णित छ । यसको अतिरिक्त मथुरामा प्राप्त कुवेर प्रतिमाहरूको अगाडि मधुपात्र देखिएका छन् । यी आधारहरू पनि उपर्युक्त मूर्तिलाई कुवेरको हो भनी चिनाउनमा सहायक स्वरूप छन्। उत्तरप्राचीनकालीन नेपालका लिच्छवि राजा शिवदेव प्रथमद्वारा प्रचारित वैश्रवण अभिलेख अंकित मुद्रामा वैश्रवणको आकृति कुँदिएको छ । पद्मपीठमाथि सुखासनमा अवस्थित त्यस आकृतिमा वैश्रवणले अष्टनिधि समातिराखेको छ अो वैश्रवणको शिरमा वामकिरीत स्पष्ट देखिन्छ । कुवेरको वामकिरीत हुने कुरा वराहमिहिर लिखित वृहत्संहिता तथा अंशुमद्भेदागम ग्रन्थमा स्पष्टरूपले वर्णित छ ।

विभिन्न ग्रन्थहरू अनुसार कुवेरका प्रतिमाशास्त्रीय लक्षणहरू निम्नरूपले वर्णन गरिएका छन् । आगम ग्रन्थहरूले कुवेरलाई यक्षराजको रूपमा उल्लेखेका छन् । कुवेर सुवर्ण वर्णको हुने कुरा एक आगमले उल्लेखेको छ भने कुनैमा तिनी रक्त वर्णको हुने कुरा वर्णित छ । तिनको लंगुठी रातो रंगका अो उत्तरीय पोशाक सेता रंगका हुन्छन् । तिनले किरीट अथवा करण्ड मकुट, कुण्डल तथा स्वर्ण मुद्राहरूद्वारा निर्मित हार सहित विभिन्न प्रकारका गहनाहरू लाएका हुन्छन् । तिनका सौम्य अथवा भयानक आकृति हुनुको साथै दुई अथवा चार हात हुन्छन् । यदि तिनका दुई हात मात्र भएमा वरद तथा अभय मुद्रा लिएका हुन्छन् अथवा वायां हातले गदा समातेको हुन्छ । यदि तिनी चार हातयुक्त भएमा तिनका दुई हाथले तिनका काखमा अवस्थित तिनकी शक्तिहरू यथा विभवा तथा वृद्धिलाई अंगालो मारिराखेका हुन्छन् अो बांकि दुई हाथले गदा तथा शक्ति समातेका हुन्छन् । विष्णुधर्मोत्तर ग्रन्थ अनुसार कुवेरको वायां आंखा पिंगल वर्णको हुन्छ । आपीच्य वेश पोशाक तथा कवच लगाएका कुवेरका जुंगा हुनुको साथै मुखमा दाह्राहरू पनि हुन्छन्।कुवेरको ठूलो पेट हुने कुरामा सवैजसो ग्रन्थ एकमत छन् । उनी पद्मपीठ या मनुष्यले तान्ने रथ या मानिसकै कांधमा पनि बस्छन् । (हेर्नोस्–कुमारसम्भव, १४.११) अंशुमद्भेदागम ग्रन्थ अनुसार कुवेरको वाहन स्वरूप भेंडा हुने हुन्छ । कुवेरका दायां वायां शंखनिधि र पद्मनिधि क्रमैसंग हुनु आवश्यक छ । ती दुईका मानवी रूप भूतको आकारसित तादात्म्य राख्तछन् अर्थात् ठूला सूंडयुक्त पुडका ती व्यक्ति-हरूका चेहराहरू ज्यादै ठूला हुनुको अतिरिक्त तिनीहरूले आफ्ना–आफ्ना हातमा

कमल समातेका हुन्छन् । पद्मपीठमाथि अवस्थित तथा करण्ड मुकुट लगाएका तिनीहरूले सेता लुगा लगाएका हुन्छन् । अन्य ग्रन्थहरूमा तिनको चारैतिर अष्टनिधि हुनुको अतिरिक्त यक्षहरू हुने कुरा वर्णित छन् । एक हातले रत्नपात्र लिएका ग्रौ दोश्रो हातले कुवेरलाई ग्रंगालो मारिराखेका विभवा र वृद्धि नामकी देवीहरू तिनका दायां ग्रौ वायां काखमा वस्तछिन् । रूपमण्डन ग्रन्थ अनुसार कुवेरका वाहन स्वरूप हात्ति हुनुपर्छ । कुवेरका चार हातले गदा, धनको थैली, अनार तथा कमण्डलु समातेका हुन्छन् । वि. एस. एप्ते कृत संस्कृत ग्रंग्रेजी कोश अनुसार कुवेर तीन खुट्टे, एक नेत्र तथा अष्टदांतयुक्त मात्र हुने हुन्छन् । बौद्ध अनुश्रुतिमा पनि कुवेरको आकृति हिन्दू परम्पराकै अनुरूप वनाइएका हुन्छन् ग्रौ तिनको वाहन न्याउरी मुसा हुने हुन्छ ।

उपर्युक्त विभिन्न आधारहरूवाट कुवेरको पूजा उपासनाको प्रारम्भ वैदिक कालदेखि नै भइसकेको कुरा चाल पाइन्छ । कुवेर धनका देवता हुँदा तिनको पूजाको प्रारूप त्यस समयदेखि नै हुनु स्वाभाविक पनि छ । किनभने व्यक्तिगत सम्पत्तिको अभ्युदयसंगै धनको महत्व अत्यधिक मात्रामा वढ्ने हुन्छ ।

हरिहर

हिन्दू देवमालाका अनेकौं देवताहरूमध्ये हरिहर पनि एक रहेको छ। विष्णु र शिवका एकात्म्य रूप हुँदा यी देवताको उपर्युक्त नाम रहन गएको हो । जसवाट यिनमा वैदिक अद्वैत दर्शनको स्वरूप स्पष्टतः भेट्टिन्छ । सम्पूर्ण वैदिक साहित्यको अध्ययनमा यद्यपि देवदेवीहरूको अनेकता देखिएता पनि अनेकताको वीच त्यसमा एकताकै ध्वनी विशेषगरी ध्वनित भएको पाइन्छ। वैदिक ऋचाहरूको अध्ययनमा यस तथ्यको स्पष्टरूपले खुलाशा हुन्छ । कठोपनिषद् तथा श्वेताश्वतरोपनिषदका पंक्तिहरू पनि यहां उल्लेख्य छन् ।

"एको वशी सर्वभूतान्तरात्मा एकं रूपं वहुधा यः करोति ।"

—कठोपनिषद्

"तेदवाग्निस्तदादित्यस्तद्वायुस्तदु चन्द्रमा : ।
तदेव शुक्रं तद्ब्रह्म तदापस्तत्प्रजापतिः ।। "

—श्वेताश्वतरोपनिषद्

यी कारणहरुले गर्दा वैदिक दर्शनलाई हाम्रा मनीषिहरू अद्वैतवादकै रूपमा लिन्छन्। प्रस्तुत देवता पनि पन्च सम्प्रदायका देवताहरूमध्ये सर्वप्रमुख विष्णु र शिवका एकात्म्य स्वरूप भएर शैव, वैष्णव, सौर, शाक्त तथा गाणपत्य आदि पंच सम्प्रदाय अन्ततोगत्वा एउटैका विविध रूप मात्र हुन् भन्ने कुरा निर्णित हुन्छ। किनभने, सौर, शाक्त, तथा गाणपत्य सम्प्रदायका आराध्य देवताहरू वैष्णव एवं शैव देवताहरूकै अन्तर्गत लिइएका छन्। यसरी यी देवताको पूजा उपासनामा अद्वैतवादी दर्शनको झझल्को अवश्य भेट्टिन्छ ।

हरिहरको पूजा उपासना तथा विकासमा वैदिक अद्वैतवादी दर्शनको महत्वपूर्ण योगदान रहेको छ। मौर्यकालको वाद श्रौ शुंगकालको अभ्युदय पछि वैदिक दर्शनको पुनरुद्धार हुन लागेको थियो । यो क्रम पछि झन झन विकसित हुँदै गयो । उत्तर-प्राचीनकालमा वैदिक दर्शनको व्यापक प्रचार भएको कुरा अनुमानतः छैठौं शताब्दी ई. को हाडिगाउँको स्तम्भलेखमा वैदिक दर्शनको वकालत गरेको कुरा वर्णित भएवाट हुन्छ । यही नै अद्वैतवादी दर्शनको कारण देवताहरूको अनेकतामा एकता देखिन लागेको थियो। स्कन्दपुराणान्तर्गत नेपालमहात्म्यले हरि र हरमा

भेद गर्ने व्यक्तिको भर्त्सना गर्दै ती दुवैलाई एउटै देवताको रूपमा उल्लेखेको छ। नेपालमहात्म्य, अध्याय ११, श्लोक ५०–५४ अनुसार हरि र हरमा भेदगर्ने व्यक्ति वेददेखि असम्मत, पाखण्डित, अधम र नरकगामी हुने हुन्छ। विष्णु र शिव अभिन्न भई एउटै भएको कुरा वामनपुराणमा वर्णन गरिएको छ। मत्स्यपुराणले पनि शिव र विष्णुको संयुक्त मूर्तिको उल्लेख गरेको छ। यसरी पुराणहरूमा हरिहरको पूजा तथा उपासनामा जोड दिइएको कुरा स्पष्ट छ। ती दुई देवतालाई एउटै कल्पना गरिएको हुँदा नै शिव र विष्णुका कुनै पनि महोत्सवहरूमा दुवै देवस्थलहरूमा मानिसहरूको घुइँचो लाग्छन्। विष्णुको दर्शन गरेर महादेवको दर्शन नगरेमा त्यसलाई कुनै पुण्य नहुने कुरा केदारखण्डका पंक्तिबाट स्पष्टरूपले जानिन्छ।

फेरि, देवताहरूको अनेकतामा विभिन्न धार्मिक सम्प्रदायहरूको वीच धार्मिक विद्वेष भइरहनु पनि स्वाभाविक छ। प्राचीन उपाख्यान तथा अनुश्रुतिहरूको अनुशीलनमा विभिन्न धर्मावलम्वीहरूका बीच घटित धार्मिक झै झगडाका उदाहरणहरू भेट्टिन्छन्। शिवले नृसिह रूप विष्णुको शेखी शरभेश अवतार ग्रहण गरी झारेको भ्रौ विष्णुको बढ्दो लोकमान्यतालाई समाप्त गर्नुकोलागि इन्द्रले तिनको शिरोच्छेदन गरेको उपाख्यानलाई यहां यसै प्रशंगमा लिन सकिन्छ। शरभेश मूर्तिको प्रतिमालक्षण कामिकागम, श्री तत्वनिधि तथा उत्तरकारणागम आदि ग्रन्थहरूमा दिएइएका छन् भने शतपथ ब्राह्मण ग्रन्थमा शुक्रद्वारा विष्णुको शिरोच्छेदन गरिएको उपाख्यान वर्णित छ। स्कन्दपुराणान्तर्गत सूत संहिता ४।२६।२६।२७,२९ मा शिवलाई परमदेव नमान्नेहरूलाई कठोर वाक्यको प्रयोग गरिएको छ। उत्तरप्राचीनकालीन नेपालमा पनि धार्मिक विद्वेषहरू रहेका थिए। उपर्युक्त हाडिगाउँको अभिलेखमा बौद्धहरूलाई कुतार्किक, कुमति आदि भनी उत्कीर्ण गरिएको कुरा तत्कालीन धार्मिक विद्वेषलाई जनाउने उदाहरण स्वरूप छन्। यसै तथ्यको परिप्रेक्षमा संवत् ४८७ को उत्तरप्राचीनकालीन पशुपतिको अभिलेखलाई लिन सकिन्छ। त्यस अभिलेखमा विभिन्न धार्मिक सम्प्रदायहरूको बीच धर्मको वारे झगडा नहोस् भन्नाखातीर केशव र शिवका आधा २ शरीरबाट बनेको शंकरनारायण मूर्ति प्रतिष्ठापित गरिएको कुरा वर्णित छ। उपर्युक्त अभिलेख एवं उपाख्यानहरूको अध्ययनबाट प्राचीनकालमा धार्मिक विद्वेष विद्यमान भएको भ्रौ त्यसको निराकरणकोलागि नै हरिहर मूर्तिको पूजा एवं उपासना प्रचलित भएको कुरा निर्णित हुन्छ।

देव र दानवहरू बीचको युद्धमा देवताहरूको आपसी एकता विना तिनीहरूको दानवहरूमाथि विजय प्राप्त गर्नु असम्भव हुने भएकोले पनि तिनीहरू एकताको सूत्रमा उनिने गरेको कुरा चाल पाइन्छ। महादेवको त्रिपुरान्तक मूर्तिमा विभिन्न

देवी-देवताहरू शिवका आयुध वनेका कुरा पुराण तथा अभिलेखहरूको अध्ययनबाट जानिन आएको छ। त्रिपुरदाह विषयक पौराणिक उपाख्यानको स्रोत संहिता तथा ब्राह्मण ग्रन्थहरू रहेका छन्। यजुर्वेदको वाजसनेयी संहिताको भाष्य, शतपथ ब्राह्मण, तैत्तिरीय संहिता तथा ऐतरेय ब्राह्मण ग्रन्थहरूमा त्रिपुरदाह वारे उल्लेख पाइन्छ। महाभारत अनुशासन पर्वमा त्रिपुरासुर युद्धवारे विस्तृत वर्णन गरिएको छ जसमा विभिन्न देवताहरू शिवका आयुधस्वरूप भएको कुरा वर्णित छ। सातौं शताब्दी ई. को चम्पास्थित माइसोन स्टिले अभिलेखलाई यहां यसै सन्दर्भमा लिन सकिन्छ। यस उपाख्यानबाट शिव नै खालि एक देवता रही अन्य सवै देवताहरू तिनीबाट भिन्न नभई तिनकै शरीरका अंग स्वरूप मात्र भएको कुरा प्रकटित हुन्छ। मालव संवत् ४६१ अर्थात् ई. सन् ४०४ को मन्दसोर अभिलेखमा वासुदेववाट अन्य सवै देवताहरूको प्रादुर्भाव भएको दर्शाई तिनलाई सम्पूर्ण देवताहरूमा सर्वोच्च स्थान प्रदान गरिएको छ। यस्तै नै एक अनुश्रुति अनुसार ब्रह्माको वर प्राप्त एक दानवलाई संहार गर्नको लागि विष्णु एवं शिवमध्ये कसैले पनि एक्लै त्यसलाई मार्न नसकिने हुँदा विष्णु तथा शिव दुई भिन्ना भिन्नै नभई एउटै हरिहरको स्वरूप भई त्यस दानवको संहार गरेका थिए। यसरी दुष्ट जनहरूको संहार श्रौ सुजनहरूको रक्षाकोलागि देवताहरूले अनेकत्वको वदला एकत्वलाई बढि प्राथमिकता दिने गरेकोको रूपमा हरिहर मूर्तिको पूजा एवं उपासनाको प्रारूप भएको हो भन्ने कुराको पत्तो हुन्छ।

सांख्यको पुरूष प्रकृतिको दर्शनले पनि अप्रत्यक्ष रूपले हरिहरको कल्पनामा सघाऊ पुऱ्याएको छ। विष्णुका आयुध रहेका शंख, चक्र शिवकी पत्नी दुर्गाका आयुध स्वरूप रहेका उदाहरणहरू पाइएका छन्। स्वयं विष्णुलाई शिवकी पत्नीको रूपमा पनि लिइएका छन्। शिवको मोहिनी रूप विष्णुसितको संसर्गबाट शास्तको जन्म भएको कुरा उपाख्यानहरूमा वर्णित छन्। विष्णुको मोहिनी रूपबाट पुत्ररत्न प्राप्त भएको श्रौ तिनले त्यस बच्चालाई स्तनपान गराई राखेको पालकालीन एक शिलामूर्ति जनकपुर राममन्दिर समीपस्थ प्रतिष्ठापित छ। यहीन कारण छ विष्णुलाई प्रकृति तत्वको रूपमा पनि लिइन्छ। हरिहरको मूर्ति निर्माण गर्दा प्रकृति तत्वको रूपमा लिइएको विष्णुका श्रंश एकाध अपवाद वाहेक शिव श्रंशको वायांतिर दर्शाइएको हुन्छ। ल. पु. घायंबुस्थित ने. सं. १०७ को उमामहेश्वरको मन्दिरद्वारको दायां वायां खोपामा अन्तिम मध्यकालका हरिहरका दुईश्रोटा मूर्तिहरू प्रतिष्ठापित छन्। तिनीहरूमध्ये एउटा मूर्तिमा विष्णुश्रंश दायांतिर निर्मित छ। प्रस्तुत उदाहरणलाई यहां अपवादको रूपमा लिन सकिन्छ। उपर्युक्त आधारहरूबाट पनि हरिहरको कल्पना तथा पूजा उपासनामा महत्वपूर्ण टेवा

पुऱ्याएको निश्चयै प्रतीत हुन्छ ।

पुराणहरूको साथै पुरातात्विक आधारबाट पनि हरिहरको पूजा उपासनाको प्राचीनता बारे विदित हुन्छ । मध्यप्रदेशस्थित मल्लारमा गरिएको उत्खनन्मा अनुमानित द्वितीय शताब्दी ई. पू. को शिला निर्मित एक हरिहरको मूर्ति प्राप्त भएको छ । त्यस हरिहर मूर्तिले समातिराखेको दण्डमा ब्राह्मी लिपिमा अभिलेख कुँदिएको छ । अहिलेसम्म नेपाल तथा भारतमा प्राप्त हरिहर मूर्तिहरूमा यो मूर्ति सबैभन्दा प्राचीन मानिनुको साथै अभिलेख सहितका मूर्तिहरूमा पनि यो मूर्ति नै सर्वप्राचीन रहेको छ । जस्तो नेपालमा अहिलेसम्मन् प्राप्त अभिलेख सहितका मूर्तिहरूमा संवत् ३८९ का लाजिम्पाट तथा तिलगंगाका त्रिविक्रम मूर्तिहरू सर्व-प्राचीन मानिन्छन् । द्वितीय शताब्दी ई. पू. को प्रस्तुत मूर्तिको प्राप्तिले शुङ्गकालमा वैदिक अद्वैत दर्शनको व्यापक प्रचार भई हरिहरको कल्पनाले व्यापकता पाउन लागेको कुरा जानिन्छ । मल्लारमैं अर्को एक गुप्तकालीन हरिहरको मूर्ति पाइएको छ जसले त्यस कालमा पनि हरिहरको पूजा उपासना प्रचलित भएको कुराको पत्तो हुन्छ । अहिलेसम्मको खोजीमा नेपालमा प्राप्त हरिहरका मूर्तिहरूमा ल. पु. सौगलस्थित अनुमानित तृतीय शताब्दी ई. को हरिहर मूर्ति सर्वप्राचीन मानिन्छ । नेपालमा हरिहर विपयक सर्वप्राचीन उल्लेख संवत् ४८७ को पशुपतिको पादपीठ-लेखमा आएको छ । सो अभिलेखमा विभिन्न धर्मावलम्वीहरूको बीच झगडा नहोस् भन्ना खातीर शिव र केशवको आधा-आधा शरीरबाट बनेको हरिहर मूर्ति प्रतिष्ठापन गरिएको कुरा वर्णित छ । तर, अहिले त्यस पादपीठ माथि प्रातिष्ठापित हरिहर मूर्ति उत्तरप्राचीनकालीन नभई अनुमानित एघारौं, बाह्रौं शताब्दी ई. को छ, जसले सो अभिलेख प्रतिष्ठापन समयको हरिहर मूर्ति कुनै कारणबाट लोप हुन गएबाट पछि त्यसमा अर्को हरिहर मूर्ति निर्माण गरी प्रतिष्ठापन गरिएको अनुमान हुन्छ । अनुमानित छैठौं शताब्दी ई. को हरिहरको एक विशाल शिलामूर्ति शिव-पुरीमा प्रतिष्ठापित छ । उत्तरप्राचीनकालमा त्यस मूर्तिलाई भुम्भुक्किकाजलशयनको संज्ञा दिइएता पनि वर्तमान कालमा त्यो मूर्ति बुढानीलकण्ठ नामले नै विख्यात छ । त्यस मूर्तिमा प्रदर्शित कालिगडीले त्यस मूर्तिको कलाकारीताको उच्चतालाई प्रकटित गरेको छ । चम्पास्थित ग्लै लामोव स्टिले अभिलेखमा पनि शंकरनारायण विषयक उल्लेख पाइन्छ । त्यो अभिलेख शक ७३२ अर्थात् ई. सन् ८०१ को छ । नक्साल नारायणचौरको ढिस्को माथि अनुमानित बाह्रौं शताब्दी ई.को एक सुन्दर हरिशंकर मूर्ति प्रतिष्ठापित छ । पशुपतिक्षेत्रस्थित कर्णाटवंशी भट्टा-रक महाराज श्री धर्ममल्लकालीन चौधौं, पन्ध्रौं शताब्दी ई. को एक अभिलेखमा शंकरनारायणको एक सुन्दर स्तोत्र उत्कीर्ण छ । त्यस स्तोत्रमा विष्णु एवं शिवका

शरीरका सुन्दरतम् वर्णन गरिनुको साथै ती दुवै देवताका महानतम कृत्यहरूको संक्षिप्त रूपमा सारभूत तथ्यहरूको वर्णन गरिएका छन् ।

"ॐ नमो भगवते श्री शंकर नारायणय ॥
योतौ शंखकपाल भूपण करौ मालाक्षि मालाधरौ
देव्वौ द्वारवती श्मशान निलयौ नागरिगोवाहनौ ।
द्विल्यक्षौ वलिदक्ष यज्ञ मथनौ श्री शैलजावल्लभौ
पापं मे हरतां सदा हरिहरौ श्री वत्सगंगाधरौ ॥"

–पशुपतिक्षेत्रस्थित अभिलेख

दक्षिण भारतस्थित टुंगभद्रा समीपस्थ गुहारण्य क्षेत्रमा ई. सन् १२२३ मा हरिहरेश्वरको मन्दिर निर्माण गरिएको थियो । त्यस मन्दिरस्थित हरिहर मूर्तिका वायांतिरका हातहरूले वैष्णव आयुधहरू यथा शंख तथा चक्र अ्रौ दायांतिरका हातहरूले शैव आयुधहरू यथा त्रिशूल समातिराखेका छन् । पूर्वी द्वीप मण्डलस्थित जावाको सिम्पिग नामक स्थानमा शिव र विष्णुको एक संयुक्त मूर्ति पाइएको छ जुन १४ अ्रौं शताव्दी ई.को मानिन्छ । अनुमानित १६ अ्रौं, १७ अ्रौं शताव्दी ई.का दुईअ्रोटा सुन्दर हरिहर मूर्तिहरू ल. पु. मंगलवजार तथा ल. पु. अग्निमथनिर छत्रशैलीमा निर्मित मन्दिर भित्र प्रतिष्ठापित छन् । ती दुई मन्दिरहरूमध्ये अग्निमथनिरको हरिहरको सुन्दर मन्दिर उपेक्षित रहँदा अहिले भूमिसात् हुने अवस्थामा पुगेका छन् । अर्को एक सुन्दर शिला निर्मित मध्यकालीन हरिहर मूर्ति भक्तपुर दरवार स्क्वायरस्थित लापं देवलमा प्रतिष्टापित थियो । जुन देवल वि. सं. १९९० (ई. सन् १९३४) को महाभूकम्पमा भूमिसात् भएको हुनाले अहिले सो मूर्ति भ. पु. चित्रसंग्रहालयमा संगृहीत छ । स्थानीय व्यक्तिहरूको कथनानुसार त्यो मूर्ति ललितपुरका कलाकारहरूद्वारा निर्मित थियो । यी विभिन्न आधारहरूबाट हरिहरको पूजा उपासना प्राचीनकालदेखि अहलेसम्म पनि यथावत् रूपले गरिँदै आएको कुरा चाल पाइन्छ ।

हरिहरको प्रतिमालक्षणबारे विभिन्न ग्रन्थहरूमा वर्णन गरिएका छन् । ती ग्रन्थहरू अनुसार हरिहर मूर्तिको दायांतिरको अ्रंश अर्द्धनारीश्वरको प्रतिमा लक्षणमा दिइएको वर्णन अनुरूप हुनेहुन्छ । हरिहर मूर्तिको वायांतिरको वैष्णव अ्रंशमा दुई हात हुन्छन् जसमध्ये एउटा हातले चक्र, शंख अथवा गदा समातेको अ्रौ तिघ्राको नजिक रहेको दोश्रो हात कटक मुद्रामा हुन्छ । शिरको वायांतिर रत्नादि जवाहिरात जडेको किरीट मुकुट हुनुको साथै वायां कानमा मकर कुण्डल लाएको हुन्छ । वायां पाखुरामा केयूर, कंकण तथा अन्य गहनाहरू हुन्छन् । हरिहरका दुवै खुट्टाहरू अलिकति पनि नवाङ्गिई सोझो भएका हून्छन् अ्रौ दायां खुट्टामा

सर्पको जस्तो आकार भएको पाउजेव (anklet) तथा वायां खुट्टामा रत्नादि जवाहिरात जडेका पाउजेव हुन्छन्। दायांतिरको शैव अंश हिऊँजस्तो सेतो हुन्छ जबकि वायां वैष्णव अंश हरियो अथवा नीलो-नीलो कैलो रंगको हुने हुन्छ। हरिहरको दायां भाग डरलाग्दो आकृतिको भएतापनि वायां भाग शान्त आकृतिको हुन्छ। दायांतिरको निधारमा शिवको त्रिनेत्रको आधा देखिनु पर्छ औ हरिहर मूर्तिको पछाडितिर शीर्ष चक्र हुनु आवश्यक छ। विष्णुधर्मोत्तर ग्रन्थ अनुसार हरिहर प्रतिमाको वायांतिर गरुड औ दायांतिर नन्दिको आकृति कुँदिएको हुन्छ।

उपर्युक्त विभिन्न आधारहरूवाट हरिहर मूर्तिको कल्पना तथा पूजा उपासना प्राचीनकालदेखि चल्दै आएको कुरोको पत्तो हुन्छ। नेपालमहात्म्य तथा हिमवत्खण्डले नेपाललाई हरिहरक्षेत्र भनी संज्ञा दिएको औ यहां प्राचीनकालदेखि नै हरिहरको पूजा उपासनाको व्यापक प्रचलनले पनि नेपालमा धार्मिक सहिष्णुता कायम गर्नुमा महत्वपूर्ण भूमिका खेलेको अनुमान हुन्छ। किनभने उत्तरप्राचीनकालीन उपर्युक्त संवत् ४८७ को अभिलेखमा हरिहर मूर्तिको प्रतिष्ठापन नै धर्मको विषयमा कुनै प्रकारको झगडा नहोस् भन्नाखातिर गरिएको थियो भन्ने कुरा वर्णित छ। ल. पु. नः वहिल कोटलाछेंस्थित अंशुवर्माकालीन अभिलेखमा करमेलीति शंकरनारायणस्य अर्थात् हात मिलाएको शंकरनारायणको भनी उत्कीर्ण गरिएवाट उक्त संवत् ४८७ को अभिलेखमा धर्मको विषयमा कुनै झगडा नहोस् भन्ने मनशायले शिव र विष्णुको आधा-आधा शरीरवाट निर्मित हरिहरको मूर्ति निर्माण गरेको तथ्यलाई पुष्टि मिल्छ। प्रस्तुत अभिलेखमा हात मिलाएको हरिहरको मूर्तिको उल्लेखले हरिहरको मूर्ति निर्माणमा एक नवीन पद्धति तिर संकेत गर्नुको साथै उपर्युक्त देवताहरूका संप्रदायहरू वीच पछि आएर मेलोमतो भएको कुरा तिर इंगित गरेको छ। यसैले यो देवताको कल्पनाले नेपालको सांस्कृतिक विरासतमा खास सानि राख्तछ भन्दा कुन अत्युक्ति हुँदैन।

यम

हिन्दुहरूका प्राचीनतम देवताहरूमा यम पनि एक रहेको छ। विवश्वत र शरण्यु पुत्र यम मृत्यु देवताको रूपमा हिन्दुहरूका सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा स्पष्ट-रूपले उल्लेख गरेको नपाइएता पनि त्यसमा यिनी पितृयान अर्थात् देवयान पथका नियामकको रूपमा वर्णित छ। त्यस ग्रन्थमा उनी त्यस सुखी लोकका परोपकारी राजाको रूपमा उल्लेख गरिएको छ जहां पुण्यात्मा व्यक्तिहरू मृत्युपछि आनन्दले सुखभोग गर्दछन्। यसमा निहित यिनै गुणको कारण पृथ्वीमण्डलका प्राणीहरू यिनलाई पितृको रूपमा पूजा गर्नुको साथै पितृलोक प्राप्तिको लागि प्रार्थना गर्दछन्। यसरी भन्दैमा ती ग्रन्थमा यिनी मृत्युदेवताको रूपमा मान्य छैन भन्ने होइन। त्यसमा यमको आदिकल्पना अस्ताउन लागेको सूर्यसित गरिएको छ। सूर्य त्यस्तै किसिमले अस्ताएर लोप हुन्छ जस्तो मनुष्य जीवनको अन्त हुन्छ। यही नै कल्पनामा मृतक प्राणीहरूका आत्मा माथि अधिष्ठान गर्नेको रूपमा यमलाई अनुमान गरिएको लाग्दछ। मृत्यु देवताको रूपमा यिनको अवधारण हिन्दुहरूका सर्वप्राचीन ग्रन्थका ती मन्त्रहरूको आशयमा गरिएका छन् जसमा यमलाई भूतलका मर्त्य पितृहरूका श्राद्ध कर्मको अवसरमा आहूत गरिन्छ। अथर्ववेदका "....यकाम अस्तु मृत्यवे" उक्तिमा यमको मृत्यु देवताको स्वरूप निश्चयै स्पष्टिन्छ। कठोपनिषद १।२२ मा यमलाई मृत्यु देवता भनी सम्बोधन गरिएको छ। मैत्रायणी संहितामा मृत्युलाई नै यम भनिएको छ।

नेपाल एवं भारतको अतिरिक्त अन्य वाह्य जातिहरू पनि मृत्यु देवताको रूपमा कुनै एक देवतालाई मान्थे। अवेस्ताका यिम श्री ग्रीक उपाख्यानका हेड्स हाम्रा यमदेवता सादृश्य छन्। तर हाम्रो संस्कृतिको स्वरूप भौतिकको साथै आधिदैविक पनि हुँदा यसले यमलाई ऊर्ध्व (शुभ) श्री निम्न (तमिस्त्र) दुवै लोकका पर्यवेक्षकको रूपमा मानेका छन्। यिनीवाट कोही पनि उम्कन सक्तैन। यसैले प्राणीहरूका मालिक स्वरूप कालशक्तिलाई लिइन्छ। सूर्यको प्रभाशक्ति रातमा लोप हुन्छ, तर कालशक्तिको प्रभाव निशि-दिन समान रूपले चलिरहन्छ। यहीनै कालशक्तिलाई यम भनी अभिषिक्त गरिएको छ, जसको शक्ति सूर्यको भन्दा पनि महान् छ।

यमलाई ऊर्ध्व श्री निम्न दुवै लोकका नियामकको रूपमा मानिएबाट उत्तर वैदिक अनुश्रुतिमा वर्णित यिनको धर्मराज नामको सार्थकता जँचिन्छ । यिनमा धर्माधर्मको ज्ञान सन्निहित रहेको छ । यिनी लिखित यमस्मृतिको प्राप्तिले मनु जस्तै यिनी पनि धार्मिक विधानका निर्माता भएको कुरोको पत्तो हुन्छ । कठोपनिषदमा यिनी देवताहरूको लागि पनि दुर्लभ मृत्युपछिको जीवनका ज्ञाताको रूपमा चित्रित गरिएको छ । यिनी सम्पूर्ण प्राणीहरूमा तिनीहरूको कार्य अनुरूप समता पूर्वक धर्माचरण गर्दछन् । "समेन धर्मेण चरन्ति ताः प्रजाः स्तनस्त-वेहेश्वर धर्मराजव ।" –महाभारत, वनपर्व । चम्पाका अभिलेखहरू यथा शक ५७९ तथा ७२३ का माईसोन स्टिले र ग्लैलामोव स्टिले लेखहरूमा यमलाई धर्म श्री धर्मराज नामले अभिहित गरिएका छन् । उनी कसैमाथि कुनै किसिमको पक्षपात गर्दैनन् जबकि अन्य देवताहरू आफ्ना भक्तजनहरूको रक्षाको लागि नियमको पूर्ण परिपालन गर्ने व्यक्तिहरूलाई लात्ति हिर्काउन पनि हिच्किचाउँदैनन् । शिवको कालारि मूर्तिलाई यहां यसै परिप्रेक्ष्यमा लिन सकिन्छ । यिनी सत्यवादी पनि थिए । सत्यमा यिनको अगाध आस्था थियो । आफुले सावित्रीको अगाडि वाचा हारेकोको अनन्तर सत्यवानलाई पुनः पृथ्वीमैं जीवित फर्काइ दिएको महाभारतको उपाख्यानलाई यहां उदाहरणस्वरूप लिन सकिन्छ । महाभारतको यस उपाख्यानमा यिनी सत्यलाई अंगिकृत गरी धर्माचरण गर्ने न्यायिक मृत्यु देवता भएको कुरा चाल पाइन्छ । यहाँनेर हामीलाई मिश्री सभ्यता (२९८०–१०९० ई. पू.) का पारलौकिक जीवनका नियंता ओसिरिसको संझना हुन्छ जो आफ्ना अधीनस्थ न्यायाधीशहरूको सहायताले मृतात्माहरूका कार्यहरूको मूल्यांकन गरी दुष्टात्मा-हरूलाई तिनीहरूका दुष्कर्महरूको लागि अनेकौं प्रकारका नारकीय यातनाहरू दिन्थे । मिश्री सभ्यतामा देखिएका प्रस्तुत उदाहरणले यमको धर्मराज स्वरूपको मान्यता नेपाल एवं भारताकाशको अतिरिक्त अन्य देशका संस्कृतिहरूमा पनि विद्यमान भएको कुरा स्पष्टिन्छ ।

महाकाव्य एवं पौराणिककालमा यमको चरित्रमा वैदिककालको तुलनामा ठूलो अन्तर देखिएको थियो । वैदिक साहित्यमा उनी त्यस सुखी लोकका कल्याणकारी राजाको रूपमा वर्णित छ जहाँकि पुण्यात्माहरू मृत्यु पछि सबै किसिमका सुखभोग गर्दछन् । तिनीहरू तेजवान शरीर धारणगरी प्रकाश र चम्किला पानीहरूको प्रदेशमा यमको अगल बगल बसी अनन्त सुखभोग गर्दछन् र यहां पृथ्वीमा तिनको पूजा पितृको रूपमा गरिन्छ । तर, महाकाव्य तथा पुराणहरूमा यिनी नरलोकका-शासकको साथै दक्षिण दिशाका दिक्पाल मानिई दुष्टात्माहरूलाई निष्ठूर र भयानक दण्ड दिनेको रूपमा वर्णित छ ।[१] यमका विभिन्न प्रहरणहरूमध्ये दण्ड र पाश पनि

रहेबाट उक्त कुराको पुष्टि हुन्छ। वृहत्संहिता, अग्निपुराण, विष्णुधर्मोत्तरपुराण तथा रूपमण्डन आदि ग्रन्थमा यमको आयुधस्वरूप दण्ड पनि हुने कुरा वर्णित छ। चिदम्बरम्स्थित यमका उभिरहेको मूर्तिमा तिनका आयुध स्वरूप दण्डको रूपमा गदा र पाश कुँदिएका छन्। एलोरास्थित दशावतार गुफामा शिवको कालारिमूर्ति कुँदिएको छ। त्यस मूर्तिमा यमको हातमा पाश स्पष्टरूपले अवलोकन हुन्छ। उत्तररामचरितका "दत्तामये त्वयि यमादपि दंडधारे ॥" उक्तिमा पनि उपर्युक्त तथ्यको खुलाशा हुन्छ। शक सम्वत् ७०६ को चम्पास्थित पो-नगर स्टिले अभिलेखमा यमलाई कालको रूपमा वर्णित गरिएको छ। महाकवि कालिदासले रघुवंश २.६२ मा यमलाई अंतकः भनी उल्लेखी तिनलाई काल देवता स्वरूप चित्रित गरेको छ। हिन्दू पुराण तथा अन्य ग्रन्थहरूमा वर्णित उपाख्यानहरूले ग्रीक उपाख्यानसित नजीकको सामन्जस्यता राखेका छन्। ग्रीक उपाख्यानमा स्वर्गका राजा ज्यूपिटरका पुत्र पृथ्वीका महान् प्रतापी राजा टैंटैलसलाई तिनको भयानक कुकृत्यको लागि हेड्स (ग्रीक उपाख्यानका यमराज) को अंध्यारो दुनियांमा नारकीय यातना दिइएको कुरा वर्णित छ। पांचौं शताब्दी ई. को काम्बुजस्थित प्रोअसत प्रम लोवेन शिलालेखमा पंच महापातकीहरू यमको नरकमा पर्ने कुरा वर्णित छ। "तत्सर्व्वै-रूपयुज्यतां समयतो यैरन्यथा भुज्यते युज्यन्तां नरके यमस्य पतितास्ते पन्चभि पातकैः ॥११" यसरी राजा होस् वा रंक जो कोही पनि दुष्टात्माहरूलाई कठोर यातना दिनेको रूपमा यमको विश्वव्यापी मान्यता प्राचीनकालदेखि हुँदै आएको देखिन्छ। हिन्दुधर्मको अतिरिक्त बौद्धधर्ममा पनि यमलाई अत्यन्त भयानक देवता स्वीकार गरिएको छ अौ तिनको कार्य मृतात्माहरूका कार्यहरूको मूल्यांकन गरी दुष्कर्महरूकालागि तिनीहरूलाई निष्ठूरतम यातनाहरू दिने रहेको छ। शैव, शाक्त तथा बौद्ध सबैद्वारा समानरूपले पूजित ब्रह्मस्वरूप मत्स्येन्द्र करूणामय-लाई धर्मराजको रूपमा मानिएर ललितपुर तःवहालस्थित मत्स्येन्द्रको मन्दिरका टुनालहरूमा दुष्टात्माहरूलाई किसिम किसिमका शासनाहरू दिइराखेका आकृतिहरू कुँदिइ राखेका छन् जसबाट पनि धर्मराजको रूपमा मान्य यमका दुष्टात्माहरूलाई अवर्णनीय यातना दिने चरित्रको पत्तो हुन्छ। मत्स्येन्द्रका पिताको रूपमा मानिएको मीननाथलाई अद्यापि भाद्रकृष्ण प्रतिपदाको दिन धर्मराजको रूपमा पूजा गरिने परम्परा विद्यमान नै छ जसलाई यहां उदाहरणको रूपमा लिइन्छ। पुत्र पिताकै शरीरको अंश हुँदा मत्स्येन्द्रलाई धर्मराजको रूपमा मानिनु अौचित्यप्रद नै लाग्दछ। महाराज पाण्डुकी पत्नी कुन्तीको धर्मराजबाट प्राप्त पुत्र युधिष्ठिरलाई पनि धर्मराजकै संज्ञा दिइएको कुरा महाभारतको अध्ययनमा स्पष्टतः जानिएबाट पनि उपर्युक्त कुरोको पुष्टि हुन्छ।

साहित्यिक सामग्रिहरुको अतिरिक्त पुरातात्विक आधारबाट पनि यमको प्राचीनताको पत्तो हुन्छ । प्रथम शताब्दी ई. पू. को नानाघाट गुहाभिलेखमा यमलाई चतुलोकपालमध्ये एकको रुपमा चित्रित गरिएको छ । तर, त्यस अभिलेखमा धर्म्मलाई भिन्नै उल्लेखी चतुलोकपालको नामक्रममा यम नाममात्र उत्कीर्ण गरिएबाट प्रथम शताब्दी ई. पू. सम्म यमलाई धर्मराजको रुपमा मान्यता नमिलेको आभास हुन्छ ।

"(सिधं).......नो धंमस नमो ईदस नमो संकंसन-वासुदेवान चंद-सूरानं (महि)मा (व) तानं चतुंनं चं लोकपालानं यम-वरुन-कुवेर-वासवानं नमो (।।)"

नानाघाट गुहाभिलेख, प्रथम शताब्दी ईशा पूर्व

यम र धर्म बीचको एकता चारौं शताब्दी ई. देखि मात्र भएको लाग्दछ । अमरकोशमा यमका चतुर्दश नामक्रममा धर्म्मराज नाम पनि देखिएबाट उपर्युक्त कुरोको पुष्टि हुन्छ । चतुलोकपालको उल्लेख कुमारसम्भव महाकाव्यको साथै छैठौं शताब्दी ई. को नरसरावपेट अभिलेखमा पनि पाइन्छ । चारौं शताब्दी ई. को प्रयाग स्तम्भलेखमा गुप्त सम्राट् समुद्रगुप्तलाई कुवेर, वरुण, इन्द्र तथा अन्तकः (यम) तुल्य भनी वर्णन गरिएबाट राजाको दैविक सिद्धान्तमा यमको खास महत्व स्थापित भएको कुरा चाल पाइन्छ । शक ७२१ को चम्पास्थित यंग टिकुः स्टिले अभिलेखमा पनि राजा इन्द्रवर्म्मनमा चन्द्र, इन्द्र, अग्नि, यम तथा कुवेरका बीरता अर्थात् पराक्रम वर्तमान भएको कुरा वर्णित छ । चम्पास्थित शक ५७९,७०६ तथा ७२३ का अभिखलेखहरुमा यमलाई धर्मराज तथा कालको रुपमा वर्णन गरिएको कुरा माथि वर्णित भइसकेको छ । छैठौं शताब्दी ई. को हाडिगाउँको गरुड स्तम्भलेखमा यमलाई स्मृतिकारको रुपमा वर्णन गरिएको छ । यमस्मृतिको प्राप्ति श्रौ त्यसमा स्त्रीहरु पनि प्राचीनकालमा उपनयन संस्कारका भागीदार भएको कुरा उल्लेख गरिएबाट उक्त कुरोको पुष्टि हुन्छ ।

मूर्ति श्रंकनहरुमा यमलाई गुप्तकालदेखि नै बढि लोकप्रियता प्राप्त भएको थियो, यद्यपि खिृष्टाब्द पूर्व नै तिनको लोकपालको रुपमा ख्याति भइसकेको कुरा उपर्युक्त नानाघाट गुहाभिलेखबाट जानिएको थियो । भारतस्थित भुमराको यम मूर्ति छैठौं शताब्दी ई. को छ । राज्यासनमा वसेको मुकुटयुक्त यमका वायां हातमा दण्ड रहेको छ । यमका दायाँ वायाँ चामर समातेकी दुईश्रोटी स्त्री उभि-राखेकी छिन् । चिदम्बरम्स्थित उभिरहेको यम मूर्तिमा करण्ड मुकुट लाएको छ । तिनका दुई हाथमध्ये दायां चाहिले पाश श्रौ वायां चाहिले गदा समातेका छन् । यमको वाहन स्वरूप रहेको वृष त्यस मूर्तिको पछाडि उभिराखेको छ । जुन यो मूर्तिको खास विशेपता छ । किनभने प्रतिमाशास्त्रीय लक्षण अनुसार यमको वाहन

स्वरूप महिप हुनु आवश्यक छ। महिप वाहन हुँदा नै यमको एक नाम महिप-वहन अथवा महिपवाहन भएको हो । "कृतांतः किं साक्षान्महिपवहनोऽसांविति पुनः"–काव्यप्रकाश १० । महाभारतले पनि यमको प्रतिमा लक्षणको वर्णन गर्ने क्रममा तिनको वाहन स्वरूप महिप हुने यथार्थतातिर स्पष्टतः इङ्गित गरेको छ ।[२] जापानको एक मन्दिरमा यम्मसान नामले पुकारिने महिपारूढ यमको एक मूर्ति पाइएको छ जसले पनि उपर्युक्त तथ्यतिरै संकेत गरेको छ।[३] एलोरास्थित दशावतार गुफाको कालारिमूर्तिमा दायां हात माथितिर उठाई शिवको प्रार्थना गरिरहेको यमको वायां हातले पाश समातिराखेको छ । एलोराकै कैलाश मन्दिरको शिवको कालारि मूर्तिमा पनि उपर्युक्त मुद्रामैं यमको आकृति उत्कीर्ण छ । पट्टीश्वरम् तथा तिरूच्छेङ्गाट्टङ्गुडिस्थित कालारि मूर्तिहरूमा पछाडिएका यमका शरीर माथि महादेव अवस्थित छन् । हिन्दू तथा जैन मन्दिरहरूमा यी देवता दक्षिण दिशाका दिक्पालको रूपमा आमूर्तित गरिएका छन् । आठौं शताव्दी ई. का ओसियाका महावीर मन्दिर, जोधपुर, धमेख र सादडीका जैन मन्दिर तथा खजुराहोस्थित मन्दिरहरूका मूर्तिहरू यहां उल्लेख्य छन् । यमको एक प्रतिमा पहाडपुर वंगालवाट प्राप्त भएको छ । सेवक आकृतिहरूवाट वेष्ठित द्विभुज देवता स्थानक मुद्रामा निरूपित छ । नवौं शताव्दी ई. को एक यम मूर्ति राजस्थानवाट प्राप्त भएको छ । त्रिभंग मुद्रामा सामान्य आसनमा उभेका द्विभुज यमका वाम पार्श्वमा तिनका वाहन महिप उत्कीर्ण छ । डरलाग्दो आकृतिका यम अग्निशिखा समान प्रज्वलित केश रचना, कुण्डल, हार, लामो माला, धोती, वाजुवन्द आदि अलंकरणहरूले सज्जित छन् । यिनका दक्षिण भुजामा कपाललेयुक्त कालदण्ड ओ वायांतिर कुखुरा प्रदर्शित छन् । खजुराहोबाट दशौं देखि वाह्रौं शताव्दी ई. को मध्यकालका यमका १९ मूर्तिहरू प्राप्त भएका छन् । केवल एउटै उदाहरणमा यम द्विभुज छ । वांकि सवै उदाहरणहरूमा यम चतुर्भुज छन् ।

नेपालमा यमकै नामले कुनै मूर्ति अहिलेसम्म पाइएको छैन ।[४] तर, शिव त्रिमूर्तिमध्ये संहारकर्ताको रूपमा मानिएको ओ शिवलाई काल भनी पूजिने प्राचीन परम्परा पनि विद्यमान भएको शिवसहस्रनामको अध्ययनमा पाइएबाट शिवको एक रूप यम भएको स्पष्टिन्छ । शिव एवं यम दुवैका नाम यमान्तक भएबाट पनि उक्त कुराको पुष्टि हुन्छ । फेरि महाकाललाई शिवको रूपमा पूजिने परम्परा स्कन्दपुराणका पंक्तिको अध्ययनमा स्पष्टतः जानिन्छ । "आकाशे तारकं लिंगं पाताले हाटकेश्वरम् । मर्त्यलोके महाकालं दृष्ट्वा काममवाप्नुयात् ॥" –स्कन्द-पुराण । उज्जैनको महाकाललाई महादेवको रूपमा उल्लेख महाकवि कालिदासले आफ्नो मेघदूत काव्यमा गरेको छ । यसैले काठमाण्डू टुण्डिखेलको छेउमा निर्मित

मन्दिरस्थित महाकाललाई शिवको काल रूप मानिनु युक्तियुक्त लाग्दछ । यसको अतिरिक्त नेपालका बौद्ध मन्दिर तथा विहारहरूमा महाकालका मूर्तिहरू प्रतिष्ठापन गरिएका उदाहरणहरू पाइएका छन् । ई. सन् १६६१ मा प्रतिष्ठापित महाकालको एक शिलामूर्ति स्वयम्भूमा छ जसको पादपीठमा अभिलेख समेत कुँदिएको छ । यमका सेवक स्वरूप रहेका यम किंकरको एक काष्ठमूर्ति नेपालमा पाइएको छ जुन १६ औं शताब्दी ई. को भनी अनुमान गरिएको छ ।

संस्कृतका शिल्पशास्त्र सम्बन्धि ग्रन्थहरूमा यमका प्रतिमालक्षणबारे वर्णन गरिएका छन् । ती ग्रन्थहरू अनुसार यम कृष्ण वर्णको हुनुको साथै द्विभुजा, राता आंखा तथा दायां बायां तीखा दाह्राहरूयुक्त हुन्छन् । किरीट मुकुटयुक्त यमले गहनाहरू तथा राता फूलको माला लाएको हुनुको अतिरिक्त शरिरमा श्रीखण्डलेपन गरी राता पोशाकहरू लगाएका हुन्छन् । सिंहासन या महिषमाथि आरूढ तिनका प्रहरण स्वरूप खड्ग र खेटक अथवा फल र पाश अथवा दण्ड र पाश हुन्छन् ।

यमका दायां बायां डरलाग्दा आकृतिका साथै टल्केका नीला र राता रंगका गरी दुईजना मृत्यु र संहिता उभिराखेका हुन्छन् । यसको अतिरिक्त दुई अरोटी स्त्रीहरू यमको दायां बायां रहेर चामर हम्काई राखेका हुन्छन् । यमका अगाडि धर्म र अधर्म नामक दुईजना ब्राह्मणहरू उभिराखेको हुनु पर्दछ । द्वारमा राता पोशाक लगाएका चित्रगुप्त र काली बस्तछन् । यमको चारैतिर बसी देव, असुर, धर्मी र पापीहरू तिनको स्तुती गरिरहेका हुन्छन् ।

बृहत्संहिता र अग्निपुराणमा यमलाई दण्डधारी र महिष माथि आसीन बताइएका छन् । विष्णुधर्मोत्तरपुराणको अनुसार विभिन्न अलंकरणहरूले सज्जित चतुर्भुज यम महिषमाथि आरूढ हुन्छन् । यमका दायां हातहरूमा दण्ड र खड्ग प्रदर्शित गरिएको हुन्छ । यमका बायां एक हात धूर्मोणाका स्कन्धमा राखिएको हुन्छ र दोश्रोमा खेटक प्रदर्शित हुन्छ । धूर्मोणाका दायां हात यमको स्कन्ध माथि रहेको हुन्छ र बायांमा मातुलिंग (फल) प्रदर्शित हुन्छ । यमको दायां पार्श्वमा लेखनी र पत्रले युक्त चित्रगुप्त निरूपित हुन्छ औ दोश्रो पार्श्वमा भयंकर रूपको पाशधारी काललाई आमूर्तित गरिन्छ । रूपमण्डन ग्रन्थमा पनि यमको चतुर्भुज स्वरूप नै विवेचित छ । महिषमा आरूढ कृष्ण वर्णका यमका हातमा लेखनी, पुस्तिका, कुखुरा, तथा दण्डको प्रदर्शन गर्ने विधान छ ।

यमलोक एवं त्यहाँ पुग्ने मार्गको बारे वैदिक तथा उत्तर वैदिक अनुश्रुतिहरूमा वर्णन पाइन्छ ।[५]

उपर्युक्त विभिन्न आधारहरूबाट यमको पूजा उपासना वैदिककालदेखि नै अविच्छिन्न रूपले हुँदै आएको कुराको पत्तो हुन्छ । तर, वैदिककालमा यमको जुन

महत्ता कायम भएको थियो त्यो पछिसम्म कायम हुन सकेन । महाकाव्य तथा पुराणकालमा तिनी खालि मृत्युको देवता मानिनुको साथै दक्षिणदिशाका लोकपालको रूपमा मात्र तिनको पूजा उपासना गरिन लागेको थियो, तिनी गौण देवताको रूपमा मात्र गनिन लागेको थियो । यसरी भन्दैमा हाम्रो सांस्कृतिक परम्परामा यमको कुनै खास स्थान छैन भन्ने होइन । भ्रातृपूजा वैदिककालमा यमीले आफ्ना दाज्यू यमलाई पूजा गरेको दिनको संस्मरणमा कार्त्तिक शुक्ल द्वितीयाको दिन यहां गर्ने चलन चलेको थियो जुन अद्यापि प्रचलित नै छ । यसको अतिरिक्त भाद्र कृष्ण प्रतिपदाको दिन यहाँ यमको पूजा गरिन्छ । यी विभिन्न आधारहरूबाट यम हाम्रो सांस्कृतिक तथा धार्मिक परम्पराका एक सुप्रसिद्ध देवता भएको कुरामा दुई मत होवैन ।

टिप्पणी

१. "In the later mythology he is always represented as a terrible deity inflicting tortures, called yatana, on departed spirits; he is also one of the 8 guardians of the world as regent of the south quarter."
हेर्नोस्–Monier Monier Williams: Sanskrit English Dictionary, 1981, P. 846

२. "In Mahabharata yama is described as dressed in blood–red garments, with a glittering form, a crown on his head, glowing eyes, and, like Varuna, holding a noose, with which he binds the spirit after drawing it from the body, in size about the measure of a man's thumb; he is otherwise represented as grim in aspect, green in colour, clothed in red, riding on a buffalo, and holding a club in one hand and noose in the other."
हेर्नोस्–Monier Monier Williams: Sankrit English Dictionary, 1981, P.846

३. "Yama, the god of death, actually the god of Justice, is the most dreaded god in Japan. He is known a Emma San. You see him seated on a buffalo in a temple in kyoto. Japanese mothers tell their children "If you tell a lie, Emma will pull

out your tongue." This old Hindu legend is more popular in Japan than in India. Many legends of Yama are current in India and Japan. The legend of a Buddhist high priest having an interview with this god for three days and returning to this mortal world is a part of Japanese history. The priest apparently died but his body did not become cold and his disciples therefore abstained from performing his last rites hoping he might return to life, an indeed after three days, he suddenly woke, as if from sleep, and told his disciples he had been to the underworld and taken by two attendants before the Judge of the dead, Emma, who received him most graciously and returned him to preach the message of Dharma."
हेर्नोस्–Chaman Lal: India Cradle of Cultures, 1976, P. 171

४. आर्यघाटस्थित महिषको शिरले अगाडितिर हेराई त्यसको पछाडितिर शिलामाथि सुखासनमा कुँदिएको मूर्तिलाई यमको मूर्ति भनी उल्लेख गर्नेहरू पनि छन्। जुन प्रतिमाशास्त्रीय तथा उपाख्यानहरूको आधारमा युक्तियुक्त भएजस्तो लाग्दैन। प्रस्तुत मूर्ति प्रतिमाशास्त्रीय नियम तथा उपाख्यानहरूको आधारमा यमको बदला हिमालयस्थित केदारनाथको हो भन्ने लाग्दछ। शिवपुराण अनुसार महिषको रूपलिई हिमालयमा विचरण गर्न लागेका केदारनाथ पाण्डवहरूद्वारा छोइएला भनी भागेर गई एक गुफाभित्र पसेका थिए। त्यसबेला पाण्डुपुत्रहरूले गुफाभित्र पस्न लागेका महिषका पुच्छरमात्र समात्न सफल भए जसको कारण हिमालयमा महिषरूप केदारनाथका पृष्ठभाग मात्र रही नेपालमा तिनको शिर रहेको थियो। यस उपाख्यानको अनुरूप यो मूर्तिमा केदारनाथ पर्वतको प्रतीक स्वरूप रहेको शिलामाथि सुखासनमा अवस्थित देखाउनुको साथै उक्त देवता आसीन शिलाको मुनिबाट टाउको छिडाई निस्कन लागेको ढांचामा महिषको शिर प्रदर्शित गरेको हुनु धेरै सम्भव छ। महिषको उक्त प्रकारको शिरको प्रदर्शनको नेपाल भित्र पसेका महिषरूप केदारनाथलाई संकेत गरेको स्पष्ट छ। फेरि, यो प्रतिमाको आकृति पनि अन्य शिव परिवार मूर्तिहरूमा दर्शाइएका शिवको आकृतिसित अत्यधिक समानता राख्तछ। यीं आधारहरूबाट यो मूर्तिलाई केदारनाथ शिवको हो भनी स्वीकार्न औचित्ययुक्त नै लाग्दछ।

५. "In the veda he is called a king, or Samgamano Jananam, the gatherer of men, and rules over the departed

fathers in heaven, the road to which is guarded by two broad-nosed, four eyed spottet dogs, the children of Sarama."

"In post vedic mythology he is the appointed Judge and 'Restrainer' or 'Punisher' of the dead, in which capacity he is also called dharmaraya or dharma and corresponds to the Greek Pluto and to Minos; his abode is in some region of the lower world called yamapura; thither a soul when it leaves the body, is said to repair, and there, after the recorder, citra–gupta, has read an account of its actions kept in a book called Agra–samdhana, it receives a Just sentence."

हेर्नोस्–Monier Monier Williams : Sanskrit English Dictionary, 1981, P. 846

"Yamaloka. The realm of the dead, ruled by Yama, Originally Conceived as the heaven of heroes (Rgveda, 1.35,6) and later that of the Pitrs (S Br., XII. 8. 1,19)."

हेर्नोस्–Margaret and James stutley: A Dictionary of Hinduism, 1977, P. 346

कार्त्तिकेय

वैदिककालमा इन्द्र र शिव युद्धका देवता मानिए[1] तापनि महाकाव्य र पुराणकालमा कार्त्तिकेय युद्धको देवताको रूपमा रहेका थिए, जस्तो यूनानमा मार्स युद्धको देवता[2] थिए । महाकाव्य, पुराणकालमा यी देवताको महत्वमा उल्लेख-योग्य रुपले अभिवृद्धि भएको थियो । स्वयम् भगवान् कृष्ण र हरि कार्त्तिकेयको सेवकको रूपमा रहेको[3] तथा शिवले तिनको शिष्यको रूपमा रही ॐ अक्षरको ज्ञान हासिल गरेका थिए ।[4] फेरि अष्टादश पुराणहरूमध्ये एक कार्त्तिकेयसितै सम्वन्ध राख्ने हुँदा पनि पौराणिककालमा तिनको ख्याति ययेष्ट मात्रामा वढेको कुरा विदित हुन्छ ।[5]

कार्त्तिकेयको जन्मवारे विभिन्न प्रकारका वर्णन उपाख्यानहरूमा भेट्टिन्छन् । कार्त्तिकेयलाई शिव, अग्नि, उमा, स्वाहा, गङ्गा, पट्कृत्तिका आदि विभिन्न देव–देवीहरूका आफ् आफ्नै पुत्रको रूपमा वाल्मिकी रामायण, महाभारत, पुराण तथा अमरकोश, मेघदूत, रघुवंश श्री कुमारसम्भव महाकाव्यहरूमा निश्चित गरिएका छन् ।[6] जुन युक्तिप्रद लाग्दैन । किनभने एक व्यक्तिको भौतिक जन्ममा कुनै निर्णित आमावावुका अतिरिक्त अनेकौं माता पिताहरूको अस्तित्व स्वीकार्न नसकिने कुरा प्रष्ट छ । तर, ती सवै वर्णनहरूको साथै कार्त्तिकेयको गहिरो अध्ययनमा यस तथ्यको छाप स्पष्टतया प्रतिविम्व नभएकै परिलक्षित हुन्छ कि कार्त्तिकेय कुनै एक देवता विशेषकै मात्र सन्तति नभएर अद्वैत त्यो विराट् परब्रह्मकै सिर्जना थियो, त्यो नै सांचो मानेमा परब्रह्म पनि । कार्त्तिकेयको जन्मविषयक उक्त उपाख्यानहरूले मनुष्यले एक दोश्रोमा घृणा, द्वेषको साटो प्रेम समर्पित गर्नुको अतिरिक्त स्वयं आफुनै विचार्नु पर्ने आवश्यकतातिर इङ्गित गरेका छन् । देखेमा धूल हो फूल, नदेखे फूल धूल हो । यसरी कार्त्तिकेयवारेका अनुश्रुतिहरू अनेकत्वको साटो एकत्वको भावना सिन्चन गर्दै वैदिकसमयदेखि नै प्रचलित हुँदै आएको अद्वैत सिद्धान्तको साकार स्वरुप वनेर मनुष्यलाई उक्त भावनानुकूल एक नयां जिन्दगी वसर गर्ने प्रेरणास्रोत छन् ।

कार्त्तिकेयको जन्मसित सम्वन्धित रामायण, महाभारत तथा पौराणिक उपाख्यानहरूमा शिवको वीर्यमा अग्निको प्रवेश तथा उक्त वीर्य ६ दिनसम्म घडामा

अवस्थित रही पछि मनुष्याकृतिमा कार्त्तिकेयको जन्म भएको" भन्ने कथनले आधुनिक विश्वमा विद्युत् ऊष्णको राम्रो संचालनद्वारा फूलबाट एक्काईस दिनमा मात्र काढ्ने चल्ला चौबीस घण्टामैं निकाल्ने वैज्ञानिक उपलब्धि आजको विज्ञानका मात्र खास देन नरही हाम्रा प्राचीन मनीषिहरूद्वारा प्रतिपादित ज्ञानविज्ञानको पहिलो उद्घोष रहेको कुरा प्रकट हुन्छ । अर्को, ऋषि पत्नीहरूसित मोहित भएका आफ्ना प्रेमी अग्निको प्रेम आफुतिर आकर्षित गर्ने हेतुले दक्षकी छोरी स्वाहाले वशिष्ठकी पत्नी अरून्धती बाहेक अन्य ६ ऋषिपत्नीहरूको अभिनयनद्वार अग्निलाई वशिभूत पारी आफ्नो यौनसन्तुष्टि लिएकी थिइन् ।[८] उक्त ६ कृत्तिकाहरूको अभिनयद्वारा पाइएको हुँदा पनि कार्त्तिकेयलाई षण्मातुरः, षडाननः भनिएको हुनु धेरै सम्भव छ । किनभने एक व्यक्तिको भौतिक शरीरको जन्म ६ जना स्त्रीको शरीरबाट एकै चोटी भएको स्वीकार्नु व्यावहारिक लाग्दैन। बरू आमाको गर्भमा बसेको वेलादेखि नै मानिसलाई आमाको स्वभावले प्रभाव पार्ने हुँदा स्वाहाको अग्निसित ६ कृत्तिकाहरूको अभिनयसाथ गर्भाधान संस्कार सम्पन्न भएकोले कार्त्तिकेयमा पनि ती कृत्तिकाहरूको चारित्रिक छाप पर्नु विज्ञान-सम्मत लाग्दछ । जसको कारण पनि कार्त्तिकेयलाई षण्मातुरः, षडाननः को संज्ञा दिइनु ठीक प्रतीत हुन्छ ।

महाकाव्य एवं पौराणिककालमा तिनको ख्याति यथेष्ट मात्रामा बढेको कुरा माथि वर्णन भैसकेको छ । अष्टादश पुराणहरूमध्ये स्कन्दपुराण पनि एक रहेको छ जसको वर्तमान संस्करण अनुमानित चारौं शताब्दी ई. को प्राप्त भएको छ ।[९] नेपालको राष्ट्रिय अभिलेखालयमा रहेको ताडपत्रमा लिखित स्कन्दपुराण सातौं शताब्दी ई.को मानिन्छ ।[१०] फेरि कार्त्तिकेय द्वितीय शताब्दी ई. पू. मै ज्यादै लोकप्रिय देवता भैसकेको कुरा पतन्जलिकृत महाभाष्यद्वारा स्पष्टतया जानिन्छ ।[११] त्यसमा मौर्य सम्राट्हरूको समयमैं शिव, स्कन्द आदि देवताहरूका मूर्तिहरू राष्ट्रिय आम्दानीको अभिवृद्धि गर्ने ध्येयले विक्रिको लागि निर्माण गरिने कुराको उल्लेख बाट चारौ शताब्दी ई. पू. मै. कार्त्तिकेयका मूर्तिहरू निर्माण गरिन लागेको कुरा जानिनुका[१२] अतिरिक्त वर्तमान विश्वमा सर्वाधिकरूपले प्रचलित रहेको हस्तकला व्यवसायको प्राचीनता स्पष्टतया थाहा हुन्छ ।

साहित्यिक आधारमा कार्त्तिकेयको प्राचीनता महाकाव्य एवं पौराणिक-कालदेखि नै भएको देखिएता पनि पुरातात्विक आधारमा कार्त्तिकेयबारे खृष्टाब्दको प्रारम्भदेखि मात्र हामीलाई ज्ञान हुन्छ । कुषाण सम्राट् हुविष्कका मुद्राहरूमा कार्त्तिकेयको मूर्ति उत्कीर्ण गरिनुको अतिरिक्त स्कन्द, कुमार, महासेन, विशाख आदि कार्त्तिकेयका विभिन्न नामहरू उत्कीर्ण गरिएका छन ।[१३] हुविष्कका

मुद्रामा उत्कीर्ण गरिएका उपर्युक्त नामहरूको अध्ययनबाट ती नामहरूले तीन भिन्न भिन्न देवताहरूलाई बुझाएको कुरा चाल पाइन्छ । यसरी कुशाण-सम्राट्का मुद्राहरूमा उत्कीर्ण गरिएका उक्त तीनै देवताहरू पछि आएर मात्र एउटै कार्त्तिकेयमा गणना गरिएको हो भन्ने कुरा स्पष्टतया थाहा लाग्छ ।[१४]

ई. को द्वितीय, तृतीय शताब्दीतिरका यौधेय गणका मुद्राहरूमा पनि कार्त्तिकेय तथा तिनकी शक्ति देवसेना (?) का मूर्तिहरू उत्कीर्ण गरिएका छन् । नेपाल खाल्डोको थानकोट भेकमा प्राप्त भएको यौधेय गणको एक मुद्रा यो लेखकको संग्रहमा छ । उक्त मुद्राको पुरोभागमा शूल हातमा लिएर उभिइरहेको कार्त्तिकेय तथा तिनको वाहन मानिएको मयूरको आकृति अंकित गरिनुको अतिरिक्त यौधेय-गण भनी स्पष्ट उल्लेख गरिएको छ भने पृष्ठभागमा हिंड्न लागेको देवसेनाको मूर्ति र एक कलशको आकृति अंकित गरिएकोछ । यसबाट यौधेयहरू कार्त्ति-केयका उपासक रहेको कुरा जानिन्छ ।[१५] नेपालमा यौधेयगणको मुद्रा प्राप्तिले साहित्यिक आधारमा नेपालको भारतसित व्यापारिक सम्बन्ध चारौं शताब्दी ई. पू. मै भएको[१६] देखिएतापनि पुरातात्विक आधारमा यसको पुष्टचाई द्वितीय, तृतीय शताब्दी ई. देखि भएको कुरा प्रमाणित हुन्छ ।

पांचौं, छैठौं शताब्दी ई. पू. को पाणिनिकृत अष्टाध्यायी ग्रन्थमा यौधेयगणको उल्लेख आउनु[१७] तथा छैठौं शताब्दी ई. पू. मा लिच्छविहरूको गणराज्य वैशालीमा कायम भएको कुरा बौद्ध एवं जैन ग्रन्थहरूबाट विदित हुन आएकोले[१८] ती दुवै जातिको बीच पूर्वप्राचीनकालदेखि नै सुसम्बन्ध स्थापित भएको कुराको अनुमान हुन्छ । जसको फलस्वरूप पछि लिच्छविहरुले नेपालमा गणतन्त्रमा आधारित राजतन्त्र स्थापित गरेको समयमा पनि ती दुई जातिको बीच प्राचीन सुसम्बन्धको कारण मैत्रीपूर्ण व्यापार सम्बन्ध स्थापित हुनु धेरै सम्भव छ । उत्तप्राचीनकालीन लिच्छविराजाहरूका मुद्रामा यौधेयगणका मुद्राको प्रभाव स्पष्टरूपमा देखिएबाट पनि ती दुई जातिका बीचको मैत्रीपूर्ण सम्बन्धको पत्तो हुन्छ ।[१९] यसरी नेपालमा उक्त यौधेयगणको मुद्राप्राप्तिले पुरातात्विक आधारमा द्वितीय, तृतीय शताब्दी ई. देखि नै नेपाल एक व्यापारिक मुलुकको रूपमा अवस्थित भइसकेको कुरा विदित हुन्छ ।

पाँचौं शताब्दी ई. का गुप्तसम्राट् कुमारगुप्तका गुप्त संवत् १२४ (४४३–४४ ई.) को रजतमुद्रामा कार्त्तिकेयको वाहन मयूरको आकृति उत्कीर्ण गरिएको पाइनुको[२०] साथै कुमारगुप्तले आफ्नो छोराको नाममै कार्त्तिकेयका विभिन्न नामहरूमध्ये एक स्कन्दको नामबाट स्कन्दगुप्त नाम राखेको देखिएकोले कुमार-गुप्त कार्त्तिकेयका अनुयायी रहेको कुरा बोध हुन्छ । कुमारगुप्त प्रथमको भिलसद

शिलास्तम्भलेखमा ध्रुवशर्मले भिलसदमा स्वामी महासेनको मन्दिर निर्माण गरेको कुरा वर्णित छ।[२१] पांचौं शताव्दी ई. का पुरुगुप्तको विहार शिलास्तम्भलेख तथा सोही शताव्दी ई. को शान्तिवर्म्मनको समयका तालगुन्द शिलास्तम्भलेख-हरूमा कार्त्तिकेयका क्रमशः स्कन्द औ षडानन नामहरू उत्कीर्ण गरिएका छन्।[२२] संक्षिप्त शक संवत् १५७ (७३५ ई.) को जयदेव द्वितीयको पशुपतिको अभिलेख[२३] तथा अनुमानित आठौं शताव्दी ई. को नक्साल नारायणचौरको अभिलेखमा[२४] कार्त्तिकेयका षण्मुख र स्वामीकार्त्तिक नामहरू कुँदिएका छन्। दोलाशिखर-स्थित वाह्रौं शताब्दी ई. को एक पादपीठलेखमा विशाख[२५] (कार्त्तिकेयको एक नाम) आदि देवताहरूप्रतिष्ठापन गरिएको कुरा उल्लिखित छ।

भारतका एलोरा गुहा, ऐहोल, कुम्भकोणम्, मद्रास म्यूजियम, मदुरा आदि विभिन्न स्थानहरूमा कार्त्तिकेयका भिन्न-भिन्न प्रकारका मूर्तिहरू पाइएका छन्।[२६] मदुरा एवं ऐहोलका मूर्तिहरू क्रमशः कार्त्तिकेयको देवसेनासित सम्पन्न भएको विवाह तथा आफ्नो शक्त्यायुधद्वारा कार्त्तिकेयले तारकासुर वध गरेका घटनाहरू-सित सम्वन्धित छन्।[२७] कुम्भकोणमृस्थित उभिइरहेको कार्त्तिकेयका मूर्तिको दायां वायां उनकी देवसेना र वल्ली दुवै शक्तिहरू उभिइरहेका देखिनुको अतिरिक्त कार्त्तिकेयका दुई हात कुखुरा र शक्त्यायुधले युक्त छन् भने अर्का दुई हात वरद औ अभय मुद्रामा छन्।[२८] कार्त्तिकेयका मूर्तिहरू उत्तर भारतको अनुपातमा दक्षिणतिर अत्यधिक मात्रामा पाइएका छन्। यसरी भन्दैमा उत्तरतिर कार्त्तिकेयका मूर्ति एवं उल्लेख छँदैछैन भन्ने होइन। अनुमानित छैठौं, सातौं शताव्दी ई. को कार्त्ति-केयको एक मूर्ति वाराणसीस्थित भारत कला भवनमा राखिएको छ।[२९] वलभीका मैत्रककालीन कोटचर्कस्थित छैठौं शताव्दी ई. को एक मूर्तिमा उमा र नोकरानीको कांधमाथि चढेको वालक स्कन्द कुँदेको देखाइएको छ।[३०] यद्यपि उत्तरप्राचीन-कालीन नेपालका कार्त्तिकेयका अलग मूर्तिहरू अहिलेसम्म कुनै प्राप्त नभए तापनि तत्समयका उमामहेश्वरका मूर्तिहरूमा कार्त्तिकेय पनि गौणदेवताको रूपमा उत्कीर्ण गरिएका छन्। सांखुस्थित एक मूर्तिमा कार्त्तिकेयको मूर्ति पनि उत्कीर्ण छ।[३१] कुमारसम्भव महाकाव्यको आधारमा कुँदिएको अनुमानित पांचौं, छैठौं शताव्दी ई. को काठमाडौं नःघल टोलस्थित शिलाखण्डमा महादेव र पार्वतीको बीच वालक कुमारको आकृति उत्कीर्ण गरिएको छ।[३२] मध्यकालीन नेपालको शुरू–शुरूमा पनि कार्त्तिकेयका मूर्तिहरू उमामहेश्वरका मूर्तिहरूमा उत्कीर्ण गरिने चलन रहेको कुरा ने. सं. १०७ तथा ने. सं. १३२ का ल. पु. कुम्भेश्वर धाय्बु तथा ल. पु. त्यागल गंचाननीस्थित उमामहेश्वरका मूर्तिहरूको अध्ययनमा स्पष्टतया थाहा पाउन सकिन्छ।[३३] अनुमानित एघारौं, वाह्रौं शताव्दी ई. को कार्त्तिकेयको

एक अलग मूर्ति ल. पु. सुन्धारामा प्रतिष्ठापित गरिएको छ ।[३४] पूर्व १ नं. धुलिखेल-स्थित पन्ध्रौं शताब्दी ई. तिरको गौरी मूर्तिको काखमा ६ शिरयुक्त कार्त्तिकेय तथा गणेशका मूर्तिहरू उत्कीर्ण छन् ।

फेरि, नेपालमा कुनै पनि देवताको पूजागर्ने क्रममा अद्यापि सर्वप्रथम कार्त्तिकेयको नाममा घरको मूलढोका बाहिर पूजागर्ने चलन चलेको पाइनु, कार्त्तिक पूर्णिमाको भोलिपल्ट परेवाको दिन पशुपतिमा कार्तिकेयको दर्शन गर्न जाने जस्ता चलन चल्नु आदिको अतिरिक्त नेपालमा प्रचलित विभिन्न चाडहरूमध्ये एउटा कार्त्तिकेयको नाममा अद्यापि चलेको छ जसलाई कुमार षष्ठीको संज्ञा दिइएको छ । अर्को, नेपालका घर, मन्दिरहरूको निर्माण गर्दा दुष्टात्माहरूको प्रवेश हुन नपाओस् भन्नाखातिर छानामा मयूराकृतिका कुँपा राख्ने चलन मध्यकालदेखि चल्दै आएर आजसम्म पनि प्रचलित नै रहेको देखिन्छ । कर्णाटवंशी राजा प्रतापमल्लद्वारा निर्मित तथा संस्कारित हनुमानढोकाद्वारको ठीक माथिको तीनतल्ले मन्दिरमा उक्त आकारको कुँपा अझै देख्न सकिन्छ । दुष्ट प्रकृतिको उदाहरण दिंदा सर्पलाई प्रस्तुत गरिने चलन छ । नारद परिव्राजक उपनिषद्‌मा स्त्रीलाई सर्पसित तुलना गरिएको छ ।

"...वस्त्रमुच्छिष्टपात्रमिव... स्त्रियमहिमित सुवर्णं
कालकूटमिव......परित्यज्य स्वदेशमुत्सृज्य......
स्वशरीरं शवमिव हेयमुपगम्य...वसेत ।" (७)[३५]

नारदपरिव्राजकोपनिषद्

मयूरको आहारा सर्प मानिएको छ औ मयूर कार्त्तिकेयको वाहन पनि हुँदा कार्त्तिकेय दुष्टात्माहरूको दलनद्वारा त्रिलोकमा शान्ति एवं ऐश्वर्य स्थापना गर्ने महत्वशाली देवता रहेको कुरा जानिन्छ । यसरी प्राचीनकालदेखि आजसम्मन् अविच्छिन्न रूपले उज्वल भविष्यको प्रतीकस्वरूप कार्त्तिकेयको उपासना चल्दै आएको कुराको पत्तो हुन्छ ।

दक्षिण भारतमा कार्त्तिकेयलाई सुब्रह्मण्यको संज्ञा दिइन्छ । तिनलाई सुब्रह्मण्य किन भनियो भन्ने बारे निश्चित रूपले यथार्थ कुरो थाहा पाउन सकिएको छैन । कुमार र ब्रह्माका छोरा सनत्कुमार एउटै रहेको विश्वासमै विद्वान्‌हरूले कार्त्तिकेयलाई सुब्रह्मण्यको संज्ञा दिएको हुनु धेरै सम्भव छ ।[३६] तर कार्त्तिकेय र सनत्कुमार एउटै हो भन्ने कुरा कुनैपनि साहित्यिक तथा पुरातात्विक आधारहरूबाट पुष्टि हुँदैन । अमरकोशले कार्त्तिकेयका जम्मा १७ नाम नै दिएको छ जसमा सनत्कुमार नामको सर्वथा अभाव छ ।

"कार्त्तिकेयो महासेनः सरजन्मा षडाननः ॥४१॥
पार्वतीनन्दनः स्कन्दः सेनानीरग्निभूर्गुहः ।
बाहुलेयस्तारकजिद्विशाखः शिखिवाहनः ॥४२॥
षण्मातुरः शक्तिधरः कुमारः क्रौञ्चदारणः ।"

—अमरकोषः, प्रथमकाण्डम्, स्वर्गवर्गः

यी कारणहरूले गर्दा कार्त्तिकेयलाई उपरोक्त आधार बमोजिम सुब्रह्मण्यको संज्ञा दिइनु उपयुक्त होला जस्तो लाग्दैन। बरू ब्रह्माद्वारा निर्दिष्ट मार्गको अनुसरणमैं कार्त्तिकेयको जन्म सम्भव भएको कुरा रामायणमा वर्णन भएको छ।[३७] जसले कार्त्तिकेयलाई सुब्रह्मण्यको संज्ञा किन दिइयो भन्ने तथ्यलाई बुझ्न सुगम गराएको छ।

फेरि, कार्त्तिकेयलाई सुब्रह्मण्यको संज्ञा दिइएको बारे विचार गर्नाकोलागि यिनको जन्म सूर्यबाट भएको उपाख्यान सहायक बन्न सकिने कुरा प्रष्ट छ। सूर्य ब्रह्माका पनाति मानिएको छ। संक्षिप्त शक संवत् १५७ को पशुपतिको अभिलेखका 'सूर्याद् ब्रह्मप्रपौत्रान्. . ." पंक्तिले उक्त तथ्यको खुलासा गरेको छ।[३८] अनि, मार्कण्डेयपुराण अनुसार कार्त्तिकेयको शक्त्यायुध सूर्यको शक्तिका अंशहरूबाट विश्वकर्माद्वारा निर्मित हतियार थियो।[३९] सूर्यको केही अंश कार्त्तिकेयमा सारिएको हुँदा नै उनी लडाईंको बेला सूर्यको समीपमा बस्ने गरेको कुरा भविष्यपुराणमा वर्णित भएको हुनु धेरै सम्भव छ।[४०] उक्त पुराण अनुसार कार्त्तिकेयका द्वारपालको रूपमा सूर्य र शिव राज्ञ तथा स्रौषको रूपमा रहेका हुन्छन्।[४१] फेरि, कार्त्तिकेय विभिन्न ६ कृत्तिकाहरूको अभिनयसाथ स्वाहा र अग्निको समागमद्वारा षष्ठी तिथिको दिन जन्मेको कुरा महाभारतमा वर्णित छ। अनुश्रुति अनुसार अग्नि सूर्यबाटै निस्केको भन्ने कुरा उल्लेख भएकोले सूर्य र अग्निमा पनि कुनै भेद नभएको सिद्ध छ।[४२] कार्त्तिकेयका ६ शिरले सम्भवतः ६ ऋतुको, बाह्र हातले बाह्र महिनाको, कुखुराले अरूणोदयको अगुवाको औ रंगविरंगी प्वांखयुक्त मयूरले सूर्यको शुभ्र प्रभाको प्रतिनिधित्व गरेका छन्।[४३] कार्त्तिकेयको शक्त्यायुध पनि सूर्यकै शक्तिद्वारा निर्मित छ। यी सबै कुराहरूले कार्त्तिकेयको जन्म सूर्यबाटै भएको तथ्यतिर निर्दिष्ट गर्दछ। दक्षिण भारतमा प्रचलित एक ध्यानश्लोकमा कार्त्तिकेय सूर्यकै रूपमा वर्णित छ। यसरी कार्त्तिकेयलाई सुब्रह्मण्य भनिनाको वास्तविक तात्पर्य खुलस्त हुन आएको प्रतीत हुन्छ।

उपर्युक्त सबै आधारहरूबाट कार्त्तिकेय वैदिक देवता नभएता पनि यसले पछि गएर ठूलो ख्याति आर्जित गर्न सकेको कुरो जानिन्छ। तारकासुरसितको युद्धमा यिनले देवसैन्यको सफल संचालनद्वारा तारकासुरलाई वध गरी दानवहरूबाट

देवलोकको रक्षा गरेका थिए । जसको कारण पनि तिनको एक नाम सेनापति रहन गएको हो । कार्त्तिकेयका विभिन्न नामहरू तिनको जीवनसित वढि मात्रामा सम्वन्धित छन् । तर कार्त्तिकेयकी पत्नीलाई देवसेनाको संज्ञा किन दिइयो भन्ने कुरा विचारणीय छ । तारकासुरसितको संग्राममा सम्पूर्ण देवताहरूले कार्त्तिकेयको नेतृत्व स्वीकार गरी तिनकै सेनापतित्वमा देवसैन्यले तारकासुरमाथि विजय हासिल गरेका थिए । दैत्यसेनाको अगाडि केही नलागि निर्वल भैरहेको देवसैन्यले तारकासुरसितको युद्धमा कार्त्तिकेयकी पत्नीवत्‌भै तिनको आधिपत्य स्वीकार गरेको तथा ती सेनाकै शक्तिले दैत्यसेनामाथि कार्त्तिकेयले विजय हासिल गरेको हुँदा तिनकी शक्तिको नाम नै देवसेना भएको कुराको अनुमान हुन्छ । कार्त्तिकेय देवसेनापति (देवसेनाको प्रमुख वा देवसेनाको खसम) पनि भएको हुनाले उक्त अनुमानको अझ बढि पुष्टि हुन्छ ।

कार्त्तिकेयको अतिरिक्त देवसेना पनि प्राणीमात्रको लागि मातृवत् पूजनीया मानिएका छन् । षोडश मातृकाहरूमा देवसेना पनि एक मानिएको छ ।"[८] यसरी कार्त्तिकेय तथा तिनकी पत्नी देवसेना प्राचीनकालदेखि नै हाम्रो यहां आराध्य देव, देवीको रूपमा रहेको कुरा निर्णित भै सत्, चित्, आनन्दको द्योतकस्वरूप रहेको यो त्रिलोकलाई दुष्ट मनोवृत्ति हुनेहरूको चङ्गुलबाट उन्मुक्त गराई अझ वढि आनन्दमय गराउँदै लैजाने कार्यमा तिनीद्वारा प्रदर्शित आदर्श नै प्रेरणाश्रोत वनून्, अज्ञानान्धकारलाई हटाई ज्ञानरश्मि सिन्चन गर्ने कार्यमा तिनको आदर्श दीपमालिका वनी प्रज्वलित होऊन् ।

टिप्पणी

१. हेर्नुहोस्—राहुल सांकृत्यायन रचित "ऋग्वैदिक आर्य", १९५७ ई., पृ. ४६८,४७०,४९०

२. डायोमिडिस रण—तांडव कर रहा था । उसके सामने से जीवित बचकर कोई नहीं जाता था । एक स्थान पर वह युद्ध के देवता मार्स से जा भिडा । उस समय मार्स हैक्टर के पास खडा था और उसकी रक्षा कर रहा था ।" हेर्नुहोस्—डा. रांगेय राघव लिखित "प्राचीन यूनानी कहानियां", किताव महल, पृष्ठ १५०–१५१

3. "And even though Sectarianism made Krishna and Hari servants of Skanda, he never gained the position of either; nor did he retain his eminence for long in the estimation of men, even though his worship did not disappear altogether, as

has been the case with some other gods of antiquity".

हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "दि एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६६

4. "Desika-Subrahmanya: This is the aspect in which Subrahmanya taught Siva, his own father, the significance of the saored syllable Om."

हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल २, पार्ट २, मोतीलाल बनारसीदास, पृ. ४४३

५. "ब्राह्मं पाद्मं वैष्णवं च शैवं भागवतं तथा ।
तथान्यन्नारदीयं च मार्कण्डेयं च सप्तमं ॥
आग्नेयमष्टकं प्रोक्तं भविष्यन्नवमं तथा ।
दशमं ब्रह्मवैवर्तं लिंगमेकादशं तथा ॥
वाराहं द्वादशं प्रोक्तं स्कांदं चात्र त्रयोदशं ।
चतुर्दशं वामनं च कौर्मं पंचदशं तथा ॥
मात्स्यं च गारुडं चैव ब्राह्मांडाष्टादशं तथा ॥"

हेर्नुहोस्–वी. एस. एप्ते लिखित "संस्कृत इंगलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. ६७

६. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतीलाल बनारसीदास, पृ. ४१५–२०–३०–३१,

"तत्र स्कन्दं नियतवसतिं पुष्पमेघीकृतात्मा
पुष्पासारैः स्नपयतु भवान्व्योमगङ्गाजलार्द्रैः ।
रक्षाहेतोर्नवशशिभृता वासवीनां चमूना–
मत्यादित्यं हुतवहमुखे सम्भृतं तद्धि तेजः ॥४३॥
ज्योतिर्लेखावलयि गलितं यस्य बर्हं भवानी
पुत्रप्रेम्णा कुवलयदलप्रापि कर्णे करोति ।
धौतापांगं हरशशिरुचा पावकेस्तं मयूरं
पश्चादद्रिग्रहणगुरुभिर्गर्जितैर्नर्तयेथाः ॥४४॥
आराध्यैनं शरवणभवं देवमुल्लंघिताध्वा
सिद्धद्वन्द्वैर्जलकणभयाद्वीणिभिर्मुक्तमार्गः ।
व्यालम्बेथाः सुरभितनयालम्भजां मानयिष्य–
न्स्रोतोमूर्त्या भुवि परिणतां रन्तिदेवस्य कीर्तिम् ॥४५॥"

–कालिदासविरचित "मेघदूतम्", पूर्वमेघ

हेर्नुहोस्–महाकविकालिदासप्रणीतं "मेघदूतम", पण्डित पुस्तकालय, काशी, २०११, पृ. ४६–४८;

"देवि त्वमेवास्य निदानमास्से
सर्गे जगन्मंगलगानहेतोः।
सत्यं त्वमेवेति विचारयस्व
रत्नाकरे युज्यत एव रत्नम् ॥११॥
अतः श्रृणुष्वावहितेन वृत्तं
वीजं यदग्नौ निहितं मया तत्।
संक्रान्तमन्तस्त्रिदशापगायां
ततोऽवगाहे सति कृत्तिकासु ॥१२॥
गर्भत्वमाप्तं तदमोघमेत–
त्ताभिः शरस्तम्बमधि न्यधायि।
वभूव यत्रायमभूतपूर्वो
महोत्सवोऽशेषचराचरस्य ॥१३॥

–कुमारसम्भवे एकादशः सर्गः।

हेर्नुहोस्–महाकविकालिदासविरचितं "कुमारसम्भवम्", पण्डित पुस्तकालय, काशी, १९५९ ई., पृ. १५९–१६०;

"अमुं पुरः पश्यसि देवदारुम्?
पुत्रीकृतोऽसौ वृषभध्वजेन।
यो हेमकुम्भस्तननिः सृतानाम्
स्कन्दस्य मातुः पयसां रसज्ञः ॥३६॥
कण्डूयमानेन कटं कदाचित्
वन्यद्विपेनोन्मथिता त्वगस्य।
अथैनमद्रेस्तनया शुशोच
सेनान्यमालीढमिवासुरास्त्रैः ॥३७॥

–रघुवंशम्। द्वितीयः सर्गः।

हेर्नुहोस्–महाकविकालिदासविरचितं "रघुवंशम्";

"कार्त्तिकेयो महासेनः शरजन्मा षडाननः ॥४१॥
पार्वतीनन्दनः स्कन्दः सेनानीरग्निभूर्गुहः।
बाहुलेयस्तारकजिद्विशाखः शिखिवाहनः ॥४२॥
षण्मातुरः शक्तिधरः कुमारः क्रौन्चदारणः।"

–अमरकोशः प्रथमकाण्डम्, व्योमवर्गः

हेर्नुहोस्–विद्वद्वरामरसिंहविरचित: "अमरकोष:" नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२६ वि. सं., पृ.. ११

७. हेर्नुहोस्–गोपीनाथरावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतीलाल वनारसीदास, पृ. ४१९

८. हेर्नुहोस्– " " पृ, ४१८–१९ ;
हेर्नुहोस्– आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६८

९. हेर्नुहोस्–हरिनन्दन ठाकुर रचित "नेपाल: देश ग्रौर संस्कृति", विहार राष्ट्रभाषा परिषद, पटना, १९६९ ई., पृ. ७

१०. "नेपाल के ताडपत्न के पुस्तक संग्रह में ई. स. की. ७ वी शताब्दीका लिखा हुग्रा "स्कंदपुराण," कैंब्रिज के संग्रह में हर्ष संवत् २५२ (ई. स. ८५९) का लिखा हुआ "परमेश्वर तन्त्र" ग्रौर नेपाल के संग्रह में नेवार सं. २८(ई.स. ९०६–७) का लिखा हुआ "लंकावतार" नामक पुस्तक है."
हेर्नुहोस्–गौरीशंकर हीराचंद ग्रोझा लिखित "भारतीय प्राचीन लिपिमाला" दूसरा संस्करण, १९७५, पृ. १४३

११. "Unknown to the vedas, he bears in a full-fledged form in the epics, and the Mahabhasya of Patanjali bears testimony to his popularity as a god."
हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी", भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६७

१२. "Some of these names are important in as much as they became independent Cult-objects, as is proved by literary and numismatic data. Thus patanjali gives the interesting information that the Mauryas,in order to replenish their treasury, began to sell images like Siva; Skanda and visakha, the most curious element in this information being that none of these, whose images were sold to the public, were genuine vedic gods."
हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी," भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६८

13. "This is the Sikhi-dhvaja of Karttikeya. The bird is evidently a peacock. On some specimens, we have Skando-komaro (Skando-Kumara), Maaseno (Mahasena), and Bizago (Visakha), conceived as three different deities whose figures

appear on the coins.

A group of two gods, viz. Skando komaro (Skanda-kumara) and Bizaro (visakha), is represented on some coins while others have the group of three, viz., Skanda-Kumara, Visakha and Maachno (Mahasena). These were originally different divinities later identified with karttikeya."

हेर्नुहोस्–डी. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. १६०, १६१ ;

"It appears also as if Skanda and Visakha were treated as different deities unless we are to believe that they were two forms of the same god differently named and worshipped for different purposes. Accidental confirmation of this dissociation of forms comes from the coins of Huvishka, on which the figures of Skanda, Mahasena, Kumara and Visakha, with their names in Greek letters, are to be found. It appears, therefore, that not only Visakha but also Kumara and Mahasena were indepedently conceived and figured, just as many of the vedic gods were worshipped under different names according to their diverse functions."

हेर्नुहोस्:–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी", भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६८

१४. हेर्नुहोस्–टिप्पणी नं. १३

१५. हेर्नुहोस्–हरिराम जोशी: उत्तरप्राचीनकालीन मुद्रा, साझा प्रकाशन, २०३३, पृ. २२८, फलक 'यौधेयगण'

१६. "अष्टप्लोतिसङ्घात्या कृष्णा भिङ्गिसी वर्षवारणमपसारक इति नैपालकम् । १०६ ॥

—कौटिल्य अर्थशास्त्र, २ अधिकरण, ११ अध्याय, २९ प्रकरण

हेर्नुहोस्–हरिराम जोशी लिखित "नेपाली संस्कृति" २०२८ वि. सं., पृ. १५

17. In the Mahabharata, yaudheya appears as the name of a son of yudhishthira, and it is not improbable that the yaudheya people claimed descent from the Pandava king. They are mentioned in Panini's Ashtadhyayi and are often classed with the Trigarttas and other peoples amongst the ayudha- Jivi kshatriyas."

हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी,"

भारतीय विद्या भवन, १९५३ ई., पृ. १६५

18. "The ruling clan of the Lichchhavis was firmly established during the days of Mahavira and Gautama Buddha, and the latter gave eloquent expression to his great admiration for their unity, strength, noble bearing and republican Constitution."

हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी", भारतीय विद्या भवन., १९५३ ई., पृ. ७

१९. "यौधेय मुद्राहरू अनुरूप उत्तरप्राचीनकालीन नेपालका मुद्राहरू गोलाकार हुनुका अतिरिक्त त्यसको चारैतिर विन्दुयुक्त घेरा छन् । अनुमानित द्वितीय, तृतीय शताव्दी ई. का यौधेय गणको एक प्रकारको मुद्राको पृष्ठभागको कार्तिकेयकी पत्नी देवसेना (?) को आकृतिमा पनि मानाङ्क भोगिनी मुद्राको कमलासनमा अवस्थित लक्ष्मी मूर्तिको अनुरूप एक हात कम्मरमा अड्याई दोस्रो हात केही उठाइएको अंकित छ ।

२०. हेर्नुहोस्–डी. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. २९६

२१. हेर्नुहोस्– " " पृ. २८६

२२. हेर्नुहोस्– " " पृ. ३२७, ४७७

२३. हेर्नुहोस्–"संस्कृत-सन्देश" मासिक पत्रम् प्रथमे वर्षे १ प्रथमोङ्क १

२४. हेर्नुहोस्–हरिराम जोशी : नेपालको प्राचीन अभिलेख, ने. रा. प्र. प्र., २०३०, पृ. ५९०–५९३

२५. हेर्नुहोस्–हरिराम जोशी : मध्यकालीन अभिलेख, अभिलेख नं. २३ (पुरातत्व विभागबाट प्रकाशित प्राचीन नेपाल, संख्या ५३–५६, पृ २३)

२६. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी," भोल २ पार्ट २, मोतीलाल बनारसीदास

२७. " " "
प्लेट CXXIX र प्लेट CXXVIII a

२८. हेर्नुहोस्– " " "
प्लेट CXXV

२९. हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा सम्पादित "द क्लासिकल एज," भारतीय विद्या भवन, १९६२ ई., प्लेट XX फिगर ४४

३०. हेर्नुहोस्–सी. शिवराम मूर्तिद्वारा लिखित "इण्डियन स्कल्पचर", एलाइड पब्लिशर्स, १९६१ ई., प्लेट नं. २०

31. "At sankhu itself there is yet another unfinished specimen following closely upon the one described without any attendant figuresa bove or below,but with Kumara astride the bull on the right and a two handed female attendants plying the fly whisk."
हेर्नुहोस्–पुरातत्व विभागवाट प्रकाशित "प्राचीन नेपाल," आश्विन २०२४, पृ. २६

३२. हेर्नुहोस्–पुरातत्व विभागवाट प्रकाशित "प्राचीन नेपाल" माघ २०२४, प्लेट VII

३३. हेर्नुहोस्–पुरातत्व विभागवाट प्रकाशित "प्राचीन नेपाल" आश्विन २०२४, पृ. २७,२८

३४. हेर्नुहोस्–ललितपुर सुन्धारामा पाटीभित्र प्रतिष्ठापित कार्तिकेयको मूर्ति

३५. हेर्नुहोस्–डा. मंगलदेव शास्त्रीद्वारा लिखित "भारतीय संस्कृतिका विकास" औपनिषदधारा, भारतीय विद्या प्रकाशन, वाराणसी, १९६६ ई., पृ. २८४

३६. "छान्दोग्योपनिषदको सप्तम अध्यायमा ब्रह्माका छोरा सनत्कुमारले नारदलाई ब्रह्मोपासनाको उपदेश दिएको छ। यसै तथ्यलाई लिई श्री पाउल ट्रायसन तथा श्री ए. बी. कीथले सनत्कुमारलाई युद्ध देवताको रूपमा "द फिलासाफी अव द उपनिषद्स", पृ. १८ श्रो द "रेलिजन एण्ड फिलासाफी अव द वेदज एण्ड उपनिषद्स", पृ. ४९३ ग्रन्थहरूमा वर्णन गरेका छन्। स्पष्टतया उहाँहरूको यहांनिर सनत्कुमार, कुमार कार्तिकेय नाम सामन्जस्यताको कारण भ्रम भएको हुन सम्भव छ।"
हेर्नुहोस्–डा. मंगलदेव शास्त्री लिखित "भारतीय संस्कृतिका विकास" औपनिषदधारा, भारतीय विद्या प्रकाशन, वाराणसी, १९६६ ई., पृ. १४९;
हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई.,पृ. ४६८

३७. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतीलाल बनारसीदास, पृ. ४१६

३८. हेर्नुहोस्–संस्कृत सन्देशः मासिक पत्रम्, प्रथमे वर्षे। प्रथमोऽङ्कः।

३९. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतीलाल बनारसीदास, पृ. ४३०–३१

४०. हेर्नुहोस्– " " पृ. ४३१

४१. हेर्नुहोस्– " " पृ. ४३१

४२. हेर्नुहोस्– " " पृ. ४२०,४३१

४३. हेर्नुहोस्– " " पृ. ४३२

४४. हेर्नुहोस्–महाकविकालिदासप्रणीतं "कुमारसम्भवम्" १३,५०,१८.५०

४५. "गौरी पद्मा शची मेधा सावित्री विजया जया ।
देवसेना स्वधा स्वाहा मातरो लोकमातरः
शान्तिः पुष्टिर्धृतिस्तुष्टिः कुलदेवात्मदेवताः"
हेर्नुहोस्–वी. एस. एप्टे कृत "संस्कृत इङ्गलिश डिक्शनरी" मोतीलाल वनारसीदास, १९६८ ई., पृ. ५७०

He

He that

eating

he said to me

are foolish

he ~~said~~ told me

I ~~am~~ was foolish.

said I are

teacher?

He asked me if I

teacher

मुद्रक:– साझा प्रकाशनको छापाखाना पुलचोक, ललितपुर ।
फोन नं. २१०२३, २१११८